# संघीय संसद

# राष्ट्रिय सभा

# पन्ध्रौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

# १७ फागुन २०८०

# बिहीवार

# बैठक सङ्ख्या- ८

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको ११:०१ बजे प्रारम्भ भयो ।

(११:०४ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कारबाही प्रारम्भ हुन्छ।

(माननीय सदस्यहरू, मोबाइल बजिरहेको छ, बन्द गर्नुस्। भन्नुपर्ने विषय नै होइन धेरैपटक दोहोऱ्याउनु परिरहेको छ। मोबाइल बन्द गर्नु, स्विच अफ गरेर बस्नुहोला) ।

माननीय सदस्यहरू, शून्य समयमा बोल्नका लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको छ। म माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउँछु। शून्य समयमा बोल्नका लागि प्रत्येक माननीय सदस्यहरूलाई एक एक मिनेटको समय निर्धारण गरेको छु। माननीय जग प्रसाद शर्मा।

(११:०५ बजे) **माननीय श्री जग प्रसाद शर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, माननीय सदस्यहरू, आजको शून्य समयमा म यो देशको समृद्धि र विकाससँग जोडिएका दुई ठुला समस्याहरू उठाउन चाहन्छु। एउटा यो देशमा राजस्व सङ्कलन

नहुने र दोस्रो विनियोजित विकासका निम्ति छुट्याइएको विनियोजन बजेट जो छ त्यो बजेट खर्च नहुने। यी दुई ठुला गम्भीर समस्याका कारण देश आक्रान्त छ। त्यसकारण यो समस्याको मुख्य चुरो कुरा के हो के कारणले यो हुन सकिराखेको छैन सम्माननीय अध्यक्षमार्फत म सरकारको ध्यान आकर्षण गराउन चाहन्छु। र यसको सत्य तथ्य सदनमा जानकारी गराउन अनुरोध गर्न चाहन्छु।

**सम्माननीय अध्यक्ष**ः- माननीय सदस्य तारामान स्वाँर।

(११:०६ बजे) **माननीय श्री तारामान स्वाँर (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**ः- सम्माननीय अध्यक्ष महोदय, सुदूरपश्चिमको विकास र अर्थतन्त्रको मेरुदण्डको रूपमा रहेका सेती लोकमार्ग र महाकाली लोकमार्ग यथेष्ट बजेटको अभावमा सुस्त गतिमा निर्माण कार्य भइरहेको छ। ढिलासुस्ती भइरहेको छ, यसतर्फ म सरकारको ध्यानाकर्षण गराउनुको साथै आगामी आर्थिक वर्षमा यथेष्ट बजेट उपलब्ध गराई उक्त योजनाहरू सेती लोकमार्ग र महाकाली लोकमार्गलाई सम्पन्न गर्न सरकारको ध्यानाकर्षण गर्न चाहन्छु। धन्यवाद।

**सम्माननीय अध्यक्ष**ः- माननीय सदस्य तुलसा कुमारी दाहाल।

(११:०६ बजे) **माननीय श्री तुलसा कुमारी दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**ः- सम्माननीय अध्यक्ष महोदय जलस्रोतको धनी देश भएर के गर्नु जनताले शुद्ध खानेपानी पाउँदैनन्। मधेसका जनताहरू आर्सेनिकयुक्त पानी खान बाध्य छन्। महेन्द्र राजमार्ग आसपासमा राज्यको लगानीबाट ६० भन्दा बढी चाहिँ पानी ट्याङ्कीहरू बनेका छन् तर कति वर्षे योजना थाहा छैन। एकातर्फ सरकारको, राज्यको लगानी खेर गइरहेका छन् अर्कोतिर जनताले खानेपानी पाइरहेका छैनन्। यो आधा अधुरो योजना कहिलेसम्म रहिरहने हो? सरकारले यसतर्फ सोचोस् भन्ने आग्रह गर्न चाहन्छु। चुरेको संरक्षण गर्नु पनि त्यतिकै आवश्यक छ। जलाशयलाई व्यवस्थित गर्न आवश्यक छ तर त्यो सरकारले गर्न सकिरहेको छैन। अन्नभण्डारको क्षेत्र रहेको मधेस प्रदेशमा चाहिँ सुख्खा हुँदै गइरहेको छ। पानीका तहहरू सुकिरहेको छ यसतर्फ सरकारको ज्यान ध्यान जान सकिरहेको छैन। यो चुरेको दोहन रोक्न र ठेक्कापट्टा रोक्न अति नै आवश्यक छ। स्थानीय तहले पनि यसलाई ठेक्कापट्टा लगाउने काम गरेको छ। यसलाई नियमन गर्न आवश्यक छ सरकारको यसतर्फ ध्यान जाओस् भन्न चाहन्छु। र सरकारले रोक्नको लागि पहल

गर्न सक्छ तर योजना नै बनाउन सकिरहेको छैन। आम्दानीको पनि स्रोत हुन सक्छ। यसतर्फ सरकारको ध्यान जान चाहिँ आवश्यक छ। धन्यवाद।

**सम्माननीय अध्यक्ष**ः- माननीय सदस्य भगवती न्यौपाने।

(११:०७ बजे) **माननीय श्री भगवती न्यौपाने (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**ः- सम्माननीय अध्यक्षज्यू, नेपाली साहित्य आकाशका चम्किला नक्षत्र साहित्यका मूर्द्धन्य व्यक्तित्व भाषिक एकताको प्रतीक आदिकवि भानुभक्त आचार्य जन्मिएको ठाउँ तनहुको चुँदी रम्घा हो भन्ने सबैलाई थाहा छ। उक्त ठाउँलाई साहित्यिक पर्यटकीय स्थलको रूपमा विकास गरेर आन्तरिक र बाह्य धेरै पर्यटकहरूको आगमन हुने वातावरण बनाउन सकिन्थ्यो। तर सरकारको त्यसमा ध्यान गइरहेको छैन। जुन ठाउँमा भानुभक्त आचार्यको जन्म भयो त्यही ठाउँ आज ओझेलमा छ। त्यसकारण भानुभक्तको जन्मभूमिमा व्यवस्थित संरचना निर्माण गरेर आकर्षक पर्यटकीय केन्द्रको रूपमा विकास गर्न म सरकारको ध्यानाकर्षण गराउन चाहन्छु। साथै आदिकवि भानुभक्त आचार्य जस्तो राष्ट्रिय विभूतिको नाममा रहेको भानु जन्मस्थल विकास केन्द्र, भानु जन्मस्थल विकास समितिलाई स्थानीय तहको मातहतमा सञ्चालन गर्ने हालै सरकारले गरेको निर्णयलाई सच्याई संघकै मातहतमा राख्न म जोडदार माग गर्न चाहन्छु। धन्यवाद।

**सम्माननीय अध्यक्ष**ः- माननीय सदस्य बिमला घिमिरे।

(११:०८ बजे) **माननीय श्री बिमला घिमिरे (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**ः- सम्माननीय अध्यक्षज्यू, धेरै दिनदेखि काठमाडौंमा आन्दोलन गर्दै आइरहेका मिटर ब्याज पीडितहरू आन्दोलन गर्दै गर्दा सरकारले कुनै कुराहरू नसुनिसकेपछि यही १४ गते संसद भवन भित्रै, प्राङ्गणभित्रै छिरेर आन्दोलन गर्न बाध्य भए र यहाँ छिर्नु एउटा आफैमा संवेदनशील विषय थियो भने अर्को संवेदनशील विषय उनीहरूलाई पक्राउ गरेर अहिलेसम्म पनि छोडिएको छैन। उनीहरूको माग भनेको निःसर्त रूपमा उहाँहरूलाई रिहा गरिनुपर्छ भन्ने पनि एउटा पहिलो माग छ भने त्यसपछाडि यसका मिटर ब्याज पीडितहरूको आफ्नै वार्ता गर्न उनीहरू तयार छन्। यो सरकारले समयमा सम्बोधन नगर्दा भोलि अरू पनि थप दुर्घटनाहरू हुन सक्छन्। यो विषयमा समयमै सरकारले ध्यान दिएर वार्ता अगाडि बढाओस् भन्ने आग्रह गर्न चाहन्छु। साथै अन्य पीडितहरूले पनि अन्य विभिन्न हिसाबका पीडितहरूले पनि आन्दोलनबाट जुन एउटा विभिन्न

खालका क्षतिहरू भएका छन्, मान्छेको मृत्यु समेत भएको छ, समयमै यस्ता खालका कुराहरूलाई सरकारले ध्यान (.....समय सकिएको)।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्य सुमित्रा बि.सी.

(११:०९ बजे) **माननीय श्री सुमित्रा बि.सी. (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय यो पाँच महिना पुगिसक्दा पनि जाजरकोटका भूकम्प पीडितहरूअहिले पनि पालमुनि बस्न बाध्य छन्। र एउटा सानो कार्यविधिको कारणले राहत दिने र सरकारले दिने सहुलियतमा पनि ढिलासुस्ती भइरहेको छ। र त्यहाँका जनताहरूको वास्तविक समस्या बुझेर सरकारले छिटोभन्दा छिटो घरटहरा, अस्थायी टहरा मात्रै होइन कि थाई रूपले त्यहाँका जनताले सुविधा पाउने गरी व्यवस्था गरियोस् म सरकारलाई अध्यक्ष महोदयमार्फत सरकारको ध्यान आकर्षण गर्न चाहन्छु। र देशभरि पुलिसमा कार्यरत महिलाहरूले पनि ज्यान गुमाउनु परिरहेको छ र स्कुलमा जाँदै गरेका बालिकाहरू पनि अपहरण भएर बलात्कृत भएका छन्। र यो सम्पूर्ण हत्या, हिंसा (.....समय सकिएको)।

(११:११ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू शून्य समयमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीँ समाप्त हुन्छ।

माननीय सदस्यहरू, आजको कार्यसूचीको क्रम हेरफेर गरिएको बेहोरा जानकारी गराउँछु।

माननीय सदस्यहरू, संवैधानिक व्यवस्थाबमोजिम ६ बर्ष पदावधि पूरा गरी माननीय सदस्यहरू २०८० फागुन २० गतेदेखि बिदाई हुँदै हुनुहुन्छ। सभामा आफ्नो कार्यकाल पूरा गर्न लाग्नु भएका माननीय सदस्यहरूले ६ वर्षको कार्य अवधिमा सभा तथा समितिमा रही संसदीय अभ्यासका क्रममा प्राप्त गर्नुभएका अनुभव लगायतका समसामयिक विषयमा बोल्नका लागि समय माग गर्नुभएको छ। माननीय सदस्यहरूका अनुभव आगामी दिनमा उपयोगी समेत हुन सक्ने हुँदा माननीय सदस्यहरूलाई आफ्ना अनुभव प्रस्तुत गर्न समय उपलब्ध गराउँछु। यसका लागि प्रत्येक माननीय सदस्यलाई १० मिनेटको समय निर्धारण गरेको छ। माननीय सदस्य ईन्दु कडरीया। यसपछि माननीय सदस्य कुमार दसौदी।

(११:१२ बजे) **मानननीय श्री ईन्दु कडरिया (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्मानननीय अध्यक्ष महोदय, आज म यस सम्मानित सभामा आफ्नो ६ वर्षे सदस्य संसदीय कार्यकालको अन्तिम सम्बोधनको क्रममा छु। लमजुङको एउटा निम्नवर्ग, निम्न मध्यमवर्गीय कृषक परिवारमा जन्मेर सुदूरपश्चिमको कञ्चनपुर कर्मघरसँगै नेकपा एमालेको कार्यकर्ताको रूपमा मेरो झन्डै ४० वर्षीय राजनीतिक यात्रामा मलाई मेरो पार्टीले ६ वर्ष अघि सुदूरपश्चिम प्रदेशबाट खुला महिलातर्फ राष्ट्रिय सभा उम्मेदवार बनायो। संसदीय प्रक्रियामा विजय प्राप्त गरी राष्ट्रिय सभाको सांसद हुने अवसर प्राप्त गरें। यो अवसरको लागि म मेरो पार्टी नेकपा एमालेका अध्यक्ष कमरेड केपी शर्मा ओली एवं सिङ्गो पार्टी नेकपा एमालेप्रति हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु। मलाई राजनीतिमा लागेर सांसद हुने महत्वकाङ्क्षा त थियो तर एकपटक पनि संसद भवन छिरेको अनुभव थिएन। संसद संविधान अधीनस्थ रहेर आवश्यक कानुन तथा नीति निर्माणको माध्यमद्वारा मुलुकलाई नेतृत्व गर्ने महत्त्वपूर्ण थलो हो भन्ने मात्र थाहा थियो। भुइँ मान्छेका आवाज सरकारसम्म पुर्‍याउने ठाउँ हो भन्ने थाहा थियो। तर संसदमा कसरी बोल्ने, कसरी संसदमा प्रस्तुत हुने मनमा अलि अलि डर र कौतुहल सँगै पहिलो दिन संसद भवन छिरियो र सपथ ग्रहण गरियो, लोगो लगाइयो। संसदीय अभ्यासबारे संसद सचिवालय र पार्टीद्वारा प्रशिक्षण लियो। अनुभवी सांसदसँग सोधपुछ गरियो संसदमा बोल्न शून्य समय र विशेष समय हुन्छ भन्ने जानकारी थियो। जब बोल्नका लागि मलाई शुरूमा पाँच मिनेटको समय उपलब्ध भयो। लामो समय सुदूरपश्चिमका स्थानीय जनतासँग जोडिएर राजनीति गरेकोले जनताले आफ्ना मुद्दा उठाइदिन अनुरोध गरें। पहिलो सम्बोधनमै कञ्चनपुर दक्षिणी सिमानामा हात्ती आतङ्क, डुबान सीमाका समस्या, दुई देशबीच जनतामा आवत जावत परेको सास्ती, महङ्गी जस्ता विषयमा बोलियो।

यसरी राष्ट्रिय मुद्दा, जनसरोकारका मुद्दा उठाउँदा जनताको प्रशंसाले आफूमा सकारात्मक ऊर्जा मिल्यो। बोल्न थप हौसला प्राप्त भयो तर संसदमा बोल्ने अवसर चाहिँ निकै कम पाइने रहेछ। एउटा पार्टीबाट सबै सांसदलाई बोल्न समय छुट्याउँदा एउटा अधिवेशन सकिंदासम्म मुस्किलले तीन, चार पटक बोल्ने मौका पाइने रहेछ। सदनमा जाँदै गर्दा मेरो अपेक्षा एकदमै ठुलो थियो। मलाई लाग्थ्यो हाउसमा बोलिसकेपछि त्यो कार्यान्वयनमा आउँछ तर यथार्थ अर्कै रहेछ। संसद सचिवालयले रेकर्ड राख्ने, वेबसाइटमा भिडियो राख्ने, मिडियामा तुरुन्त आउने तर सुनेर कार्यान्वयन गर्ने निकाय सरकारले सुनेको नसुने केही पत्तो नहुने। शून्य समयमा, शून्य समय, विशेष समयमा जुन जुन विषय उठाएँ, त्यसमा जनताबाट राम्रै प्रतिक्रिया आए तर उठान भएका विषय सम्बोधन नहुँदा र सम्बन्धित निकायले ध्यान नदिँदा चाहिँ दुःख लाग्यो। सुरुसुरुमा,

सुरुसुरुका वर्षहरूमा हाम्रो यो विषय पनि बोलिदिनु भन्दै फोन गर्ने जनता धेरै हुन्थे, आज भोलि फोन अलि आउन छोडेको छ। सांसदहरूले कानुन तथा नीति निर्माणको नियमित अध्ययन गर्ने, विश्लेषण गर्ने, तिनको आवश्यक परिमार्जन र आवश्यक परेमा नयाँ कानुनको निर्माणका लागि पहल गर्ने कार्यको अपेक्षा गरिन्छ। मूलतः गुणात्मक कानुनको सुनिश्चितताका निम्ति भूमिका निर्वाह गर्नु सांसदको महत्वपूर्ण कार्य हो। विभेदकारी र संविधानसित बाझिएका ऐन, कानुन संशोधन गर्ने दायित्व पनि संसदकै हो। विभेदकारी कानुनले समाजमा सकारात्मक परिणाम दिने कुराको अपेक्षा गर्न सकिँदैन। यसका अतिरिक्त प्रत्यायोजित अधिकार अन्तर्गत सरकारले बनाएका तथा नियम तथा नियमावलीहरू संविधान तथा ऐनसम्मत हुनुपर्छ। यो जो सो विषयलाई सुनिश्चित गर्ने कार्यमा पनि सांसदको भूमिका प्रभावकारी हुन्छ। यी विषयमा मैले मेरो ६ वर्षीय कार्यकालमा आफुले सक्दो भूमिका खेलैं भन्ने लाग्छ।

सम्माननीय अध्यक्ष महोदय, संसद सचिवालयले प्रशिक्षण दिँदा संसदको बैठकमा चाहिँ बोल्ने हो तर काम गर्ने चाहिँ समिति हो भनेर भनिएको थियो। राष्ट्रिय सभाका सम्पूर्ण सदस्यहरू बीच चारवटा समितिमा जिम्मेवारी विभाजन गर्दा म राष्ट्रिय सरोकार तथा समन्वय समितिमा परे। राष्ट्रिय सभाबाट समिति बनेपछि समिति सदस्यहरू मध्येबाट एक जना सभापति निर्वाचित गर्ने नियमावलीको प्रावधान अनुसार माननीय दिलकुमारी थापा रावल सभापति चुनिनुभयो र जिम्मेवारी अनुसार कार्यक्रमहरू अघि बढ्दै गए। नेपालको संविधानले संविधानभित्र विषयगत समितिहरू मार्फत सरकार र सरकारका विभिन्न निकायहरू तथा संवैधानिक निकायका क्रियाकलापहरूको अनुगमन तथा मूल्यांकनमार्फत लोकतान्त्रिक शासन प्रणालीको सिद्धान्तका आधारमा सम्पूर्ण संवैधानिक अङ्गहरूलाई विधायिका मार्फत नागरिकप्रति उत्तरदायी बनाउने जिम्मेवारी पनि संसदलाई दिएको छ।अतः संसदको उक्त भूमिकालाई प्रभावकारी बनाउन विभिन्न निकायहरूले संविधान तथा कानुनले निर्धारण गरे बमोजिम अधिकारको प्रयोग गरी गरेका छन् कि छैनन्, अधिकारको दुरूपयोग गरेका छन् कि, अधिकारको प्रयोग उचित एवं प्रभावकारी रूपले गरेका छन् कि छैनन् तथा देशमा कानुनको शासन सुनिश्चित भएको छ कि छैन भन्ने कुरो यकिन गरी कानुनको शासनलाई प्रभावकारी बनाउन संसदीय अनुगमन निर्देशन गर्ने महत्वपूर्ण काम हुन्। तहगत राज्य संरचनाको विकासमा समन्वय राष्ट्रिय सम्पदा, मानव अधिकार तथा परराष्ट्र सम्बन्ध सन्धि सम्झौताको, कार्यान्वयनको अवस्था, राष्ट्रिय गौरवका आयोजना, पिछडिएको क्षेत्र समुदाय संस्कृति, राष्ट्रिय सुरक्षा र संवैधानिक आयोगसम्बन्धी विषयमा म रहेको समिति यसका क्षेत्राधिकारभित्र रहेका थिए। यी कार्यभार पूरा गर्न समितिका सभापति माननीय दिलकुमारी रावल, समितिका सम्पूर्ण सदस्यहरू सक्रियतापूर्वक लागियो। समितिका सबै नियमित बैठक

कार्ययोजनाका निर्माण गर्ने विभिन्न पार्टीमा आबद्ध भएपनि समिति कुनै मतभेद रहेन। मलाई संसदमा जनताका आवाज उठाउनु, गर्नु र सरकारका कार्यान्वयन गर्ने निकायलाई झकझक्याउनु समितिको जिम्मेवारीले थप हौसला प्रदान गर्‍यो।

सम्माननीय अध्यक्ष महोदय, राष्ट्रिय सम्पदा र प्रकृति संरक्षणमा भएको प्रयास एवं राष्ट्रिय जनसरोकारका विषयमा सरकारले गरेका निर्णयहरू, कार्य प्रगतिप्रति सम्बन्धित मन्त्री, निकाय प्रमुखलाई समितिमै बोलाई प्रश्न गर्ने, छलफल गर्ने, छलफल चलाउने, जनतालाई सूचित गर्ने र जनताको आवाज सरकारसम्म पुर्याउने समिति मार्फत मैले ६ वर्ष मेरो अथक प्रयास रह्यो। साथै समितिमा रहेर प्राकृतिक प्रकोप विकास, निर्माण सम्पदा र प्राकृतिक संरक्षणको प्रगति स्थलगत रूपमै पनि निरीक्षण गर्दै जनतालाई सेवा पुर्याउने र सरकारलाई ध्यानाकर्षण गराउने मेरो प्रयास रह्यो। राष्ट्रिय गौरवका आयोजनाहरूको प्रगतिको अनुगमन, निरीक्षण पनि म रहेको राष्ट्रिय सरोकार तथा समन्वय समितिको क्षेत्राधिकार भित्र रहेकाले राष्ट्रिय गौरवका आयोजनाको प्रगति कस्तो छ भनेर मैले मेलम्ची खानेपानी आयोजना, निजगढ विमानस्थल, भैरहवा पोखरा अन्तर्राष्ट्रिय विमानस्थल, राजधानी काठमाडौं, मधेस जोड्ने फास्ट ट्र्याक, भेरीबबइ डाइभर्सन, सुनकोशी मरिन डाइभर्सन, राष्ट्रपति चुरे त्यसैगरी कर्णाली करिडोर अन्तर्गतको हुम्लाको हिल्सादेखि सगरमाथा राष्ट्रिय निकुञ्जमा रहेको सोलुखुम्बुसम्म आयोजनाहरूको स्थलगत अध्ययन, अनुगमन अन्तरक्रिया र सदनमा प्रतिवेदन समेत बुझाइयो। जुन कामले सरकारको ध्यानाकर्षण गरायो। यो समितिमा सभापति दिलकुमारी रावलको सक्रियता र सरकारी निकायको निकायसंगको समन्वय र जाँदाजाँदै हिजो मात्रै समितिमा प्रधानमन्त्री उपस्थित गराई सरकारको गम्भीर ध्यानाकर्षण गराउनुको पनि यो समितिको सफलता हो।

सम्माननीय अध्यक्ष महोदय, एउटा सांसदप्रति जनता असीमित अपेक्षा, जनताका दैनिकीसँग जोडिएका समस्या संसदमा उठाउन गर्नुपर्ने दायित्वलाई मैले आफ्नो क्षमताले भ्याएसम्म प्रयास गरें, साथै नीति निर्माणमा सहभागी हुँदा विविध विषयमा ज्ञानको अभाव हुने रहेछ। कतिपय विधेयक प्रस्तुत हुँदा कुहिरोको काग जस्तो भइने रहेछ, अर्कोतिर पार्टीको निर्देशन पालना गर्नु परेर बाध्यता आफ्नो पार्टी सरकारमा हुँदा र विपक्षमा हुँदा संसदमा बोल्ने अवस्था फरक हुँदा अप्ठ्यारो महसुस हुने जस्ता विविध अनुभव एउटा सांसदको रूपमा मैले अनुभूति गर्ने अवसर पाएँ। संसदमा उठेका सरकारसँग जोडिएका विषयहरू कार्यान्वयन हुनको लागि शक्तिशाली संसदीय प्रणाली र संरचना हुनुपर्दछ। तथापि सरकारमा भएका पार्टीहरूको खिचातानीले जुनसुकै बेला सदन बन्द गरिदिने र अध्यादेशबाट ऐन ल्याउने, सांसदको भूमिका

खुम्च्याउने जस्ता गैर संसदीय अभ्यास पनि अनुभव गरियो। आगामी दिनमा यस्ता गैर संसदीय अभ्यास नहोस् भनी म नेपालका राजनीतिक दलहरूलाई अनुरोध पनि गर्न चाहन्छु।

सम्माननीय अध्यक्ष महोदय, अन्त्यमा यो सभाबाट अबका दिनमा छुट्टिनुपर्दा केही अप्ठ्यारो पनि महसुस भएको छ। तथापि मेरो यो ६ वर्षे संसदीय भूमिका, जिम्मेवारी दिने मेरो पार्टी नेकपा एमालेका अध्यक्षलगायत नेतृत्व एवं सहकर्मी साथीहरू, संसद सचिवालय, मलाई विविध सुझाव र अभिभावकत्व प्रदान गर्नुहुने राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष, गणेशप्रसाद तिमल्सिनाज्यू, म रहेको समिति राष्ट्रिय सरोकार तथा समन्वय समितिका सभापति माननीय दिलकुमारी थापा पार्वतीज्यू, सचेतकज्यूहरू, मेरो परिवारलगायत मलाई जसले सहयोग गर्नुभयो उहाँहरूप्रति हार्दिक आभार कृतज्ञता व्यक्त गर्दै आफ्नो भनाइ अन्त्य गर्छु। धन्यवाद।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्य कुमार दसौदी। यसपछि माननीय सदस्य खिमलाल देवकोटा।

(११:२२ बजे) **<u>माननीय श्री कुमार दसौदी (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्ष महोदय, अब करीव करीव यो संसदमा हाम्रो सम्बोधन अन्तिम नै हुनेछ। मैले एउटा यो एक वर्षमा अनुभूति गरेको कुरा के भने हामी प्रत्यक्ष जनताबाट निर्वाचित नभएपनि निर्वाचित जनताबाट निर्वाचित सांसदहरू भएको थलो हो यो। त्यसकारण यहाँ उठ्ने र उठाउने कुराहरू खाली उठाउनको लागि नभएर देश र जनताका लागि आफ्नो केही योगदान रहोस् भनेर उठाइएको हुन्छ। त्यसकारण कुनै पनि माननीय सदस्यले यहाँ उठेका कुराहरू सरकारले गम्भीरतापूर्वक लिने र त्यसलाई के कति कार्यान्वयन गर्न सकिन्छ र के कति प्राथमिकतामा अगाडि बढ्न सकिन्छ त्यो कुरामा भोलिका दिनमा ध्यान जान सक्यो, गर्न सक्यो भने जनप्रतिनिधिहरूले उठाएको कुरा सार्थकता हुनेछ। र संसदको गरिमा पनि बढ्नेछ। यो कुरा म गम्भीर ढङ्गले सरकारको ध्यानाकर्षण गरउन चाहन्छु र सबै राजनीतिक दलको ध्यानाकर्षण गराउन चाहन्छु।

सम्माननीय अध्यक्षज्यू, मैले खास गरीकिन यो १० मिनेटको समयमा मैले अब अहिलेसम्म उठाउन नसकेको केही आफ्ना प्रदेशका जिल्लाहरूको कुरा उठाउन चाहन्छु। मेरो जिल्ला एउटा द्वन्दग्रस्तको मुख्य थलो हो, मुख्य जिल्ला हो। त्यसकारण द्वन्दले निकै प्रभावित पारेको छ। अहिले पनि धेरै मान्छेहरू द्वन्दका कारणले आर्थिक रूपमा क्षेतविक्षेत छन्। धेरै मान्छेहरू डिप्रेसनमा जाने अब त्यस्तै अवस्थाबाट विदेश जाने। अब रुसी सेनामा भर्ना हुन जाने

भनेको त्यो सिधै म मर्न जाने भनेर मान्छे गएका छन्। त्यसकारण यो विक्षेत अवस्थालाई त्यसको सोध भर्ना गर्नका निम्ति कम्तिमा चाहिँ meditation अथवा उपचार काउन्सिलङ्ग यस्तो खालको चाहिँ गरेर मान्छेहरू विदेश जाने, उनीहरूलाई कम्तिमा आफ्नो चाहिँ प्राविधिक ज्ञान हासिल गरेर जाने कुरा भयो भने उनीहरूको ज्यानको सुरक्षा पनि हुने धेरै समय पनि हुन्थ्यो यो कुरामा म सरकारमा ध्यानाकर्षण गराउन चाहन्छु। त्यस्तै गरी जिल्ला अस्पतालको भौतिक पूर्वाधार सम्पन्न भइसकेको छ तर विशेषज्ञ सेवा सुरु हुन सक्या छैन। त्यसको लागि म सरकारको ध्यानाकर्षण गराउन चाहन्छु। त्यस्तै गरी शैक्षिक सन्दर्भमा हाम्रो जिल्ला निकै गिर्दो अवस्थामा छ। अघिल्लो यो वर्षमा हाम्रो जम्माजम्मी राम्रो अङ्क ल्याएर पास भएको त्यो रोल्पा जिल्लामा जम्मा दुईजना मात्रै विद्यार्थी छन्। त्यसकारण शिक्षाका लागि पर्याप्त बजेटको व्यवस्था होस्। शिक्षकको दरबन्दी होस्, जसले शिक्षा बिना मान्छे आजको युगमा बाँच्न सक्दैन त्यो कुरामा सरकारको ध्यानाकर्षण गराउन चाहन्छु। साथसाथै करिब दुई दशकदेखि सहिद मार्गको चाहिँ सुरुवात भएको तर अहिलेसम्म त्यो मार्ग सम्पन्न हुन सक्या छैन। रुकुम जिल्ला, पूर्वी रुकुम जिल्ला र रोल्पा जिल्ला दुइटै जिल्लाको एउटा प्रदेश केन्द्रसँग जोडिने मार्ग पनि हो त्यो। त्यसकारण त्यो अहिले सम्म बन्न सक्या छैन, त्यसलाई चाहिँ यथाशीघ्र सम्पन्न गर्न म सरकारको ध्यानाकर्षण गराउन चाहन्छु।

त्यस्तै गरी दाङको संस्कृत विश्वविद्यालय, लुम्विनीको बौद्ध विश्वविद्यालयको शैक्षिक गुणस्तरका लागि र भौतिक पूर्वाधारका लागि सरकारले पर्याप्त बजेटको व्यवस्था गरोस्। त्यस्तै गरी लुम्बिनी प्रदेशभित्रमा खास गरी बाँके, बर्दिया, दाङ, कपिलवस्तु लगायतका जिल्लाहरूमा गुठीको असाध्यै समस्या छ। किसानहरू निकै मर्कामा छन्। त्यसकारण त्यसको निदान दिन जरुरी सधैंभरि न मसँग जग्गा छ न मसँग चाहिँ मतलब कुनै पूर्जा छ केही छैन भन्ने खालको जनता जुन त्रासले बाँचिरहेको छ। त्यसकारण यो संविधानमा हामीले जे व्यवस्था गरेका छौं, त्यो अनुसार कानुन बनाएर त्यो किसानलाई जग्गा दिने कुरा त्यो गुठीको समस्या समाधान गर्ने कुरामा सरकारको छिटो भन्दा छिटो ध्यानजाओस र त्यो कानुन निर्माण होस् भन्ने कुरा माग गर्न चाहन्छु। त्यस्तै गरी अहिलेसम्म हामी आठ वर्ष हुँदासम्म पनि संघीयतालाई पूर्णरूपमा कार्यान्वयनमा जानसकेका छैनौं। कतिपय प्रदेशका कानुनहरू बनाइदिन संघले बाँकी छ, स्थानीय तहको बाँकी छ। ती कानुनहरू बनाएर पूर्णरूपमा प्रदेश र स्थानीय तह पनि सक्षम छन् अर्थात् स्वतन्त्र छन् र आफ्नो जे काम गर्न माथि संघले कुनै पनि अवरोध गरेको छैन भन्ने कुरालाई ग्यारेन्टी गर्नका लागि त्यो कानुन बनाइदिनको लागि सरकारको गम्भीर ध्यानकर्षण गराउन चाहन्छु। र त्यस्तै गरेर दाङ जिल्लामा, खास गरी दाङ जिल्ला लुम्बिनी प्रदेशको

राजधानीको केन्द्र हो। त्यसकारण दाङ जिल्लामा अहिलेसम्म  अहिले यो समयमा पनि बारह, तेरह सिटे जहाज बाहेक अर्को चाहिँ प्लेन छैन। त्यहाँ चाहि ७२ सिटे  मिडियम खालको चाहिँ एउटा हवाई एयरपोर्ट निर्माणका लागि म सरकारको गम्भीर ध्यानाकर्षण गराउन चाहन्छु। (**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्य, आफ्ना अनुभवलाई केन्द्रित गर्दा राम्रो होला) मैले यी कुराहरू चाहि मतलव यहाँ मैले किन राखे भने अब छुटेका विगतमा बोल्न नभ्याएका कुराहरू यहाँ राखेर कम्तिमा पनि सरकारको त्यसमा ध्यान जाओस् भनेर मैले यी कुराहरू उठाएका हुँ। अब खास गरी मैले चाहिँ आफ्नो अनुभवको सन्दर्भमा मैले भनिहाले। अब एक वर्षमा खासै एउटा के भने मेरो व्यक्तिगत रूपमा सिक्दा सिक्दै धेरै कुरा जान्दा जान्दै ऐन कानुन के छ भनेर छामछामछुमछुम पार्दै जान्छ त्यसमा त सबैलाई त्यहि अनुभुति भएको होला। मेरो पनि व्यस अनुभव त्यही नै हो। तर म एउटा गौरव के गर्छु भनेपछि राष्ट्रिय सरकार समितिमा म संसदीय समितिमा पनि बसेँ। त्यो समिति भनेको साँच्चै मलाई चाहिँ देश पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म, उत्तरदेखि तराईसम्म, हिमालदेखि तराईसम्मको अनुभव सँगाल्ने जुन अवसर पाएँ, त्यसको लागि म समितिलाई धन्यवाद दिन्छु।

मैले के कति काम गरेँ, के कति चाहिँ ठिक गरेकी बेठिक गरेँ, के गरेँ भन्ने कुरा यो सबै मैले चाहिँ माननीय सांसदज्यूहरू सम्माननीय अध्यक्षज्यू र हाम्रो सचिवालय महासचिव, सचिवालय सचिवालयलाई छोड्छु। किनभने मैले के गरे भन्ने कुरा मलाई चाहिँ के  थाहा हुन्छ र अब त्यो चाहिँ भोलि अब जनताले सबैले मूल्याङ्कन गर्ने विषय भो। त्यसकारण मैले मात्रै अघि मैले सुरुमै भनेको हो कि जनप्रतिनिधिले उठाएका बोलेका कुराहरू जसको सरकार त्यो चाहिँ गम्भीरपूर्वक लिनुपर्छ र त्यसलाई कार्यान्वयनमा जानुपर्छ। यो कुरामा चाहिँ तल माथि हुन हुँदैन र यसमा खास गरीकन सरकारको म यो सरकार सञ्चालनको स्थायी सरकार जुन छ, त्यो स्थायी सरकारले पनि त्यो कुरालाई विशेष ध्यान पुर्‍याउनु पर्छ। तर तर हाम्रो यहाँ के छ भने बोल्यो बोलिसकेपछि सक्यो भन्ने कुरा हुन्छ। त्यसकारण मैले अब समय पाएको भए कति गर्नसक्थे बाँकी अब यसै पनि समान्यता ६ वर्षका अनुभव यहाँ हुने गर्छ तर पनि मैले एक वर्ष जे जति गते मलाई चाहिँ म धेरै खुसी छु। कम्तिमा जनताको आज थोरै समय पनि यहाँ बोल्न पाए, राख्न पाए, जिल्लामा मात्रै जनताको बीचमा कार्यकर्ता पनि कार्यकर्ताले झोला बोकेर हिँडेर जे कुरा बोलिन्थ्यो राखिन्थ्यो, त्यो कुरा चाहिँ एउटा जनप्रतिनिधि हिसाबले बोल्न राख्न पाइया थिएन त्यो चाहिँ यहाँ राख्न पाइयो। जसले गर्दाखेरि थोरै समयमा पनि जे जति कुरा उठे  त्यसबाट म एकदम सन्तुष्ट छु र सकेसम्म जनप्रतिनिधि हामीले, हामी चाहिँ जनताका बीचमा उदाहारणीय बन्नुपर्छ भन्ने मेरो मान्यता। मैले अस्ति पनि बोल्दाखेरि अहिले पनि। किनभने हामी हामी

उदाहरणीय बनेनौं भनेपछि अब जनतालाई एउटा सिकाइको विषयवस्तु कहाँ हुने। त्यसकारण कुनै पनि दाग लाग्दाखेरि हामी त्यसबाट तुरुन्तै हामी त्यसबाट चाहि पन्छिनु पर्छ, त्यसबाट चाहिँ सफाई लिने प्रयास गर्नुपर्छ। सफा गर्ने तिर जानुपर्छ। तर दाग लागिरहेको छ तर हामी कुर्सीमा बसिरहन्छ भनेपछि त्यो जनताको चाहिँ सिकाइका पाठका प्रतिनिधि हामी बन्न सक्दैनौं। त्यसले हामीलाई गिजिरहेको हुन्छ। हामी आफैले त भनिरहन्छौ हामी चाहिँ झण्डा हाल्नलाई अथवा के गरौंला हिडौंला, जाउँला, केही मतलव नराखौंला। तर भईंमा बसेर, गाउँमा बसेर चाहिँ खेती किसान गरेर आफ्नो व्यवसाय गरेर बसेको जनताले हामीलाई हेरिरहेको छ, उसले गिज्याइरहेको छ मलाई। त्यसकारण मैले मेरो विषयमा प्रश्न उठ्छ भने मैले चाहिँ त्यो जनताको कुरा सुन्नुपर्छ। त्यसले मलाई गिज्याइरहेको छ। त्यस प्रति उत्तरदायी हुनका निम्ति म कम्तिमा पनि त्यसबाट जोगिनु पर्छ भन्ने कुरालाई ध्यानमा राख्नुपर्छ। जनप्रतिनिधि भनेको हामी हिजो जस्तो टप्प चाहिँ छोरो राजा भएजस्तो यो व्यवस्था होइन। हामी जनताबाट निर्वाचित हुने जनप्रतिनिधि हामी जनताको बीचमा छौं, जनताका बीचमा काम गरेका छौं। हामी सबै जनताका छोराछोरी, हामी सबै हलो जोतेर हामी सबै गाउँघरमा चाहिँ मतलब आफ्ना कामकाज गरेर आएका मान्छे हुन्। त्यसकारण हामीले नीति बनाउँदाखेरि हिजो गाउँमा बस्दाखेरि हामीले जे चिज खट्किन्थ्यो हामीलाई त्यो चिज उठाउने र त्यो कुराहरू उठाएर हामीले चाहिँ ऐन बनाउँदा, नीति बनाउँदा अथवा कार्यान्वयन गर्दा त्यो लिएर जाने कार हामीले हेक्का राख्नुपर्छ। हामी चाहिँ एउटा वहक वा लहडमा जानुहुँदैन। अब कहिलेकाहीँ एउटा अप्ठ्यारो के भने... दलीय व्यवस्थामा पार्टीमा बस्नै पर्छ। अब पार्टीका ... भने मान्नुपर्छ तर पनि पार्टीका कतिपय अप्ठ्यारा चाहिँ पार्टीले गरेका निर्णय कहिले काही अप्ठ्यारा लागे भने संसदमा हैन पार्टीभित्र गम्भीर ढङ्गले त्यस्ता बहसहरू छलफलहरू चलाउनु पर्छ, राख्नुपर्छ। मैले दलमा पनि यो कुरा चाहिँ मतलब केही कुरा मलाई लागेको कुरा मैले पनि उठाएको होला अथवा राखेको होला। ती विषय चर्चाको विषय बन्छ होला, बनेका छन् होला। त्यसकारण दलीय राजनीतिमा दलमा आफ्ना कुरा राख्ने हो तर चाहिँ नि संसदमा हामी जनताको विषयहरूलाई अगाडि बढाएर लिएर जाने हो। त्यसकारण मैले अब धेरै कुरा भन्दा नि समग्रमा मलाई यो राष्ट्रिय सभामा एक वर्षका लागि सहयोग गर्ने सम्माननीय अध्यक्षज्यू, उपाध्यक्षज्यू हाम्रो के रे संसदका महासचिव, सचिव, हाम्रो दलका नेता, सचेतक, माननीय सांसदज्यूहरू, समितिको सभापतिज्यू लगायत अन्य सबै सांसदज्यूहरूप्रति म धेरै धेरै धन्यवाद आभार प्रकट गर्छु। मेरो आफ्नो मन्तव्य यही टुंग्याउछु। हवस् धन्यवाद।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्य खिमलाल देवकोटा। यसपछि माननीय सदस्य दिपा गुरुङ।

(११:३२ बजे) **माननीय श्री खिमलाल देवकोटा (स्वतन्त्र)**:- सम्माननीय अध्यक्ष महोदय, विषय प्रवेश गर्नुभन्दा अगाडि योभन्दा अघिल्लोपटक पनि मैले भनेको छु। अलिकति हामीले बोल्ने समय चाहिँ यहाँ display गर्दा राम्रो हुन्थ्यो। सचिवालयका साथीहरूलाई पनि भन्या छु। कम्तीमा मलाई अहिले दिएको समय झर्दै झर्दै आएर शून्यमा हुनेबित्तिकै म आफैं छोड्छु। सम्माननीयज्यूले भनिराखुपर्दैन। यो मैले सुरुमा पनि सल्लाह फेरि पनि मेरो सल्लाह हो। सचिवालयका साथीले गर्छु भन्नुभा' छ। आशा छ भविष्यमा यो होला।

अध्यक्ष महोदय, २०७८ जेठ महिनामा बागमती प्रदेशमा भएको उपनिर्वाचनबाट राष्ट्रिय सभामा चाहिँ मेरो प्रवेश भएको हो। पौने तीन वर्षको समय चाहिँ मैले व्यतीत गरेछु। यहाँ नआएको भए नेपालको राजनीति र संसद चाहिँ वास्तवमा मैले बुझ्ने थिइनँ। मेरा लागि यो विश्वविद्यालयभन्दा पनि ठुलो ज्ञान भण्डारको रूपमा रहयो। राजनीति गर्नेको लक्ष्य मेरो लागि भनिरा' छैन। म यो राजनीति गर्नेहरूको लागि यो विशेष गरी सल्लाह, सुझाव पनि हो। विशेष गरी राजनीतिक पार्टीहरूको लागि पनि हो। जो राजनीति गर्छ। उनको लक्ष्य उद्देश्य भनेको एकपट्टि सांसद बनौंला, एकपटक मन्त्री बनौंला भन्ने हुन्छ। तर नमरुन्जेल सांसद बन्न चाहने, नमरुन्जेल मन्त्री बन्न चाहने यो चाहिँ ठिक भएन। यसमा चाहिँ अलिक correction जरुरी छ। यो विषय पनि मैले पटक पटक भनेको छु। यो विषय मैले फेरि पनि दोहोर्‍याउन चाहें।

अध्यक्ष महोदय, म संसदमा प्रवेश गरेपछि बैठक बसेको दिनलाई आधार मान्दा चाहिँ १३९ दिन मैले म प्रवेश गरेपछिको कुरा गर्दै छु मैले। १३९ दिन बसेछ। मैले यो भोलिको बैठकलाई समेत आधार मानेको छु। हामी अब २० गतेभन्दा अगाडि भोलिसम्म बैठक बस्छौं। यसमा १३० दिन १३९ दिनमा १३० दिन करिब ९४ प्रतिशत चाहिँ मेरो उपस्थिति रहयो। यस अवधिमा २ सय ५२ घन्टा ३० मिनेटको सभाको बैठक बस्यो। मैले भोलिको समेत count गर्या छु। मैले करिब १३ घन्टा बोलेछु। औषतमा यहाँहरूको भन्दा मैले ३ गुना बढी समय चाहिँ पाएको छु। यसमा लागि अध्यक्षज्यूलाई धन्यवाद पनि छ। विषयवस्तुको सम्बन्धमा ८० प्रतिशत जति समय मैले स्थानीय तह र प्रदेशका सरोकारलगायतका विषयमा बोलेको रहेछु बोलेको समयमा सबभन्दा बढी ६४ प्रतिशत विशेष समय रहयो। यहाँहरू सबैको यही हो वास्तवमा यो विशेष समयलाई चाहिँ अलिकति हामीले कसरी प्रभावकारी बनाउन सक्छौं भन्ने कुराहरूमा अलिकति ध्यान दिन पनि जरुरी छ। र एउटा अङ्ग्रेजीमा भनाइ पनि छ। "Do not

put all eggs in the same basket" भन्छौँ हामीले कहिलेकाहीँ यो एउटै समयमा मात्रै हाम्रो dependency पनि बढ्यो। र अरू tools हरूमा पनि हामीले ध्यान दिने कि भन्ने मेरो सल्लाह सुझाव पनि हो। यसमा चाहिँ अलिकति मेरो विशेष अनुरोध पनि छ। सुझाव पनि छ। अब यो मैले विशेष समयपछि बढी केमा बोलेछु भन्दाखेरि मैले गरेको यसो calculation मा मैले बढी चाहिँ विधेयकमा यो मैले यो बजेट र यो विनियोजन विधेयकका सिद्धान्तसहितको कुरा गर्दै छु यो २० प्रतिशत समय चाहिँ त्यसमा व्यतीत गरेको छु। र २२ ओटा विधेयकहरूमा किनभने हामी यो एकदमै कम पनि भयो। र अब धेरै कारणहरू छ म त्यता गइनँ। मैले २२ ओटा विधेयकमा छलफलमा भाग लिएको रहेछु। ६ ओटा विधेयकहरूमा त मैले विपक्षमा मतदानै गरेँ। यो भन्नु पनि परेन। धेरै माननीयज्यूहरूलाई थाहा पनि छ। र १३ पटक मैले चाहिँ १३ मिनेटको समय चाहिँ यो शून्य समयको मैले उपयोग गरेछु। यो अवधिमा उपयोग गरेको छु। र मेरो यो शून्य समयको चाहिँ किनभने समय पनि एकदमै थोरै हुन्छ तर यसको effectiveness चाहिँ के हुन्छ। यसको प्रभावकारिता एकदम बढी हुन्छ। त्यसकारण यो शून्य समयको अलिकति अलिक ख्याल गर्ने कि अलि बढाउने कि यसलाई चाहिँ यसको frequency भन्न खोजेको मैले। यसको frequency बढाउनुपर्छ कि भन्ने मेरो सल्लाह सुझाव पनि हो। र मन्त्रीहरूसँग हामीले सवाल जवाफ गर्न सकेनौँ प्रधानमन्त्रीसँग सवाल जवाफ गर्न सकेनौँ। सम्भवतः यो केही सुरुआत पनि होला। हामीले नियमावलीमा राखेका छौँ। सायद यो भोलि अगाडि पनि बढ्ला यसमा अलिकति ध्यान दिन जरुरी छ।

अध्यक्ष महोदय, सभाको एकदम सम्झना लायक अनुभव भनेको समयमा नै यो सभाको बैठक हो।वास्तवमा म यो बिचमा ४/५ ओटा देशको भ्रमण गर्ने अवसर पनि पाएँ। र मैले विदेशमा गएर फूर्तीसाथ भनेको पनि छु। अस्ति भर्खरै म यो फिलिपिन्सको ..... कार्यक्रममा भाग लिएर आ'को थिएँ। आधी घन्टामा पनि समय सुरु भएन मैले फूर्ती साथ भनेँ। हामीकाहाँ त बैठक सुरु हुन्छ। यो कम्तीमा यो हामी सबैले लिने lesion हो यो। सबभन्दा सम्झन लायकको यो हो। यस गरी सम्झन लायकको भूमिकामा यो संघीयता कार्यान्वयनसम्बन्धी सङ्कल्प प्रस्ताव, संघीयता कार्यान्वयन अनुगमन र संसदीय विशेष समितिको प्रतिवेदन र यो विधायनसम्बन्धी विधेयक जुन २०८० हामीले बनाएका छौँ त्यो चाहिँ मेरो लागि एकदम सम्झन लायक घटनाहरू हो, भूमिकाहरू हो। र प्रदेश र स्थानीय तहको अधिकारलगायतको सवालमा केही मन्त्रीहरूसँग मैले वास्तवमा नोकझोक नै गरेको छु। वास्तवमा त्यो मेरो लागि स्मरणीय नै हो। यो मैले सधैं सम्झिन्छु पनि यसै गरी म प्रदेश र स्थानीय तहमा जाँदाखेरि वहाँले मलाई भन्नु पनि हुन्छ। तैले चाहिँ खबरदारी गरेको छस् है भनेर विशेष गरी वहाँले यो विषयमा पनि वहाँले

मलाई सम्झनुहुन्छ। यसमा म आफूलाई गर्व ठान्छु। र स्वतन्त्र सांसदको रूपमा मैले कुनै दल विशेषभन्दा पनि सिङ्गो मुलुकको भावना र चाहानाको प्रतिनिधित्व र संघीयताको पहरेदारको रूपमा इमानदारिताका साथ भूमिका निर्वाह र प्रदेश र स्थानीय तहका आवाजहरूलाई मुखरित गर्न सकेजस्तो चाहिँ मलाई लाग्छ।

अध्यक्ष महोदय, समग्रतामा यो राष्ट्रिय सभाको सभा सबल पक्षको मैले चर्चा गर्दा मैले यो तुलनात्मक रूपमा अलि भन्दै छु। यहाँले कुरो बुझिहाल्नुभो' समय व्यवस्थापन र समयको documentation, समय व्यवस्थापन र सभाको documentation विधि चाहिँ राम्रो छ। विधेयक तर्जुमा विधि व्यवस्थित छ। समितिमा घनीभूतको छलफल हुन्छ। समयमा नै सक्ने र प्रतिनिधि सभाबाट आएको चाँडै नै फिर्ता गर्ने पद्धति बसेको छ। सभा बैठक चाहिँ एकदमै व्यवस्थित छ। दलीय चाहिँ दलहरूको बिचमा एकदम अन्तरसम्बन्ध छ, घुलिन्छ। सभा अध्यक्ष र सदस्य, सदस्य सदस्य, सदस्य र कर्मचारी बिचको सम्बन्ध सुमधुर छ। अध्यक्ष, उपाध्यक्षसहित सांसदको बिचमा घुल्मिल हुने र सहयोगात्मक भावना अलि बढी छ। समितिहरू क्रियाशील छन्। समितिको प्रतिवेदन प्रणाली राम्रो छ। समितिहरूमा समसामयिक नागरिकका सरोकार प्रत्यायोजित व्यवस्थापन कानुनहरूको मापन संघीयता कार्यान्वयनलगायतका विषयमा निरन्तर छलफल हुन्छ। समितिका निर्देशनहरू पनि कानुनयोग्य छ।

अध्यक्ष महोदय, अब मैले सल्लाह र सुझावलाई निष्कर्षको रूपमा यहाँले जे रूपमा लिनुस् यो मेरो सल्लाह सुझाव निष्कर्षको रूपमा केही कुराहरू राख्ने अनुमति चाहन्छु। सबभन्दा पहिला राष्ट्रिय सभाको ओजको सवालमा प्रतिनिधि सभा नरहेको समयमा प्रतिनिधि सभाले गर्ने काम राष्ट्रिय सभाले गर्ने र विधेयकको first reading र final reading, first reading र final reading राष्ट्रिय सभाले गर्ने व्यवस्था हुन चाहिँ जरुरी छ। तर यसका लागि चाहिँ संविधानमा correction गर्नुपर्छ। यसको लागि विशेष पहलकदमी गर्न आवश्यक छ।

दोस्रोः राष्ट्रिय सभाको प्रतिनिधिको सवालमा मेरो दलहरूलाई सुझाव संविधानको भावना र आशयअनुसारको राष्ट्रिय सभामा प्रतिनिधित्व गराइयोस् र यसमा पनि मतदाता भएका कारणले मतदाता भएका कारणले प्रदेश र स्थानीय तहलाई नजिकबाट बुझेको र जानेको चाहिँ हुनुपर्‍यो। अब फेरि राष्ट्रपतिबाट निर्वाचितहरू त संविधानका आधारभूत स्तम्भहरू चाहे संघीयता गणतन्त्र धर्मनिरपेक्षता, समानुपातिक समावेशी प्रतिनिधित्व विधिको शासनलाई चाहिँ सधैं शिरोधार्य गर्ने व्यक्तिहरू हुनुपर्‍यो। र राष्ट्रिय सभालाई साँच्चै think-tank को रूपमा अगाडि बढाउनुपर्‍यो।

तेस्रोः कर्मचारी प्रशासन र बजेटका सवालमा प्रतिनिधि सभा र राष्ट्रिय सभाको सचिव संसदको महासचिव संसदकै कर्मचारीबाट हुने व्यवस्थाहरू गरिनुपर्छ। तालिमप्राप्त योग्य र

अधिकृतमूलक कर्मचारी संयन्त्र निर्माणमा ध्यान दिन आवश्यक छ। यसै गरी संसदमा सरकारको छाया पर्न दिनुभएन। र बजेट निर्माणमा चाहिँ पूर्ण स्वायत्त हुन पर्‍यो, यो पूर्ण स्वायत्त छैन बजेट निर्माणमा यसका लागि चाहिँ आवश्यक कानुन नीतिगत सुधार चाहिँ जरुरी छ। संसदको कार्यव्यवस्था समितिको कर्मचारीहरूको लागि अलिकति incentive दिन चाहिँ जरुरी छ। किनभने बढी खट्न जरुरी छ।

तेस्रोः सरकारको दवाफदेहिताको सम्बन्धमा सरकारलाई संसदप्रति जवाफदेही बनाउन सांसदहरूले उठाएका सवालहरूको अध्ययन अनुसन्धानलगायतका लागि संसद सचिवालयको अनुसन्धान महाशाखालाई पर्याप्त वित्तीय स्रोत साधन र सुविधासम्पन्न बनाउनुपर्छ। संसद र समितिलाई अवज्ञा गर्ने मन्त्रीलाई प्रधानमन्त्रीले बर्खास्त गर्ने विधि चाहिँ बसाल्नुपर्‍यो। तर यसका लागि चाहिँ एउटा fact and figure मा research हुन जरुरी छ। तर यहाँ मन्त्रीले अवज्ञा गर्‍यो संसदलाई भन्ने होइन कि त्यो fact and figure research based हुनुपर्‍यो। त्यसकारण मैले त्यो research त्यो wing छ त्यसलाई बलियो बनाउनुपर्‍यो भन्ने मेरो सुझाव हो।

चौथोः प्रतिनिधि सभाको चेपुवाको सवालमा प्रतिनिधि सभाको सत्तापक्ष र विपक्षीको जुदाइको चेपुवामा राष्ट्रिय सभालाई पार्न भएन। प्रतिनिधि सभाको रिसले चाहिँ राष्ट्रिय सभाको खाँबो चिथोर्ने काम बेला बेलामा हुने गरेको छ। यो गर्नुभएन राष्ट्रिय सभाको गरिमा बढाउने काम सभाको सदस्यहरूको पनि हो। कुनै पनि नयाँ विषयमा निर्णय लिनुभन्दा अगाडि पर्याप्त छलफल गर्न जरुरी छ।

अध्यक्ष महोदय, मैले एक मिनेट समय थप पनि माग गरें। ..... (**<u>सम्माननीय अध्यक्ष</u>**ः- समय थप हुँदैन। माननीय सदस्य, समय थप हुँदैन यसमा।)

पाँचौं विधेयकका सम्बन्धमा खबरदारी। विधेयक तर्जुमा वास्तवामै नागरिको सहभागी सारै न्यून छ। बरु बिचौलियाहरूको दबदबा छ। अधिकांश विधेयकहरू विनियोजन विधेयकसहित र यो प्रदेश र स्थानीय तहको अधिकारलाई मिच्ने खालको छ। र मैले यो मेरा धेरै सल्लाह सुझावहरू छन्। लिपिबद्ध पनि मैले गरेको छु वास्तवमा यो पछि पनि गरौला तर यति हुँदाहुँदै पनि म जसरी यहाँ राष्ट्रिय सभामा जुन रूपमा जसरी म सुरुमा मतदातालाई म स्वतन्त्र रूपमै जान्छु। स्वतन्त्र रूपमै रहन्छु। सबैको आवाजहरूलाई बुलन्द गर्छु भनेर मैले चुनाव उठ्दाखेरि (..... समय सकिएको)।

**<u>सम्माननीय अध्यक्ष</u>** :- माननीय श्री दीपा गुरुङ्ग। समय १० मिनेट। त्यसपछि माननीय दि कुमारी रावल थापा "पार्वती"।

(११:४२ बजे) **मानननीय श्री दीपा गरुङ्ग (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:-सम्माननीय अध्यक्षज्यू, राष्ट्रिय सभाको चुनाव २०७४ माघमा भएपछि गोलाप्रथाद्वारा दुई, चार, छ वर्षे कार्यकाल अन्तर्गत मैले ६ वर्षे कार्यकाल प्राप्त गर्ने मौका पाएको थिएँ। र मैले आफूलाई भाग्यमानी पनि ठानेको थिएँ। किनभने राजनीतिक जीवन भन्दा पनि पहिला मेरो बाल्य अवस्थाबाटै मलाई एउटा समाजमा भएको जुन भेदभाव हो, त्यो भेदभावको बारेमा मलाई बुझ्न, जान्न, बुझ्न र अगाडि बढ्ने मेरो आफ्नो एउटा प्रतिबद्धता ममा थियो। र त्यही अनुसार म राजनीतिमा पनि लागेँ। जसरी म लागेँ राजनीतिमा, मैले आफूलाई यो जीवन राजनीतिमा पनि मैले बिताउँछु भन्ने कुरो मेरो आफ्नो एउटा सङ्कल्प पनि थियो। त्यसै अन्तर्गत म आफ्नो जीवनलाई राजनीतिमा सुम्पे। राजनीतिक जीवनमा राजनीतिक जीवनलाई नै मैले आफ्नो मेरुदण्ड पनि सम्झे। त्यसैले राजनीतिक जीवनमा देशको मेरुदण्ड हुनको निम्ति र म एउटा सांसद बन्छु कि बन्दिनँ भन्ने कुरो मैले पहिला त्यस्तो खासै मैले सोचेको थिइनँ तर असल एउटा कार्यकर्ता जसले देशलाई जनताको समस्यालाई अगाडि बढाउन निम्ति बोल्न सक्छ त्यस्तो एकजना महिला म कर्मठ महिला बन्छु भन्ने कुरो मलाई आफूलाई लाग्थ्यो। र त्यही अनुसार म अगाडि बढेँ। र त्यो बढ्ने क्रममा पनि जे मैले सोचेको थिएँ त्यस्तो पनि बिस्तारै पुग्न गएको छ। र मैले अलिकति आफ्नो यहाँ व्यक्तिगत सोच विचारलाई पनि मैले प्रस्तुत गर्न अगाडि सरेको छु। राजनीतिक जीवनमा देशको मेरुदण्ड संसद भवन जुन भवन सिंगो राज्यलाई नै सञ्चालन गर्ने नीति, नियम, कानुन बनाउने ठाउँ हो। त्यो भित्र प्रवेश गर्नु मेरो निम्ति एकदमै ठुलो कुरा भयो। जहाँ मैले प्रवेश गर्ने मौका पनि प्राप्त गरेँ। त्यही अनुसार मैले पनि आफ्नो कार्यकालमा रहेर संसदको गरिमा, अनुशासन, नीति, नियममा रही ऐन, कानुन, विधि, विधेयक बनाउनमा कहिले सत्तापक्षको सांसदको हैसियतमा, कहिले प्रतिपक्षी सांसदको हैसियतमा भूमिका खेल्ने मौका पनि पाएँ। संसद भवन भित्र प्रवेश गरिसकेपछि आफूलाई अनुशासनको घेराभित्र राखुपर्छ भन्ने सिकाइ प्रमुख कुरा हुँदो रहेछ भन्ने कुरालाई नै अनुभूत गरेँ। प्राप्त गरेको विषयवस्तुमाथिको छलफल या बोल्ने वक्ताको रूपमा उभिँदा समयभित्र नै आफूलाई सक्षमताका साथ प्रस्तुत गर्नु र अर्को राम्रो र सबल पक्ष पनि हुँदो रहेछ भन्ने कुरालाई पनि मैले महसुस गर्ने मौका पाएँ।

अध्यक्ष महोदय, पहिलो २ वर्ष संसदभित्र सदनको काम कारबाही राम्रोसित अगाडि बढेको पनि मैले महसुस गरेँ। धेरै विषय, विचार, छलफल, निचोड, निष्कर्षलाई जोस जागरका साथ अगाडि बढाउने मौका पनि प्राप्त गर्ने भयो। यसै दौरान राष्ट्रिय सभा अन्तर्गत ४ समिति मध्ये राष्ट्रिय सरोकार तथा समितिको सदस्यको रूपमा पनि बस्ने मौका पाएँ। यस समितिले पनि सिंगो राज्य सञ्चालनमा राज्यका हरेक निकायलाई स्थानीय, प्रदेश, संघ तीनै तहलाई समन्वय

गरी सिंगो राष्ट्रलाई निर्माण गर्नको निम्ति अहम भूमिका खेल्ने समीति रूपमा पाएँ। यसका साथसाथै समितिका सभापतिज्यूले पनि महत्वपूर्ण भूमिका खेल्नुभएको हो। समितिका बैठकहरूलाई नियमित रूपमा सक्रियताका साथ सञ्चालन गर्ने र निष्कर्षमा विषयवस्तुलाई लैजाने भूमिका राम्रो रहेको र उहाँबाट पनि धेरै कुराहरू सिक्ने मौका प्राप्त भयो। उहाँको, उहाँले गर्ने असल कामको सुरुवात हुने मौका पनि प्राप्त भएको र म उहाँलाई धेरै धेरै धन्यवाद पनि यसै मञ्चबाट दिन चाहन्छु। सम्माननीय अध्यक्ष महोदय, हामीले यहाँ आउने संसदहरू कुनै न कुनै, हामी यहाँ आउने सांसदहरू कुनै न कुनै पार्टीसँग आबद्ध भएर पार्टीको निर्णय अनुसारनै आएका हुन्छौं। त्यहीअनुसार म लमजुङ जिल्लाबाट प्रतिनिधित्व गरेर आएको हुँ। अरू जिल्लाभन्दा लमजुङ अलि पिछडिएको जिल्ला पनि हो। जिल्लाको सबै ठाउँमा पक्की बाटो पुगिसकेको छैन। सबै ठाउँमा विद्यालय अस्पताल आवश्यकता अनुसार छैन। बल्ल बल्ल मध्यपहाडी लोकमार्ग सुरुवात भएको छ तर त्यो पनि कच्ची धुलोमुलोले ग्रसित छ। सबै ठाउँमा यातायातका सुविधा छैन। सीमित मात्रामा रहेको छ, जिल्लाको यस्तो गतिविधिको जानकारी पनि मैले यहीँबाट गराउन चाहन्छु। त्यसैले यो संसद भनेको सिंगो राष्ट्रलाई निर्माण गर्ने असल कानुनी शासन निर्माण गरी जनताको समस्या समाधान, कानुन बन्ने ठाउँ हो। हाम्रो काम र कर्तव्य कानुन बनाउनुमा पहिलो स्थानमा पर्छ जस्तो मलाई लाग्छ तर हाम्रो जिम्मेवारी कानुन निर्माणका साथसाथै प्रत्यक्ष जनतासँग पनि जोडिएको हुनाले देखिएका नभई नहुने विकास निर्माणका काममा पनि ध्यान पुर्‍याउन आवश्यक देखिन्छ, जस्तो मलाई लाग्छ।

अध्यक्ष महोदय, पहिलो एक, दुई वर्ष संसदभित्र रहेर संसदीय काममा आफ्नो कर्तव्य पूरा गर्दै जनताको समस्या समाधान गर्नको निम्ति योजनाहरू सम्बन्धित मन्त्रालयमा पेस गर्दै केही भएपनि योजना पास गरी विकासको निम्ति बजेट लैजाने काम भयो। मेरो अनुभवमा जनतासँग प्रत्यक्ष सरोकार राख्ने आर्थिक जसलाई बजेट पनि भनिन्छ, हुँदो रहेछ। जसले प्रत्यक्ष जनताको बीचमा काम गर्छ, प्रत्यक्ष देखिने हुँदोरहेछ। यस्ता विषयवस्तुले पनि महत्त्वपूर्ण असर पर्ने र हामीले पठाएको जनप्रतिनिधिले कति विकास निर्माणलाई सम्पन्न गर्‍यो भन्ने मूल्याङ्कन जनताबाट पनि हुँदोरहेछ। त्यसपछिका दुई वर्ष कोभिडले ग्रसित देशमा बजेटको सम्भावना थिएन। कोभिड पछिका पछिका वर्षहरू प्रतिपक्षको बेन्चमा हामी बस्यौं। र फेरि त्यहीँबाट स्थानीय तहबाट लिएर राष्ट्रसम्मका जनताका समस्याको बारेमा आवाज उठाउने काम पनि मैले गरें।

सम्माननीय अध्यक्ष महोदय, सत्तापक्ष र प्रतिपक्षमा रहँदा केही केही अन्तर हुने महसुस गरेर मैले केही कुराहरू यहाँ पोख्न पनि चाहें। प्रतिपक्षमा बस्दा योजना बजेटको बारेमा

सम्बन्धित मन्त्रालयमा जाँदा कुन पार्टीको हुनुहुन्छ भन्ने सोधाइको आधारमा बजेट दिनेसम्मको प्रश्न अगाडि देखा पर्‍यो। जसले गर्दा यो पछिल्लो कालमा ग्रामीण जनताको कुनै पनि समस्या सम्बोधन गर्न मैले सकिन किन भने बजेट दिने मुहानमा नै प्रश्नको म प्रश्नको घेराभित्र थिएँ, जुन ठाउँमा म प्रतिपक्ष थिए। सत्तापक्षले नपाई प्रतिपक्षले पाउन पनि सम्भव भएन। यस्तो व्यवहारले राष्ट्र निर्माणमा घात पुग्छ जस्तो मेरो अनुभव र बुझाइ छ, आखिर जनता सबैका हुन्। जहाँ कानुन निर्माणकर्ताहरू भेदभावको लाइनमा हुन्छन् भने त्यहाँ विकास निर्माण कसरी होला। यो मेरो मानसपटलमा नमिठो छाप भएर बसेको छ। यो मेरो जीवनमा तितो अनुभव पनि मैले सँगालेर राख्न बाध्य भएकी छु।

अध्यक्ष महोदय, हामीले केही नियम कानुन पास गरेका छौं। केही छलफलको विषय बनेको छ तर मौलिक हकको सवालमा हेर्दा ३१ मध्ये भूतपूर्व प्रधानमन्त्री श्रद्धेय केपी ओलीको पालामा १८ कानुन पास भए। अझै १३ कानुन पास हुन बाँकी छन्। १३ कानुन बनिसक्नुपर्थ्यो तर सरकारको यसतर्फ ध्यान गएको छैन। अहिले पछिल्लो अन्तिम हाम्रो यो समयमा राष्ट्रिय सभाबाट मौलिक हकबारे सङ्कल्प प्रस्ताव पनि भएको छ। हामीले ऐन कानुन बनाउँदै जनताको समस्या, राष्ट्रको समस्यालाई सडकबाट सदनसम्म पुर्‍याउनको निम्ति संसद भित्र प्रवेश गरेका छौं। र हामी यसैमा पनि यो ६ वर्ष हामी तल्लीन भएर नै आफूले सक्ने कामहरू हामीले गरेका छौं। र मैले पनि यसभित्र म आफु तल्लीन भएर मैले जति सक्छु मैले जनताको आवाज एउटा स्थानीय लेभलबाट लिएर राष्ट्रसम्म मैले उठाएको छु। चाहे त्यो शून्य समय होस् चाहे त्यो विशेष समय होस्। त्यसमा मैले आफूले गर्ने काम र कर्तव्य मैले गरेको जस्तो लाग्छ। नेपाली जनताले हरेक सांसदप्रति आशावादी हुन्छन्। र हामी जनताप्रति पनि उत्तरदायी हुनुपर्छ। यो मैले मेरो राजनीति र संसदीय अभ्यासमा भएका विषय हुन्। यसैभित्र केही मिठो केही नमिठोको आभास पनि मैले छ वर्षको अवधिमा मैले भोग्ने मौका पाएँ। र यो अलिकति कता कता यस्तो हुनु हुँदैन होला जस्तो लाग्थ्यो तर पनि कता कता हुँदोरहेछ भन्ने कुरा नी मेरो आफ्नो मानसपटलमा भिजेको कुरा हो।

सम्माननीय अध्यक्ष महोदय, मेरो पार्टी नेकपा एमालेले मैले गरेका मेरो भूमिका जीवन म पार्टीमा लगातार ४२ वर्षको पार्टी जीवन र पार्टीले दिएको जिम्मेवारीलाई आत्मसात अगाडि बढेको मूल्याङ्कन गर्दै मलाई यो ठाउँमा राष्ट्रिय सभाको एउटा सदस्यको रूपमा मलाई यो ठाउँमा पठाएर देशको र जनताको समस्यालाई हल गर्नुपर्ने ठाउँ नै त्यही हो भनेर मलाई पठाएको थियो। र मैले सर्वप्रथम सिंगो पार्टी लगायत श्रद्धेय अध्यक्ष केपी शर्मा ओलीप्रति म कृतज्ञता प्रकट गर्दछु र धेरै धेरै धन्यवाद पनि दिन चाहन्छु। आफ्नो कार्यकाल ६ वर्षमा हामी सत्तामा

या बाहिर प्रतिपक्षमा बस्दा कहिले पनि माननीय बिच नराम्रो भएन। हामी राष्ट्रिय सभामा एउटा दिगो, पाको, बुद्धिजीवीको सदनको भन्ने कुरा हामी भन्ने कुरा हामी सबै माननीय सदस्यहरूको माया, सद्भाव, आत्मीय झल्किने काम भएको र महसुस गरेको छु। र हामीलाई मिलनसार र सद्भाव भएर अगाडि बढ्न प्रोत्साहन सम्माननीय अध्यक्षज्यूको बोली, व्यवहार र कामले पनि प्रभाव पारेको हो भन्ने लाग्छ। र म उहाँलाई पनि धेरै धेरै धन्यवाद दिन चाहन्छु। र मैले यो ६ वर्ष कार्यकालमा म राष्ट्रिय सरोकार तथा समन्वय समितिमा बस्दा खेरि उहाँ सभापतिज्यूबाट पनि धेरै असल कामहरू मैले सिक्ने मौका पाएँ र उहाँलाई पनि मैले धेरै धेरै धन्यवाद दिन चाहन्छु भन्दै मेरो आफ्नो भनाइहरू र आफ्नो व्यक्तिगत जीवनमा घटेका र आफ्नो विचारहरू अन्त्य गर्न चाहन्छु। हवस् त धन्यवाद।

**<u>सम्माननीय अध्यक्ष</u>** :- माननीय दिल कुमारी रावल थापा "पार्वती"। यसपछि माननीय नरपति लोहार।

(११:५३ बजे) **<u>माननीय श्री दिल कुमारी रावल थापा "पार्वती" (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्ष महोदय, जनताको प्रतिनिधिमूलक संस्था संसदको रोस्टममा उभिएर आफ्नो विचार प्रस्तुत गर्नुभन्दा अगाडि मलाई जन्म दिने मेरा आदरणीय आमा बुवाप्रति सम्मान व्यक्त गर्न चाहन्छु। त्यस्तै गरेर मलाई कर्म दिने मेरा बुवा आमाप्रति म उच्च सम्मान व्यक्त गर्न चाहन्छु। सधैं निष्ठा र इमान्दारिताका साथ सक्रियतापूर्वक आफ्नो जिम्मेवारी पूरा गर्न सधैं साथ, सहयोग र उत्प्रेरणा दिने मेरा परिवारजनप्रति आभार व्यक्त गर्न चाहन्छु। विभिन्न चरणका आन्दोलन र सङ्घर्षहरूमा सहादत प्राप्त गर्ने ती महान् सहिदहरूप्रति उच्च सम्मानका साथ स्मरण गर्न चाहन्छु। पार्टी जीवनमा लागिरहँदा २०७४ सालमा माघमा पार्टीले राष्ट्रिय सभाको सदस्यको लागि बागमती प्रदेश महिला खुलाबाट उम्मेदवार बनायो र विजयी पनि बनायो। र २०७४ साल फागुन २१ गतेदेखि जनताको प्रतिनिधिमूलक संस्था संघीय संसद राष्ट्रिय सभा सदस्यको भूमिका साथै २०७५ साल भाद्र १३ गतेदेखि राष्ट्रिय सभा अन्तर्गत राष्ट्रिय सरोकार तथा समन्वय समितिको सभापतिको जिम्मेवारी प्राप्त भयो। यस अवसरमा मलाई निर्वाचित गराउने ती बागमती प्रदेशका तत्कालीन स्थानीय तहका प्रमुख, उपप्रमुख र प्रदेश सभाका सदस्यप्रति हार्दिक आभार, धन्यवाद ज्ञापन गर्न चाहन्छु। मलाई उम्मेदवार बनाउने र विजय गराउने मेरो पार्टी नेकपा एमालेका श्रद्धेय अध्यक्ष केपी ओली सहित सिंगो पार्टीप्रति आभार सहित हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु। आफ्नो जिम्मेवारीप्रति सधैं नै इमान्दार, सचेत र क्रियाशील रहन निरन्तर निर्देशन

र महत्त्वपूर्ण अभिभावकत्व गर्ने पार्टीका श्रद्धेय अध्यक्ष कमरेड केपी ओली प्रति आभारी छु। यस अवधिमा महत्त्वपूर्ण साथ सहयोग गर्नुहुने सबै नेतृत्व, नेतृत्व गण नेताहरूप्रति धन्यवाद ज्ञापन गर्न चाहन्छु। २०७४ फागुन २१ गते राष्ट्रिय सभा सदस्यको शपथ ग्रहण सुरुवातसँगै संसदीय क्षेत्रको महत्वपूर्ण जिम्मेवारी प्रवेश गरिरहँदा ६ वर्षे राष्ट्रिय सभा सदस्य, साढे पाँच वर्ष संसदीय समितिको सभापतिको भूमिका निर्वाह गर्दा धेरै महत्वपूर्ण अनुभव, अनुभूति र सिकाइहरू प्राप्त भएका छन्। यो सिकाइ, यो बुझाइले म भित्र एउटा दरिलो आत्मविश्वास जागृत गरेको छ। अनुभव र अनुभूतिसहित प्राप्त आत्मविश्वासको उचाइबाट समानता, न्यायसहित "सुखी नेपाली र समृद्ध नेपाल” निर्माणको राष्ट्रिय आकांक्षा पूरा गर्न राजनीतिक स्थायित्व, दूरदर्शी नेतृत्व बलियो राजनीति शक्ति निर्माण गर्ने, जनताको लोकप्रिय पार्टी नेकपा एमाले यो महान् अभियानमा आफ्नो तर्फबाट आगामी दिनमा महत्वपूर्ण भूमिका खेल्ने प्रतिबद्धता व्यक्त गर्दछु। राष्ट्रिय सभाका ६ वर्ष मेरा लागि धेरै सुखद् संयोगहरू रहे, रहँदा रहँदै पनि केही दुःखद् घटनाहरू पनि रहन गए। सुखद् संयोग यो मानेमा रहे की छ वर्षे कार्यकालमा साढे पाँच वर्ष समितिको सभापतिको जिम्मेवारी जिम्मेवारीको अवसर प्राप्त भयो। त्यति मात्र होइन सभा सञ्चालनको अध्यक्षता गर्ने एउटा नयाँ अनुभूति पनि प्राप्त भयो। थुप्रै अनुभूतिका बीच सुखद् संयोग हुँदाहुँदै राष्ट्रिय सभा नियमावली संशोधन पहिलो, पहिलो राष्ट्रिय सभा नियमावली निर्माण गर्ने समितिमा रहेर काम गर्ने दोस्रो र अहिले तेस्रो पटक पनि संशोधन नियमावलीमा बसेर काम गर्ने एउटा सुखद् संयोग मेरा लागि धेरै नै ठुलो महत्वपूर्ण थियो। दुःखद् कुरा गर्दा फेरि यही बीचमा म २०७४ साल फागुन २१ गते २१ गते चाहिँ एउटा स्वस्थ सांसदको रूपमा प्रवेश गरिरहँदा यही बीचमा म क्यान्सर प्रभावित पनि भए। उपचार गरेर अब फेरि विदा भइरहदा आज यो रोष्टमा उभिरहदा म क्यान्सर मुक्त भएको अवस्था पनि भएको छ। यो पनि म जानकारी गराउन चाहन्छु। त्यस्तै अर्को दुःखद् घटना चाहिँ यो बीचमा एउटा पार्टी नेकपा एमाले, नेकपा माओवादी बीच एउटा नेकपाको एउटा ठुलो दल सहितको सत्ता पक्षको सांसद र सभापतिको भूमिकामा थिएँ। यो बीचमै पार्टी नेतृत्व र तत्कालीन सरकार नेतृत्वलाई घेराबन्दी चौतर्फी घेराबन्दीका बीचबाट पार्टीको नेतृत्व सरकार गिराउने काम भयो। पार्टी विभाजन गर्ने काम भयो त्यसका विरुद्धमा पार्टी नेतृत्व र सरकार नेतृत्वलाई घेराबन्दी भइरहदा नेतृत्वको पक्षमा, पार्टीको पक्षमा उभिएर पार्टी जोगाउने अभियानमा नेतृत्वलाई साथ दिन सहयोग गर्न सकें म गर्वका साथमा खुसी व्यक्त गर्न चाहन्छु। ६ वर्षीय राष्ट्रिय सभा सदस्यको रूपमा प्राय शून्य समयलाई मैले खेर नजानी हिसाबले नै सदुपयोग गरे। धेरैभन्दा धेरै विशेष समयमा पार्टीसँग माग गरेर पनि मैले आफ्ना आवाजहरू चाहे राष्ट्रिय सरोकारका विषय, चाहे जनताका सरोकारका विषय, चाहे मेरा जिल्लाका समस्याहरू, चाहे महिला हिंसाका घटनाहरू, चाहे मानव अधिकार उल्लङ्घनका घटनाहरू यी सबै घटनाहरू

मैले सभामा उठाएँ। त्यसबिचमा एउटा बहुचर्चित नक्कली भुटानी प्रकरण पहिलोपटक संघीय संसदमा राष्ट्रिय सभामा शून्य समयमा उठाउने एउटा अवसर पनि मलाई प्राप्त भएको म जानकारी गराउन चाहन्छु। संविधान अनुसार बन्न पर्ने कानुन मौलिक हक कार्यान्वयनका लागि बन्न पर्ने कानुनको संकल्प प्रस्ताव पेस गर्ने अवसर पनि मिल्यो। मलाई साथ दिने सबै समर्थक माननीयज्यूहरू, भाग लिने सबै माननीयज्यूहरूलाई आभार व्यक्त गर्न चाहन्छु। मन्त्रीज्यूको उपस्थितिमा यो छलफल भएर सभाले रुलिङ गरेको छ। म धन्यवाद ज्ञापन गर्न चाहन्छु।

बढ्दो सडक दुर्घटना र सडक सुरक्षा सम्बन्धी जरुरी सार्वजनिक महत्वको प्रस्ताव सर्वसम्मत दर्ता भएको थियो तर दुःखका साथ भन्नुपर्छ यो प्रस्ताव हामीले छलफल गर्न सकेका छैनौं। म यहाँ रहनु भएका माननीय सदस्यहरूलाई यो तपाईंहरूलाई नासो छोडेको छु। यसलाई आगामी दिनमा छलफल गराएर साँच्चै आज दैनिक दर्जनौं नागरिक सडक दुर्घटना बेहोर्नु परेको स्थिति छ। यसलाई अन्त्य गर्नको लागि यो सङ्कल्प प्रस्ताव सदनमा छलफल गराएर सरकारलाई प्रतिबद्धता जाहेर गराउने काममा माननीय सदस्यहरूले भूमिका खेल्नुहुनेछ भने आशा र विश्वास म व्यक्त गर्न चाहन्छु। सकेसम्म मैले धेरै विधेयकहरूमा संशोधन मार्फत सहभागी हुने प्रयत्न गरी मैले समूहगत रूपमै चाहिँ संशोधनमा सहभागी हुने र एउटा अवस्था निर्माण गरे। साढे पाँच वर्षको सभापतिको हिसाबले कुरा गर्दा समिति सभापतिको कार्यकाललाई विवादरहित ढङ्गले सम्पन्न गर्न मलाई जसरी समितिमा रहनुभएका माननीय सदस्यज्यूहरूले, सचिवालयका साथीहरूले जुन उच्च स्तरको सहयोग गर्नुभयो म हृदयदेखि धन्यवाद ज्ञापन गर्न चाहन्छु। नियम र समय सीमाभित्र हरेक वर्षका वार्षिक प्रतिवेदन सभामा पेस गर्नका लागि कार्यक्षेत्र अन्तर्गतका पाँचवटा अध्ययन प्रतिवेदन सभामा पेस गर्ने कुरामा जुन सभा समितिका समितिका माननीय सदस्यज्यूहरू, सचिवालयका कर्मचारीहरूको जुन किसिमको सक्रियता रह्यो म यसको पनि चर्चा र सम्मान गर्न चाहन्छु। वार्षिक कार्ययोजना बनाएर हामीले काम गर्न सक्यौं। कार्य योजनालाई हामीले फलो गर्न सक्यौं। यसको निम्ति पनि म आभार प्रकट गर्न चाहन्छु। बैठक समितिको बैठकमा कहिले कोरमको अभाव मैले बेहोर्नु परेन। दुई तिहाई भन्दा बढी माननीय सदस्यहरूको सक्रियतापूर्वक सहभागिताले हाम्रा समितिका बैठक आज हिजोसम्म आइपुग्दा २३५ वटा बैठक हामीले सम्पन्न गरिसकेका छौं। मैले जानकारी गराउन चाहन्छु। समितिकै केहि सुझावहरू राख्न गइरहँदा संसदीय समितिको अनुगमन प्रभावकारी र व्यवस्थित हुनसकेको छैन। संसदीय निगरानी सम्बन्धी स्पष्ट मापदण्ड निर्देशिका आवश्यक छ। अहिले हाम्रो अनुगमन अवलोकन हो कि अनुगमन हो भन्ने द्विविधा छ। त्यसैले संसदीय अनुगमनलाई प्रभावकारी बनाउनलाई एउटा स्पष्ट मापदण्ड निर्माण होस् भनेर म सुझाव राख्न चाहन्छु। समितिका साझा विषयमा हामीले संयुक्त बैठक बस्ने

अभ्यासलाई सुरु गरेका छौं। संयुक्त बैठक, संयुक्त निर्देशन र संयुक्त स्थलगत जाने अवस्था आउने दिनमा यसलाई अगाडि बढाउने छ भन्ने म विश्वास व्यक्त गर्न चाहन्छु। समितिको कार्यक्षेत्रका विषय अन्तरगत विज्ञहरूको सेवा उपलब्ध गराउनका लागि संसद भित्र विज्ञ समूहको रोस्टर व्यवस्था गरियोस्, हुनुपर्छ भनेर पनि म माग गर्न चाहन्छु। सबै समितिका सकारात्मक कामहरूको लागि अनुभव आदानप्रदान गर्ने, छलफल मिटिङहरूलाई निरन्तरता पाओस् पनि म भन्न चाहन्छु। सभाका राम्रा अभ्यासका कुरा गरिरहँदा राष्ट्रिय सभाले केही नयाँ मानकहरू स्थापित गरेको छ। समयमै निर्धारित समयमै सभा सञ्चालन गर्ने सभाको यो एउटा महत्वपूर्ण मानक हो। यसका लागि सभाका सम्माननीय अध्यक्षज्यू, उपाध्यक्षज्यू र सबै सिङ्गो माननीय सदस्यज्यूहरू, दलका नेता र सचेतकज्यूप्रति म धन्यवाद ज्ञापन गर्न चाहन्छु। सभामा प्रस्तुत भएका हरेक विधेयक र प्रस्तावहरू सर्वसम्मतिले पारित हुने यो नयाँ परिस्थिति पनि यो राष्ट्रिय सभाले निर्माण गरेको छ। सभा र समितिमा प्राप्त भएका सबै विधेयकहरू सर्वसम्मतिले अगाडि बढेको यो सुखद् अनुभूति छ। सभा सञ्चालनमा मलाई लाग्छ राष्ट्रिय सभा सञ्चालनमा हामीले कोरम नपुगको अवस्था, कोरम नपुगेर बैठक स्थगित गर्नुपरेको घटना बेहोर्ने परेन यो एउटा राम्रो मानक हो। यसलाई निरन्तरता दिनुपर्छ भन्ने मलाई राख्न चाहन्छु। हामी अन्तिम समयमा भएपनि हामीले संसद्को क्यालेन्डर बनाएर सुरुवात गरेका छौं। यो राम्रो अभ्यास सुरुवात भएको छ। अझै यसलाई म के जोड्न चाहन्छु भने सरकार नेपाल सरकार र संसद बसेर अझै यसलाई व्यवस्थित प्रभावकारी संसदको क्यालेण्डर बनोस् जसले संसदको प्रभावकारिता सरकारको जवाफदेहिता र उत्तरदायित्व र समितिहरूको भूमिका प्रभावकारी हुन्छ। यो आगामी दिनमा लागू गरियोस् भन्न चाहन्छु। ६ वर्ष राष्ट्रिय सभा र समितिको काम कारबाहीको अनुगमन र अनुभूति, अभ्यासका कारण धेरै समस्याहरू समाधान गर्न राष्ट्रिय सभा नियमावली जो हाम्रो अनुभव र अनुभूतिलाई विश्लेषण गरेर, संश्लेषण गरेर आज हामीले तेस्रोपटक राष्ट्रिय सभा नियमावली संशोधन गर्दैछौं। मलाई लाग्छ सम्भवत भोलि यो पारित हुँदैछ। यसले सिंगो राष्ट्रिय सभाको गरिमा र उचाइलाई अगाडि बढाउने छ भन्ने विश्वास व्यक्त गर्न चाहन्छु। यसका निम्ति भूमिका निर्वाह गरी सबैप्रति म हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु। यो मेरो कार्यावधिका लागि मलाई सहयोग गर्ने अभिभावकत्व गर्ने राष्ट्रिय सभाका अध्यक्ष, माननीय उपाध्यक्ष, सम्पूर्ण माननीय सदस्यज्यूहरू, दलका नेताहरू सबै सबैप्रति आभार व्यक्त गर्न चाहन्छु। संघीय संसदका महासचिव लगायत राष्ट्रिय सभा सचिव, प्रतिनिधि सभा सचिव, सचिवालयका सचिव, समितिका सचिवलाई, सबै कर्मचारी साथीहरू जो उहाँले निष्ठापूर्वक काम अगाडि बढाउन सहयोग गर्नुभयो। म जाँदाजाँदै के भन्न चाहन्छु भने संसदलाई प्रभावकारी बनाउन संसदका सचिवालय कर्मचारीहरूलाई प्रभावकारी बनाउन जरुरी छ। उहाँहरूलाई मोटिभेसन बढाउन आवश्यक छ।

त्यसका निम्ति संसदले यो व्यवस्था कर्मचारीको मोटिभेसन वृद्धि गर्ने खालका कामहरूलाई अगाडि बढाउने छ। यसका निम्ति पनि संसदले ध्यान दिने छ भन्ने कुरा (...... समय सकिएको) ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्य नरपति लुवार। त्यसपछि माननीय सदस्य प्रकाश पन्थ।

**(१२:०३ बजे) <u>माननीय श्री नरपति लुवार (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्ष महोदय, देशकै सबैभन्दा पिछडिएको अन्तिम पिछडिएको र अतिकम विकसित प्रदेश कर्णाली प्रदेशको प्रतिनिधित्व गर्दैगर्दा गर्दै २०७४ साल संघीय संसद राष्ट्रिय सभाको सदस्यको स्वरूप मा प्रवेश गरेको पनि ६ वर्ष पूरा गर्दैगर्दा ६ वर्षको प्रत्येक दिनलाई म प्रदेश र जनता र राष्ट्रिय सभाको स्वरूपमा सदस्यको स्वरूपमा के कति योगदान गर्न सकें यो समयले निर्क्योल गर्ला। व्यक्तिगत रूपमा मैले यी ६ वर्षहरूमा राष्ट्रिय सभा र सभाअन्तर्गत समितिहरूमध्ये म सदस्य रहेको समिति प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिको ४३६ भन्दा बढी बैठकमा उपस्थित रहेर योगदान गरेको रहेछु। विडम्बना नै भन्नुपर्दा भन्नुपर्दो रहेछ। ६ वर्षमा ३६५ दिनको पनि २१ सय ९० दिन हुँदो रहेछ तर राष्ट्रिय सभा र समितिका बैठकहरू यी २१ सय ९० दिनमध्ये कति दिन बस्ने प्रश्न गम्भीर छ। जति दिन बस्यौं तीमध्ये म उपस्थित ४३६ दिनभन्दा बढी दिनको बैठकहरूमा देशको विकास र जनताको जीवनस्तर उठाउने विषयमा योगदान गरें भन्ने मलाई लाग्छ।

सम्माननीय अध्यक्षज्यू, राष्ट्रिय सभाको बैठकमा दलितहरूका सवालमा विभिन्न विकासका निर्माणका सवालमा। अझ विशेष गरेर कर्णालीको विकासका सवालमा जनताका आवाजहरू बोलें भन्ने मलाई लागेको छ। संसदीय समितिमा मैले प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिको सदस्यको रूपमा र प्रत्यायोजित विधायन निर्माण गरेको विसङ्गतिहरू सुधार गर्न आफूले सकेको योगदान गरें। यस क्रममा प्रत्यायोजित विधायन निर्माणमा देखिएका केही विषयहरूमा संसदले विभिन्न निकायहरूलाई प्रत्यायोजित विधायनको निर्माणको असीमित अधिकार दिनु प्रत्यायोजित विधायन निर्माणको अधिकार प्राप्त निकायहरूबाट समयमा प्रत्यायोजित विधायन निर्माण नगर्नु वा प्रत्यायोजित अधिकारको सीमाभन्दा बाहिर गएर निर्माण गर्नु हो। प्रत्यायोजित विधायनको सिद्धान्त परिपालना गरी कानुन निर्माण हुनु आदि।

सम्माननीय अध्यक्षज्यू, यी यस्ता समस्याहरूको समाधानका लागि म कार्यरत रहेको प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिको विशेष पहलको फलस्वरूप विधायन व्यवस्थापन विधेयक, २०८० ले ऐनको रूपमा साकार हुने अवस्था सिर्जना भएको छ। त्यसैले राष्ट्रिय सभा तथा संघीय संसदका संयुक्त बैठकहरूमा सरकारका मन्त्रीबाट बजेट वक्तव्यमार्फत होस् वा संसद र समितिका जवाफ दिने क्रममा होस् व्यक्त भएका सरकारी आश्वासनको अध्ययन गरेर सरकारलाई ती आश्वासनहरू कार्यान्वयनका सवालमा संसदप्रति जवाफदेही बनाउने कार्यमा समेत सकेको सहयोग गरैं भन्ने मलाई लाग्दछ। यस क्रममा सरकारी आश्वासनको कार्यान्वयन अवस्था तथा राष्ट्रिय महत्त्वका दस्ताबेजहरूको अवस्थाको अध्ययन गर्ने त्यसको विभिन्न स्थानमा समितिहरूमार्फत स्थलगत अवलोकन, अनुगमन तथा अध्ययनसमेत गरियो। यस प्रकारका अध्ययनहरूबाट विभिन्न समयमा सरकारले व्यक्त गरेका सरकारी आश्वासनको कार्यान्वयनमा रहेको सबल पक्ष एवम् कमीकमजोरीहरू नजिकबाट नियाल्ने अवसर पाएँ। मन्त्रीले सरकारी आश्वासन दिने र यसको कार्यान्वयनमा क्रममा देखिएका मलाई लागेका कमीकमजोरीहरू सुधार गर्नुपर्ने केही विषयहरू भन्नुपर्छ।

बजेटमा एउटै कार्यक्रममा दोहोरिरहने, पर्याप्त बजेट विनियोजन नहुने रहयो। विनियोजन अलपत्र पर्ने समयमा सम्पन्न नहुने, लागत बढ्ने।वन ऐन, तथा सार्वजनिक खरिद ऐन तथा नियमावलीका कारण विभिन्न विकास आयोजनामा समयमा सम्पन्न हुन नसक्ने। बजेट व्यवस्थापनमा आएका कतिपय कार्यक्रमहरू मन्त्रालयहरूको कार्यक्रममा समावेश नहुने।

सम्माननीय अध्यक्षज्यू, मन्त्रीले तथ्याङ्क रूपमा भन्दा पनि बढी सैद्धान्तिक रूपमा संसद र समितिलाई प्रस्तुत हुनेलगायतका विभिन्न विषयहरू पाएँ। यिनीहरूमध्ये सुधार गर्नै पर्छ। यसमा पक्कै पनि सरकार र सरकारका जिम्मेवार मन्त्रीले ध्यान दिनु नै हुने छ भन्ने मेरो विश्वास रहेको छ। राष्ट्रिय सभाका सदस्य दस्ताबेजको सन्दर्भमा नेपालको सुगौली सन्धिलगायतको नक्कली वा सक्कली दस्ताबेजहरूको खोजी यहाँहरूको जिम्मेवारीमा रहेर छोडेर बिदा हुन पर्ने स्थिति रहेको छ।

अध्यक्ष महोदय, संघीय संसदले यो ६ वर्षमा पनि संघीयता कार्यान्वयनका लागि आवश्यक कानुन पूर्ण रूपमा निर्माण गर्न नसकेकोमा म ज्यादै दुखित छु नै संविधान सभाको धारा ४ ले व्यवस्था गरेको दलितको हकसम्बन्धी मौलिक हकको कार्यान्वयनमा सरकारले देखाएको उदासीनताले अझै दुःखित् बनाएको छ। आशा छ म यो संसदमा नरहे पनि यो सिङ्गो संसद त रही नै रहने छ। पक्कै पनि सभा र सिङ्गो संसदले संविधानले व्यवस्था गरेको दलितको हक कार्यान्वयनको सवालमा मात्रै नभएर समग्र संविधानको कार्यलाई सरकारलाई निरन्तर

खबरदारी गर्ने नै छ। संसदको प्रभावकारिता र सक्षम संघीय संसद सचिवालयमा पनि निर्भर रहेको यसैले संघीय संसदले यसतर्फ पनि पक्कै ध्यान दिनुपर्दछ भन्ने मलाई लाग्दछ। निर्माणाधीन संसद भवनको निर्माण छिट्टै सम्पन्न भएर भाडाको भवनमा संसदका बैठकहरू बस्नुपर्ने बाध्यता अन्त्य हुने विश्वास लिएको छु। यति मात्रै नभएर उक्त संसद भवनमा कम्तीमा नेपालको चुच्चे नक्सा मात्रै होइन विशाल नेपालकै भूगोलसहितको नक्सा हेर्न पाउँछु भन्ने विश्वाससमेत लिएको छु।

सम्माननीय अध्यक्षज्यू, यी यस्ता विषयका अलवा राष्ट्रिय सभा र सिङ्गो संसदको गरिमा संसद माननीय सदस्यहरूको प्रस्तुतिले राख्ने हुँदा आगामी दिनमा पनि माननीय सदस्यहरूले सभा तथा समितिका बैठकहरूमा सरकारलाई सदैव संसद र जनताको जिम्मेवारी र जवाफदेही बनाउने भूमिका खेल्नुहुने छ भन्ने विश्वास गर्दै सरकार र संसदप्रति अझ जिम्मेवारी र जवाफदेही हुने छ भन्ने आशा लिएको छु।

अन्तमा जस्तैः म ६ वर्षे कार्यकाल पूरा गरेर बिदा हुने माननीय सदस्यज्यूहरूलाई यहाँहरूको आगामी दिन हरेक हिसाबले सक्रिय, स्वस्थ र सुखमयी रहोस् भन्ने कामना गर्दै निर्वाचित भएर हाम्रो संस्थामा पछि आउनुहुने छ भनी यहाँ रहिरहनुहुने छ माननीय सदस्यहरूलाई पनि देश र जनताको काममा सक्रियपूर्वक लागिरहन सक्नुहुने छ भन्ने शुभकामना व्यक्त गर्न चाहन्छु।

सम्माननीय अध्यक्षज्यू, आजका दिनसम्म संसदीय गतिविधिमा सक्रिय बनाउन मलाई निर्वाचित गर्नुहुने जनप्रतिनिधि एवम् आमजनता राष्ट्रिय सभाका अध्यक्ष सम्पूर्ण माननीय सदस्यज्यू संघीय संसदका महासचिव राष्ट्रिय सभाका सचिव सिङ्गो संसद सचिवालय परिवार पत्रकार जगतलगायत सम्पूर्ण शुभेच्छुकहरूमा हार्दिक आभार एवम् धन्यवाद व्यक्त गर्न चाहन्छु। र यो महत्त्वपूर्ण समयका लागि अध्यक्षज्यूले समयलाई पुनः हार्दिक आभार व्यक्त गर्दै बिदा हुन्छु। धन्यवाद।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्य प्रकाश पन्थ। यसपछि माननीय सदस्य महेश कुमार महरा।

**(१२:१२ बजे) माननीय श्री प्रकाश पन्थ (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, अब यो अवसर ६ वर्षसम्म संसदमा आएर यहाँ यो अवसर प्रदान गर्नुभएकोमा म सर्वप्रथम त यो

सबै योगदान नै भयो सहिदहरूको अग्रजहरूको वहाँहरूप्रति म एकदम भावपूर्ण श्रद्धा सुमन व्यक्त गर्न चाहन्छु। अग्रजहरूप्रति सम्मान व्यक्त गर्न चाहन्छु। मेरो पार्टी नेपाली काँग्रेसका सभापतिसहित सबै नेताहरूलाई धन्यवाद आभार पनि व्यक्त गर्न चाहन्छु। अनि मेरा बा, आमा, श्रीमति, छोरालगायत भाइहरू सबैलाई यसको साथ सहयोग धैर्यताले पनि मलाई यहाँसम्म आउने हिम्मत दिएको थियो। उनीहरूलाई पनि सम्मान गर्न चाहन्छु। अब मेरो खास परिचय चाहिँ यहाँहरू मैले भनेकै थिएन पहिला पहिला पनि। म २० वर्षको हुँदाखेरि मेरो बायाँ खुट्टामा क्यान्सर भयो। अनि हड्डीमा क्यान्सर भएर खुट्टामा मेरो घुँडाभन्दा माथिबाटै काटिएको छ अहिले र कृत्रिम खुट्टाको प्रयोग गरेर यहाँहरूसँग हिँडडुल गर्ने कोसिसहरू गरिरा' छ। र मलाई थाहा थिएन म संविधान सभाको सदस्य चाहिँ त थिइनँ। तर संविधान बन्दै गर्दाखेरि म अत्यन्तै सतर्कतापूर्वक, सचेततापूर्वक यी सबै कुराहरूमा काम गरिरहेको थिएँ मैले। र संविधान जारी भएपछि यो देशको सांसद बन्ने भएँ भन्ने खुसी पनि त्यति बेलामा पहिलो जारी हुनेबित्तिकै किलिक्क आ'को कुराले मलाई यहाँ ल्यायो र संविधानले नै मलाई यहाँसम्म आउने बाटोहरू खोल्दियो। संविधानप्रति मेरो सधैं सम्मान रहिरहने छ।

अब यो मैले देखेको ६ वर्ष मूल्याङ्कन यहाँहरूले गर्ने हो। खाली आफूले देखेको भोगेको कुराहरू भन्ने भ'को हुनाले अब यो खुसी त छँदै छ। अब यो संघीयता संविधान जारी भएपछाडि संघीय संसदको राष्ट्रिय सभाको पहिलो batch को सांसद हुन पाउँदाखेरि त जो सुकैलाई खुसी लाग्ने कुरा त भयो। त्यो खुसी छँदैछ र सँगसँगै राष्ट्रिय सभा सदस्य भएर ऐतिहासिक जिम्मेवारी संविधान कार्यान्वयन गर्ने जिम्मेवारी संविधान कार्यान्वयन गर्ने ऐनहरूमा काम गर्ने जुन अवसर प्राप्त भयो। यसले चाहिँ एउटा आफूलाई छुट्टै गौरवपूर्ण अनुभूतिहरू पनि भ'को छ। र मैले सुरुमा मेरो एक वर्ष कार्यकालमा यो राष्ट्रिय सरोकार तथा समन्वय समितिको सदस्य भएर काम गरेँ। पछाडि ३ वर्ष विधायन समितिमा काम गरेँ। र पछाडि यही बिचमा ३ महिना यो संघीयता कार्यान्वयन अनुगमन समितिमा बसेर पनि विशेष समितिमा बसेर पनि काम गरेँ। र यसबिचमा हामी सातै प्रदेश पुगेर करिब दर्जनौं स्थानीय तहमा पुगेर संघीयता कार्यान्वयनको अवस्थामा अध्ययन गर्ने अवसर पनि मिल्यो। र कार्यकालको उत्तरार्धमा १८ महिना दिगो विकास समितिको सभापति भएर काम गर्ने अवसर प्राप्त गरेँ मैले। र अब यो सुरुमा नयाँ सांसद भएर आउँदै गर्दाखेरि चाहिँ हामी नयाँलाई अलमलै हुने गर्छ। हाम्रो पालामा अहिलेजस्तो दलबाट संसद सचिवालयबाट नयाँ नयाँ सांसदहरूलाई ठ्याक ठ्याक support हुने गरी त्यस्तो supporting mechanism हरू, अभिलेखीकरण पनि थिएन। हामी आफैं सिक्दै सिक्दै अगाडि बढेको स्थितिहरू पनि थियो। हाम्रो अग्रजहरूले यही सँगसँगै हुँदाहुँदै सिकाउनुभएको निर्देशन गरेका कुराहरूबाटै

अगाडि बढ्दै बढ्दै आ'को स्थितिहरू छ। अब हामी त्यसलाई अगाडि लानुपर्छ। नयाँ सांसदहरूलाई सुरुबाट नै काम गर्न सक्ने गरी चाहिँ बनाएर अगाडि बढ्नुपर्ने कुरामा सचिवालयले त्यसतर्फ दलहरूले ध्यान दिन आवश्यक छ। र अब यो के छ भन्दाखेरि हामी यो ६ वर्षको कार्यकालमा अब दुईपटक प्रतिनिधि सभामा भङ्ग भयो एकपटक निर्वाचनमा गयो र ३ पटक प्रतिनिधि सभाविहीन अवस्थामा हामीले नै काम गर्नुपर्‍यो। र यीबिचमा कानुन निर्माणका दृष्टिले तत्कालीन प्रतिनिधि सभाले उचित गति लिन सकेन। थुप्रै दर्जनौं विधेयकहरू शून्यमा गए। हामीले गरेका मेहनतहरू पनि शून्यमा गए भने राष्ट्रिय सभाको मेहनत लगानी पनि राज्यको लगानी पनि खेर ग'को स्थितिहरू चाहिँ यहीबिचमा थियो। र अध्यक्ष महोदय यो संविधान अथवा सांसदको मुख्य भूमिका विधि निर्माण गर्ने नै हो विधि निर्माणका सन्दर्भमा तर्जुमामा विधेयकहरूमा दलको तर्फबाट मेरो पार्टी नेपाली काँग्रेसको तर्फबाट मलाई सबै जिम्मेवारी मलाई त्यति बेलाका नेताहरू सुरेन्द्र राज पाण्डेदेखि लिएर राधेश्याम अधिकारीदेखि लिएर अहिलेका दलका नेता सचेतक रमेशजंग रायमाझी, अनिताजीले समेत यी सबै संशोधन जति तैंले हेर्ने, तैले पढ्ने यी सब विधेयक तैंले हेरेर आइज भन्ने त्यसमा त्यति धेरै वहाँले धेरै कजाउनुभयो। जसले गर्दा मैले त्यति धेरै त्यहाँ खटेर काम गर्ने अवसर पनि प्राप्त गरें। सिक्ने अवसर पनि प्राप्त गरें र दलकै तर्फबाट संशोधन राख्ने दर्ता गर्ने त्यसमा भाग लिने कुरामा छलफलमा भाग लिने कुराहरूमा त्यो अवसर दिनुभयो। त्यसले मलाई आफैंलाई पनि झन् त्यसले राम्रो बनायो, support गर्‍यो भन्ने मलाई लागेको छ। र अब यो कतिपय विधेयकहरूमा सरकारका मन्त्रीहरूले चाहिँ ध्यान दिएनन् यो बिचमा। यो बिचमा मौलिक हक र मानव अधिकार र सामाजिक न्याय समावेशी सिद्धान्त विधायकी ढाँचालगायत थुप्रै विषयहरूमा चाहिँ र प्रत्यायोजित अधिकारको दुरूपयोग हुने गरी थुप्रै विधेयकहरू संसदमा पनि आए। त्यसतर्फ हामीले कडा रूपमा प्रतिरोध गर्नुपर्‍यो। कतिपय विधेयकका विषयमा त हामीहरूले विरोधको सूचना पनि दर्ता गर्नुपर्‍यो। कति विधेयकहरूमा हामीले यहीं बोल्नुपर्‍यो। समितिहरू धेरै मेहनतहरू गर्नुपर्ने स्थितिहरू थियो भने अब पछि कतिपय विधेयकहरूले चाहिँ सबभन्दा दुःखद् कुरो चाहिँ मौलिक हक कार्यान्वयन गर्न आएका विधेयकहरू फटाफट आएर यताबाट आएर उताबाट गए। त्यसमा छलफलै गर्न पाइएन हामी सांसदहरू हाम्रा आफूलाई लागु हुने विधेयकमा पनि हामीले त्यसमा महिलालाई लागु हुने अपाङ्ग लागि लागु हुने दलितका लागि थुप्रै मौलिक हकमा कार्यान्वयन गर्ने विधेयकहरूमा हामी आफैंमा छलफल भएर पास गर्न पाएनौं त्यो चाहिँ एकदम दुःखद् छ। त्यो प्रभाव अहिलेसम्म छ कि मौलिक हक कार्यान्वयनको प्रभावकारितै छैन। यी सबै विधेयकहरूमा फेरि काम गर्नुपर्ने स्थितिहरू छ। त्यसले हाम्रो संसदीय मर्यादालाई अलि खिल्ली नै उँडायो। हाम्रा संविधानप्रतिको जिम्मेवारी पनि भएन भन्ने कुराको आफूलाई अनुभूति गरेको छु। कतिपय विधेयकहरू त्यस्तो

थियो भने र पछाडि चाहिँ समग्रमा यो विगत ५ वर्षमा विधेयक ल्याउने कुरामा चाहिँ सरकार निकै नै कमजोर भयो, अहिलेसम्म पनि विधेयक फिर्ता भइरा' छैन भनेसी कहाँनिर समस्या भयो भन्ने कुराहरू छ। त्यतिबेला कति विधेयकहरू पास गर्न सकेनौं। कतिपय विधेयकहरू मेहनतपूर्वक बल्लबल्ल त्यसलाई मिलाएर पनि अगाडि बढा'को स्थितिहरू थियो। मन्त्री हुनको लागि सासद चाहिने मन्त्री भएपछि सांसद नचाहिने जस्तो त्यस्तो पनि देखियो यसमा र स्थानीय तह हामी फर्केर जाँदाखेरि प्रदेशलाई स्थानीय तहहरूलाई तिमीहरूलाई आवश्यक पर्ने कानुन सबै बनाउन सकेनम् भन्न पर्ने भइहाल्यो। शिक्षा विधेयकका विषयहरू पनि ती सबै काम गर्न पाएनम् भन्ने स्थिति छ। अब यो थुप्रै कुराहरू अलिकति काम बाँकी हुँदा हुँदै हामी अगाडि जानुपर्ने समयमै हामीले चाहेर पनि काम गर्न नसक्ने स्थिति थियो भने अब यहीबिचमा मैले संसदमा हामी सबै मिलेर संसदमा गैर सरकारी विधेयक पनि दर्ता गर्‍यौं। त्यसलाई पनि हामीहरूले उही पास गरौं भन्ने थियो। त्यो पनि अलि सकिएन। अब यो संघीयता कार्यान्वयन अनुगमन र मूल्याङ्कन समितिमा बसेर चाहिँ हामीले थुप्रै कामहरू गर्‍यौं। संघीयतामा छरालिएका बहसहरूलाई हामी नकारात्मक भावहरूलाई चिर्ने कोसिसहरू गर्‍यौं र सरकारलाई त्यसमा थुप्रै सुझाव निर्देशनहरू दिने हामीले त्यसमा कामहरू गरेका छौं। र अर्को चाहिँ अब सांसदहरूको भूमिका संसदप्रति सरकारलाई जिम्मेवार, जवाफदेही बनाउने हो। संसदीय निगरानीका दृष्टिले प्रदेश र स्थानीय तह हामी दर्जनौंपटक पुगेका छौं। अवलोकन अध्ययनहरू गरेका छौं भने संघीय मन्त्रालय र अरू निकायहरूसित पनि हामी लगातार थुप्रै तरिकाले काम गरिरहेको स्थितिहरू छ। समितिमार्फत पनि थुप्रै कामहरू हामीले अहिले पछिल्लोपटक गरेका छौं। समितिको सभापति भएपछि त सरकारकै मन्त्रीहरू, निकायहरूलाई प्रत्यक्ष रूपमै छलफल, निर्देशन दर्जनौं लिखित जवाफमा नै लेखेर हामीले कोसिसहरू यो विषयमा गरेका छौं र यो सभा र समिति पनि अलिकति स्मार्ट हुन आवश्यक छ। पेपरलेस कागजकै पाना बोकेर हामी हिंड्ने होइन अब। समिति सभा सदस्यहरू रूपान्तर हुन आवश्यक छ। सूचना प्रविधिको प्रयोगलाई बढीभन्दा बढी प्रयोग गर्न आवश्यक छ। सचिवालयलाई पेपरलेसै बनाउने अब ट्याब बोकेर हिंड्ने हो कि के बोकेर हिंड्ने हो डिभाइस बोकेर हिंड्ने कागज बोकेर हिंड्नुभएन। घरमा अहिले दुई कोठा कागज मात्रै भइसक्यो। कहाँ छोडेर जाने स्थिति छ। त्यही भएर पेपरलेसमा जाने कुरामा हामी अब जानुपर्छ। सांसदहरूलाई पनि रूपान्तर हुन आवश्यक छ हामी सबै जना। प्रविधि र जनशक्तिलाई चाहिँ यसै पनि प्रविधि खर्च भइरा' छ। जनशक्ति खर्च भइरा' छ। resource खर्च भइरा' छ। त्यसैलाई पनि हामीले मिलाएर गर्न सकियो भने त्यसैबाट पनि धेरै कुरा सुधार हुने स्थितिहरू चाहिँ छ।

र अब यो समितिहरूले चाहिँ सूचकका आधारमा मात्रै अब संसदीय निगरानी गर्न आवश्यक देखिया' छ। कुनै पनि कुराको विस्तृत अध्ययन गरेर मात्रै निर्देशन दिने, त्यसको निरन्तर अनुगमन गरे भने मात्रै नतिजामा पुग्न सकिन्छ भन्ने कुरा देखिएको यो बिचमा। विधि निर्माणमा सदस्यले अरूको प्रभावमा नपरीकन आफ्नो विवेकपूर्ण तरिकाले ऐन, कानुन बनाउने कुरामा सांसदहरूले त्यो भूमिका खेल्नुपर्छ। तथ्य र तथ्याङ्कमा आधारित भएर मात्रै हामीले बोल्नुपर्ने कुराहरू पनि हामीले यो बिचमा देखेका छौँ। सभा सञ्चालनमा सदस्यहरूले पनि अध्ययन र अनुसन्धानकै आधारमा भूमिका निर्वाह गर्नुपर्छ। संसद सचिवालय दलहरूले आफ्नो सांसदहरूलाई त्यो विषयमा क्षमतावान् बनाउने तरिकाले support mechanism पनि बनाउन आवश्यक छ। अब सरोकारवालाहरूले पनि त्यतिकै उत्तिकै आवश्यक छ। उनीहरू पनि संसदसित जोड्नुपर्छ, समितिसित जोड्नुपर्छ। सयौँ राम्रो काम गर्दा पनि कहिलेकाहीँ सानो एउटा कामले हाम्रो ६ वर्षको कामहरू पूरै खेरा जान पनि सक्छ। त्यही भएर हामी अत्यन्तै सचेत भएर नै अगाडि बढ्नुपर्ने स्थितिहरू देखिएको छ। अब हामी हाम्रो कामकारबाही हचुवाको भरमा गर्न नहुने बोल्न नहुने कानुन बनाउनेभन्दा पनि तथ्य प्रमाणमा आधारित भएर काम गर्ने कुराहरूलाई हामी बढी जोड बल गर्न आवश्यक छ। संसदमा अनुसन्धानकर्ताहरू रहने त्यहाँ हामीलाई support गर्ने mechanism को आवश्यक छ। अब यो हाम्रो पालामा केही भएन अब चाहिँ केही होस् भन्ने खालको चाहिँ छ। अब यो राष्ट्रिय सभाको मर्यादालाई कायम गर्नका लागि राजनीतिक दलहरूले पनि संसद सचिवालय सिङ्गैले पनि हामी सांसदहरूले पनि अरू सबै निकायहरूले सरोकारवालाहरूले यसलाई यसको मर्यादालाई एकदम अगाडि बढाउने उच्च बनाउने कुरामा हामीले चाहिँ त्यसलाई हुँदै नहुने कुरा संवैधानिक दृष्टिले राष्ट्रिय सभा सरकार बनाउने ढलाउने खेलमा फस्नुपर्दैन। त्यो कारणले पनि यो सभाका सदस्यहरू अरूले भन्दा फरक ढङ्गले काम गर्न सक्नुपर्छ भन्ने छ। अब ह्वीप मात्र लगाउने भन्दा पनि अत्यावश्यक विषयमा बाहेक दलहरूले आफ्ना सांसदलाई पनि स्वविवेक रूपमा छोड्ने कुराहरूमा हामी त्यो अभ्यासहरू गर्नुपर्छ। राष्ट्रिय सभाका समितिहरू सभा चलायमान नै रहयो। हामी सबै मिलेर नै हामीले काम गर्‍यौँ। अनि संसदीय निर्देशन चाहिँ कतिपय कार्यान्वयनको अवस्था हामी केही कमजोरी भए पनि समग्रमा हाम्रा सन्तोषजनक अवस्थामा नै छ।

अध्यक्ष महोदय यो दिगो विकासको कार्यका दृष्टिले पनि थुप्रै कुराहरू छन्। त्यसलाई पछि पनि गरौँला। अब म आफैँ अपाङ्ग क्लस्टरबाट निर्वाचित सांसद भ'को कारणले गर्दा मैले सकेसम्म यी विषयहरूलाई सङ्कल्प प्रस्तावमार्फत ध्यानाकर्षण प्रस्तावमार्फत अनेकौं तरिकाबाट

सामाजिक न्यायलाई प्रवर्धन गर्ने खालको कोसिसहरू, सुशासन प्रवर्धन गर्ने कोसिसहरू निरन्तर बोलिरहकै छु।

र अन्त्यमा आइपुग्दाखेरि चाहिँ के छ भन्दाखेरि अब मलाई यहाँसम्म ल्याइपुर्‍याउने सबैप्रति मेरो आभार, धन्यवाद छ। अब दलका नेताहरूप्रति, सभापति, नेताहरूप्रति संसदभित्र सम्माननीयज्यूदेखि लिएर माननीयज्यू, सचिवालय पूर्व वर्तमान महासचिवज्यूहरूदेखि लिएर सबैलाई पत्रकार, सुरक्षा निकाय सरकारका संवैधानिक निकायका सबै व्यक्तित्वहरू सबैप्रति धेरै धेरै धन्यवाद दिन चाहन्छु। अनि सबै कर्मचारीहरूप्रति पनि धन्यवाद दिन चाहन्छु। काम गर्ने क्रममा कहिलेकाहीँ यसो बोल्दाखेरि अब धक्का पुग्यो भने सबैप्रति माफी पनि माग्न चाहन्छु .....(समय सकिएको)।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्य महेश कुमार महरा। यसपछि माननीय सदस्य सिंग वहादुर विश्वकर्मा।

(१२:२३ बजे) **<u>माननीय श्री महेश कुमार महरा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**:- सम्माननीय अध्यक्ष महोदय, आज ६ वर्ष पूरा गरेर चाहिँ भोलि पर्सि हाम्रो बिदाइ हुँदैछ र त्यही ६ वर्षको अनुभूति राख्ने क्रममा म केही कुरा राख्न चाहन्छु।

सम्माननीय अध्यक्ष महोदय, म सुदूरपश्चिमबाट प्रतिनिधित्व गर्दछु र अपाङ्ग cluster बाट। मेरो यो भनौं यो व्यवस्था ल्याउनका निमित्त जुन सामन्ती निरङ्कुश राजतन्त्रका विरुद्ध लडाइ गर्दाखेरि जनयुद्धको क्रममा 81 का छर्रा लागेर मेरो मस्तिष्कभित्र ७ ओटा छर्रा पनि अझ छँदै छन्। र खुट्टामा M16 को गोली लागेर दुइटै खुट्टामा गोली छ। र जसले गर्दाखेरि मेरो बायाँ हात काम गर्दैन भने औषधी सेवन गर्नुपर्ने र मेरो उपचार भनेको happy mind हो, खुसी हुनु हो। यसको संसारमा उपचार छैन, अप्रेसन। त्यस्तो अवस्थामा म त्यो cluster बाट मेरो पार्टीले चाहिँ नि मूल्याङ्कन गरेर यहाँ पुगाउनुभो'। यसको निम्ति पार्टी, अध्यक्षलगायत सम्पूर्ण अभिभावकहरूमा धन्यवाद दिन चाहन्छु।

र साथै ६ वर्षको अनुभव, अनुभूति राख्दाखेरि म छोटो रूपमा राख्न चाहन्छु। किन त भन्दाखेरि हिजो मैले थाहा पाएन र यहाँ ग्रुपमा देखेर थाहा पाएँ। म प्राथमिकता र सिद्धान्तको बारेमा तयारी गर्‍या थिएँ। यहाँ आइसकेपछि अब त अनुभव छँदै छ क्यारे ६ वर्षको आफ्नो यो सदनमा भनेर मैले चाहिँ छोटो रूपमा आफ्नो अनुभूति राख्न चाहन्छु। अनुभूतिका हिसाबले के रह्यो भन्दाखेरि म पहिलोचोटि सदनमा प्रवेश गरेको हो। र यसो हेर्दाखेरि राष्ट्रिय सभा आफैंमा

गरिमामय सदन हो, उपल्लो सदन हो। तर यसका केही सीमारेखाहरू छन्, संवैधानिक व्यवस्था भनौं त्यस्तो चाहिँ सीमा राखिदिएको छ। त्यो कारणले जति प्रभावकारी ढङ्गले यहाँ अगाडि बढ्नुपर्थ्यो र जति चाहिँ नि प्रभावित ढङ्गले हामीले अगाडि बढेर जान सक्नुपर्थ्यो, त्यो सकिने कुरा भएन। तैपनि, ती सीमारेखाका बाबजुद पनि हामीले, मैले भनौं यो ६ वर्षको अवधिमा यो सदनमा विशेष गरेर सुदूरपश्चिम पछाडि परेको क्षेत्र हो। त्यहाँका मुद्दाहरू मैले उठान गरें। उठान गरिसकेपछि ती जनताका आवाजहरू यो सदनमा बुलन्द गरिसकेपछि ती समस्या समाधान भयो कि भएनन् भन्दाखेरि खासै मैले त्यो सरकार चाहिँ त्यति सदनमा उठेका कुराहरूलाई चाहिँ नि कार्यान्वयन नगर्ने व्यवस्था गरेको जस्तो मलाई अनुभूति भएको छ, यो ६ वर्षमा। जति कुरा यहाँ जनताका प्रतिनिधिहरूले यो सम्मानित सदनमा कुरा उठाइन्छ, जति मुद्दाहरू यहाँ बुलन्द गरिन्छ, ती कुराहरू चाहिँ सरकार चाहिँ नि त्यसमा मौन रहेको देखियो। यो राम्रो पक्ष होइन। किन त भन्दाखेरि यो सार्वभौम संसद हो।  संसदले उठाइसकेका कुरा र संसदले राखेका समस्याहरू सरकार गम्भीर हुनुपर्छ। यसका निमित्त चाहिँ पछिल्ला दिनहरूमा चाहिँ सुधार गर्नुपर्छ भन्ने म त्यो राख्न चाहन्छु।

र अर्को कुरा मैले यहाँ के राख्न चाहें भन्दाखेरि यो ६ वर्षको period मा राष्ट्रिय सभामा ४ वटा समितिहरू छन्। ४ वटा समितिमध्ये एउटा विधायन समिति एउटा छ र त्यसमा मात्र विधेयकहरू जान्छन् र त्यहाँ छलफल हुन्छ। यदि त्यसमा भाग लिनुपर्‍यो भने संशोधन राख्नुपर्छ र फेरि त्यहाँ सहभागी भइन्छ। त्यो भएको कारणले एउटा अलिकता यो पक्षा कहाँ रह्यो भन्दाखेरि संशोधन हालेर मात्र त्यहाँ सहभागी हुँदाखेरि सबै भनौं विधायनहरूमा चाहिँ नि, विधेयकहरूमा सहभागी हुन सकिएन। र केहीमा त मैले संशोधन हालेर सहभागी भएँ र केही सकिने अवस्था रहेन। यो समस्या चाहिँ सिङ्गो राष्ट्रिय सभाको समस्या हो। यसलाई चाहिँ हल गर्नुपर्छ। र अहिले तेस्रो संशोधनमा स्वयम् म पनि भएको कारणले त्यो कुरा त्यहाँ उठाइसकेपछि भोलि यहाँ पास होला, त्यो आउँछ, भोलि पास हुँदैछ, आउँला। त्यो विषय चाहिँ त्यहाँ उठान भएको छ र त्यो समस्या त्यहाँ हल भएको छ, एउटा भनौं त्यो हल भयो। यो चाहिँ राम्रो पक्ष हो। र यसको चाहिँ हिजो त्यो चुनौती थियो, समस्या थियो भने आज त्यो समाधान खोलिएको छ र यो राम्रो पक्ष छ।

दोस्रो कुरो, राष्ट्रिय सभामा जुन विधेयकहरू आउँछन् र छलफल हुन्छ, यसमा मलाई के लाग्छ भने मैले पटक पटक यो समितिमा पनि भन्ने गर्‍या छु जब कानुन आउँदाखेरि सरकारले एउटा विधेयक ल्याउँछ, त्यो विधेयक सदनमा आइसकेपछि त्यहाँ संसदले चाहिँ नि स्वस्फूर्त भनौं एकदम खुल्ला मनले छलफल गर्न पाएका छैनन्। त्यहाँ ह्वीप जारी हुन्छ। ह्वीप जारी हुँदाखेरि

त्यो कानुन कस्तो बन्छ भन्दाखेरि जब यो संसदको सदस्यले त्यो कानुनमा संशोधन राखेर आफ्ना कुराहरू खुलेआम, खुल्ला रूपले राख्न नपाउँदाखेरि, बहस गर्न नपाउँदाखेरि त्यो कानुन सही र दूरदर्शी बन्दैन भन्ने मेरो बुझाइ छ। यसका निमित्त ह्वीप जारी हुनुहुँदैन। कानुन बनाउँदै, ठिक छ सरकार निर्माणको सवालमा ह्वीप जारी गरौं। तर कानुन बनाउँदाखेरि कुनै दलले पनि ह्वीप जारी गर्नुहुन्न भन्ने मेरो व्यक्तिगत विचार छ। किन त भन्दाखेरि यदि कानुन बनाउँदाखेरि ह्वीप जारी गर्‍यौं भने त्यो कानुन बन्छ कस्तो? अर्को कुरो त हाम्रो सरकारले ल्याउने विधेयकहरू रिसर्च नगरी ल्याउँछन्, भावनामा बगेर चाहिँ विधेयक ल्याएर आउँछन् र त्यो कानुन बन्छ। त्यो भावनामा बोकेर ल्याएका चाहिँ विधेयकहरू भोलि यहाँ ऐन बनिसकेपछि त्यो कति प्रभावकारी हुन्छ? कति दूरदर्शिता हुन्छ त्यो? भन्ने कुरा हुन्छ। त्यसो भा'का कारणले पहिलो सुझाव मेरो के छ भने अनुमतिको हिसाबले चाहिँ यसमा ह्वीप जारी गर्नुहुँदैन कुनै दलहरूले कानुनको सवालमा, निर्माण विधेयकको सवालमा, कानुन बनाउने सवालमा। दोस्रो कुरो, सरकारले ल्याउँदाखेरि पनि रिसर्च गर्नुपर्‍यो। रिसर्च नगरीकन कुनै एउटा घटना घट्यो, अनि त्यो एकदम सामाजिक सञ्जालमा पूरा भाइरल गर्‍या हुन्छ, त्यसबाट अनि भावना बगेर लौ ल्याउनैपर्छ भनेर चाहिँ त्यो ल्याइन्छ। त्यो प्रभावकारिता हुन सक्दैन। र त्यो नहोस्। अबका दिनमा चाहिँ त्यो नहोस् भन्ने मलाई लाग्छ। र मलाई एउटा मलाई लाग्या कुरा, मेरो अनुभूति भएको कुरा चाहिँ यिनीहरू छन्।

र अर्को कुरा के छ भने ६ वर्षसम्म म एउटा दिगो विकास तथा सुशासन समितिमा बस्न पाएँ। यो पनि एउटा भाग्यको कुरा हो। मैले अरू समितिमा पनि जान खोज्या थिएँ तर भएन, मिलेन। र त्यहाँ बस्दाखेरि हामीले दिगो विकासका लक्ष्य १७ वटा गोलहरू छन्। ती गोलहरूलाई २०३० मा हामीले पूरा गर्नु छ। हामी पक्ष राष्ट्र हो। भनेपछि त्यसलाई कसरी प्रभावकारी बनाउने त? त्यसलाई कसरी स्थानीयकरण गर्ने? भन्ने सवालमा हाम्रो दिगो विकास समितिले एउटा राम्रो के काम गरेको थियो भने अब यसलाई स्थानीयकरण त गर्नुपर्‍यो र यसलाई प्रदेश र स्थानीयकरण गर्नका निमित्त हामीले एउटा एसडीजी च्याम्पियन भनेर एउटा गठन गर्‍या थियौं। सातै प्रदेशबाट ५ जना माननीयहरू, त्यो पनि समावेशी हिसाबले गरेर एउटा त्यो समिति गठन गरेर पनि हामीले यसरी काम गर्दाखेरि केही प्रभावकारिता भएको थियो। र पछिल्लो चरणमा माननीय हाम्रो प्रकाश पन्थ आइसकेपछि फेरि हामी नयाँ ढङ्गले अगाडि बढ्यो हाम्रो समिति, एउटा झन् अगाडिको भन्दा चाहिँ प्रभावकारी ढङ्गले अगाडि बढ्यो। र त्यसले गर्दाखेरि केही कामहरू चाहिँ भएका छन्। र यसलाई पनि अब यो दिगो विकासका लक्ष्यहरूलाई पनि २०३० मा पूरा गर्नु छ भने सरकार यसमा गम्भीर हुन जरुरी छ। हाम्रो

समितिले चाहिँ नि एउटा उपसमिति बनाएको थियो। त्यो निर्देशनहरू कति कार्यान्वयन भए भएन भनेर। त्यो उपसमितिको म संयोजक हुने अवसर पाएको थिएँ। त्यसमा हेर्दाखेरि चाहिँ भनौं १० percent पनि कार्यान्वयन नभएको पाइयो। यस्तो छ। यो किन हुँदैछ? राष्ट्रिय सभाका समितिप्रति किन चाहिँ सरकार उत्तरदायी छैन? किन चाहिँ अलि वेवास्ता गरेको जस्तो देखिन्छ त? भन्दाखेरि यसमा यसलाई अझ ओजपूर्ण र अगाडि राम्रो ढङ्गले बढाउनका निमित्त सम्पूर्ण राजनीतिक दलका नेतृत्वहरू चाहिँ इमान्दार हुनु जरुरी देखेको छु, मैले यो ६ वर्षको अनुभवमा। यो प्रभावकारी नहुनुको कारण राष्ट्रिय सभा त हो नि, हैन? त्यो समिति त हो। प्रतिनिधिसभाबाट उनीहरू आउँछन्, यो तरिका छ। यो भा' कारणले यसमा राजनीतिक नेतृत्व चाहिँ इमान्दारी हुन जरुरी छ। यदि त्यो इमानदारी र गम्भीरता हुने होइन भने जो गरिमा, जो ओज छ, जो चाहिँ बाहिर राष्ट्रिय सभाप्रति चाहिँ प्रश्न खडा भएका छन्, त्यो झन् प्रश्न खडा हुँदै जान्छ। त्यसलाई हामीले समस्या समाधान गर्नका निमित्त राजनीतिक दलका नेतृत्वहरूले इमान्दार र गम्भीर हुन जरुरी छ। यदि त्यसो इमान्दार र गम्भीर भयौं भने यो राष्ट्रिय सभालाई बुझ्ने सवालमा हामीले एकरूपताका साथ अलिकता यसलाई चाहिँ संविधान संशोधन गरेरै हुन्छ कि के गरेर हुन्छ? संविधान संशोधनै गर्नुपर्ने जस्तो देखिन्छ, यदि यसलाई ओजपूर्ण बनाउने हो भने। यसका निमित्त सम्पूर्ण भनौं राजनीतिक दलका नेतृत्व र यहाँ उपस्थित माननीयज्यूहरूले त्यो पहल गर्‍यौं भने यो राष्ट्रिय सभाको ओज, गरिमा चाहिँ बढ्छ। मलाई त्यो लाग्छ।

र अर्को कुरो, मैले यी कुरा राखिसकेपछि अर्को कुरा म के राख्न चाहन्छु भने जसरी ६ वर्षमा हामीले यहाँ आवाजहरू उठायौं, जनताका आवाजहरू बुलन्द गर्‍यौं, ती आवाजहरूलाई कार्यान्वयन हुन नसक्दाखेरि हामी दुःखी त छौं। तर अबका दिनहरूमा, अबका दिनहरूमा यो राष्ट्रिय सभामा उठेका मुद्दाहरू अथवा माननीयजीहरूले उठाएका मुद्दाहरूलाई सरकारले सकारात्मक रूपमा लिनुपर्छ। यसका निमित्त जुन नियमावली, नयाँ तेस्रो संशोधन नियमावली छ, त्यसमा पनि अलिकता कडाइपूर्वक त्यहाँ चाहिँ राखिएको छ। त्योलाई चाहिँ भोलि हामीले पास गर्न सक्यौं भने हामी त बिदाइ भएर जाँदै छौं र आउने माननीयजी र यहाँ रहनुहुने माननीयजीहरूको निमित्त र सिङ्गो राष्ट्रिय सभाका निमित्त पनि त्यो राम्रो कुरा हुने छ। भोलि त्यो यो सदनमा चाहिँ नि भोलि पेस भएर पास भयो भने यी समस्याहरू, जो यावत् यी समस्या मैले राखें, यी समस्यालाई चाहिँ समाधान गर्नका निमित्त केही हदसम्म चाहिँ त्यो तेस्रो संशोधन यहाँ राष्ट्रिय सभाको नियमावलीले चाहिँ हल गर्छ भन्ने मलाई लाग्छ।

र म अन्तमा म धेरै लामो नबोलीकन म अन्तमा के भन्न चाहन्छु भने यो छ वर्षको पिरियडसम्म यहाँ सदनभित्र चाहिँ सहयोग गर्नुहुने हाम्रो सम्माननीय अध्यक्षज्यू, माननीय

उपाध्यक्षज्यू र सम्पूर्ण माननीयज्यू र संसद सचिवालयलाई धन्यवाद दिँदै आफ्नो छोटो अनुभूति यहीं अन्त्य गर्छु। धन्यवाद।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्य सिंग वहादुर विश्वकर्मा। यसपछि माननीय सदस्य हरिराम चौधरी।

(१२:३३ बजे) **<u>माननीय श्री सिंग वहादुर विश्वकर्मा (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>**:- सम्माननीय अध्यक्षज्यू, सर्वप्रथम त म ज्ञात अज्ञात सहिदहरूप्रति र मलाई ६ वर्ष कार्यकाल सफलतापूर्वक सम्पन्न गर्ने ठाउँमा ल्याउने र त्यो निर्वाचनद्वारा ल्याउने सम्पूर्ण पालिका, प्रदेश र प्रतिनिधि सभा, सम्पूर्ण माननीयज्यूलगायत सम्पूर्ण जनताहरूलाई हार्दिक धन्यवाद भन्न चाहन्छु।

सम्माननीय अध्यक्षज्यू, आज हामी सार्वभौमसत्ता सम्पन्न नेपाली जनताको संघीय लोकतान्त्रिक गणतन्त्र व्यवस्थासहितको नेपालको संविधान २०७२ को मर्म र भावना र संघीय संसद राष्ट्रिय सभाको नियमावली र कार्यविधिअनुरूप मिति २०७४ साल माघ २४ गते हामी राष्ट्रिय सभाको यो गरिमामय सदनको सदस्यको हैसियतमा निर्वाचित भई आज हामी आफ्नो ६ वर्षको कार्यकाल सफलतापूर्वक सम्पन्न गरी हामी १९ जना माननीय सदस्यज्यूहरू बिदा हुँदै छौं। यो अवधिमा हामीले थुप्रै राज्य सञ्चालन तथा जनतालाई अधिकारसम्पन्न बनाउने र यो व्यवस्थालाई कार्यान्वयन गरी सफलता बनाउन आवश्यकता कतिपय ऐन, कानुन, नीति, नियम निर्माणको क्षेत्रमा उल्लेखनीय उपलब्धिहरू हासिल भएको छ। भएको महसुस गरेको छु तथापि हामीले यति भनेर मात्रै यो सदनले सार्थकता प्राप्त गर्ने छैन। अझै पनि जनताका मौलिक हक अधिकार कार्यान्वयनका सवालसहित मुलुकलाई विकास, समृद्धि, सुशासन र सुखी नेपाली बनाउने हाम्रो सपना पूरा भइसकेको छैन। मुलुकलाई यसका निमित्त अझै पनि हाम्रा कतिपय अधुरा र अपूर्ण कार्यहरू पूरा गर्नु व्यवस्थापिकाका सांसदअन्तर्गत राष्ट्रिय सभा सदस्यका रूपमा आगामी दिनहरूमा हजुरहरूको महत्त्वपूर्ण भूमिकासहित कार्यकाल सफल रहोस् भन्ने कामना गर्दै नवनिर्वाचित तथा हाल रहनुहुने माननीय सदस्यज्यूहरूलाई हार्दिक शुभकामना व्यक्त गर्दछु।

सम्माननीय अध्यक्षज्यू, मलाई राष्ट्रिय सभा सदस्यको ६ वर्षको कार्यकाल विश्वविद्यालयको पढाइ जस्तै रहेको छ, रहेको महसुस गरेको छु। यो अवधिमा मैले धेरै कुराहरू कानुन, न्यायसम्बन्धी संविधान, दिगो विकास, सुशासन र अधिकारका विषयमा थुप्रै ज्ञानहरू जान्ने, बुझ्ने र अनुभव प्राप्त गर्ने अवसरहरू पाएको छु। यस गरिमामय सदनमा म बागमती प्रदेशअन्तर्गतको

उत्पीडित, उपेक्षित दलितको समुदायको प्रतिनिधित्व गर्दै निर्वाचित भएपश्चात् सर्वप्रथम हालसम्म मुलुकमा घटेका जातीय विभेद, छुवाछुत विरुद्धको घटनाका विषय सम्बन्धमा सदन र सरकारको ध्यानाकर्षण गराउँदै आएको छु। त्यस्तै जिल्लामा घटेका विभिन्न प्राकृतिक विपत्ति, बाढी, पहिरो विभिन्न महामारी, कोरोनालगायतका विभिन्न घटनाहरूले निम्त्याएको जनधनको क्षति तथा जनताका आवश्यकता, चाहना, उनीहरूले भोगिरहेको पीडा, असुविधासहित जिल्लाका विकास निर्माणका लागि समेत सरकार र सदनको ध्यान आकर्षण गराउँदै आइरहेको छु। कोरोना, २०७२ को भूकम्पबाट प्रभावित भई बन्द रहेको राजधानीबाट सबैभन्दा नजिकको सिन्धुपाल्चोक जिल्ला चीनसँग जोडिएको सीमा तातोपानी भन्सार नाका पुनः सञ्चालनको लागि र बन्द अवस्थामा रहेको सिन्धुपाल्चोक र दोलखामा सञ्चालित ओरेण्ड म्याग्निसाइड खरिढुङ्गामा पुनः सञ्चालन सम्भाव्यता अध्ययनका लागि समेत संसद र सदनको ध्यानाकर्षित गराउँदै आइरहेको छु भने यता सरकारले वर्ष नै पिच्छे प्रस्तुत गर्ने राज्यको नीति तथा कार्यक्रम, विनयोजन विधेयक, बजेटलगायत अन्य विषयहरूमा समेत छलफलमा भाग लिई सल्लाह सुझाव प्रदान गर्दै आइरहेको छु। त्यस्तै यस सदननको विभिन्न विषयगत समितिहरू र जसअन्तर्गत विधायन व्यवस्थापन समिति र दिगो विकास तथा सुशासन समिति मातहतमा समेत रहेर कार्य गर्ने अवसर प्राप्त गरें। सदनमा दर्ता भएका विधेयकमाथि छलफल तथा संशोधनमा समेत सक्रिय सहभागिता लिई कार्य गर्ने अनुभव प्राप्त गरेको छु।

सम्माननीय अध्यक्षज्यू, हामीले हालसम्म यस सदनको विधायन व्यवस्थापन समिति मातहत रहेर ५७ मध्ये राष्ट्रिय सभाबाट २८ विधेयक पारित भई प्रमाणीकरण गरेको छौं भने २ वटा विधेयक विधायन समितिमा विचाराधीन रहेको छ भने यदि प्रतिनिधि सभामा सन्देशसहित गएका १० विधेयकमध्ये ५ वटा निष्क्रिय भइसकेको छ। त्यस्तै अहिले हामीले उत्पीडित र विभेदमा परिएका दलित समुदायका संविधानमा प्रदान मौलिक हक र अधिकारको कार्यान्वयन, सशक्तीकरणका महत्त्वपूर्ण ऐन, कानुन, नीति निर्माणका चरणमा रहेका छन् भने यता अझै पनि हामीले नेपालको संविधान २०७२ ले ग्यारेन्टी गरेको मौलिक हक, अधिकारको रूपमा स्थापित अधिकारहरू कार्यान्वयन गर्न संवैधानिक बाध्यताअनुरूप तोकिएको समयमा बनाइसक्नुपर्ने ऐन, नीति, नियम र कानुनहरू बनाई नसकिएकोले संविधान कार्यान्वयनमा समेत चुनौती थपिएको महसुस गरेको छु। त्यस्तै हामीले दिगो विकास तथा सुशासन समिति मातहत रहेर यस अवधिमा दिगो विकासको कार्यान्वयनको लागि नीतिगत सुधार गर्ने निर्देशन विकासका कार्यहरूमा देखिएको ढिलासुस्ती सम्बन्धमा सम्बन्धित निकायमा सम्माननीय छलफल र अन्तरक्रिया गरिएको छ। हामीले सन् २०३० सम्म हासिल गर्नुपर्ने दिगो विकासका लक्ष्य पूरा गर्न आवश्यक निर्देशन तथा

संसदीय भूमिकामा लागि प्रयत्न गरिरहेको छ भने गत शैक्षिक सत्र सुरु हुनुअगावै विद्यार्थीहरूको मातहतमा पुस्तकहरू पुर्‍याउनको लागि, किसानहरूलाई समयमा मल पुर्‍याउनको लागि, उखु किसानहरूको लागि पर्याप्त समयमै उहाँहरूको मूल्य निर्धारण गरेर खरिद गर्ने, बिक्री गर्नको लागि हाम्रो दिगो तथा सुशासन समितिका सभापतिले ठुलो पहल गरी त्यसमा मन्त्रीज्यूहरूलगायत विषयविज्ञहरू सम्म राखेर सम्बन्धित विषयका मानिसहरूलाई सम्म पनि राखेर त्यसलाई सम्म पनि कार्यान्वयन गर्ने कुरामा पनि ठुलो भूमिका निर्वाह गर्ने उसमा, त्यसमा पनि मैले आफूले भाग लिने अनुभूति पाएको छु।

सम्माननीय अध्यक्षज्यू, सुशासनको लागि सोह्रौं पञ्चवर्षीय योजना निर्माणलगायत दिगो विकास तथा सुशासनका क्षेत्रमा सरकारलाई विभिन्न महत्त्वपूर्ण कार्य छलफल गरी सुझावहरू प्रदान गरिएको छ। सम्माननीय अध्यक्षज्यू, राष्ट्रिय सभा स्थायी सदन भएकोले यो सदन प्रतिनिधि सभाको बिजनेसमार्फत नभई सरकार र संसदको आवश्यकताअनुरूप जनतालाई अधिकार सम्पन्न बनाउने विषयमा केन्द्रित रहेर अबका दिनहरूमा चल्नुपर्ने कुरा महसुस गरेको छु।

अन्त्यमा राज्यलाई सुशासन र कानुनी राज्यको मार्गदर्शनतर्फ डोर्‍याउन राष्ट्रिय सभाको महत्त्वपूर्ण भूमिका रहेको छ भन्दै यस सदनको ६ वर्ष कार्यकाल सफलतापूर्वक सम्पन्न गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुहुने सम्माननीय अध्यक्षज्यू, सम्माननीय उपाध्यक्षज्यू, विषयगत समितिका सभापतिज्यूहरू, माननीय सदस्यज्यूहरू, सहपाठी माननीयज्यूहरू, यस सदनमा र सचिवलयका कर्मचारी मित्रहरू सम्पूर्णमा फेरि यो ६ वर्षको अवधिमा अन्तिम समयमा बोल्ने अवसर दिनुभएकोमा सम्माननीय अध्यक्षज्यूलाई पनि फेरि मेरो आफ्नो व्यक्तिगत तर्फबाट धन्यवाद दिँदै आफ्नो भनाइ यहीँ अन्त्य गर्छु। धन्यवाद।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्य हरिराम चौधरी।

(१२:४२ बजे) **माननीय श्री हरिराम चौधरी (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले म विशेषतः राष्ट्रिय सभामा ६ वर्षसम्म काम गर्ने अवसर पाएँ। यसको मेरो आफ्नो अनुभूतिजन्य बुझाइहरू म राख्न गइरहेको छु। विशेषतः २०७४ साल मा राष्ट्रिय सभाको पहिलो निर्वाचनपश्चात् नेपाल कम्युनिष्ट पार्टी माओवादी केन्द्रबाट म निर्वाचित भएको थिएँ। मलाई निर्वाचित गर्ने पार्टी, पार्टी अध्यक्षलगायत सम्पूर्ण नेतागणहरूलाई म हार्दिक धन्यवाद दिन चाहन्छु।

र आज सायद मलाई लाग्छ यो लगभग अन्तिम अन्तिम हाम्रो राष्ट्रिय सभाभित्र आफ्नो विचार राख्ने हाम्रो यो रोस्टम हो जस्तो मलाई लागिरहेको छ। ६ वर्षको अवधिमा राष्ट्रिय सभामा महत्वपूर्ण भूमिकाहरू निर्वाह गर्ने अवसर हामीले पायौं। नेपालमा लामो समयसम्म रहेको सामन्ती व्यवस्थाको अन्त्यपश्चात् नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्रलाई नेपाली जनताको सामु कार्यान्वयन गर्नको लागि अथवा संविधानलाई कार्यान्वयन गर्नको लागि र संघीय लोकतान्त्रिक गणतन्त्र हिजोको दिनमा सामन्तवादी संसदीय त्यतिखेरको व्यवस्था र संघीय लोकतान्त्रिक गणतन्त्रको व्यवस्थाबिचको एउटा फरकलाई हामी जनताको बिचमा बहस गर्ने एउटा महत्त्वपूर्ण अवसर म राष्ट्रिय सभामा आएर यो अवसरलाई प्रयोग गर्ने अवसर मैले पाएँ। यो अवसरमा हामीले विशेषतः नेपालमा रहेको व्याप्त गरिबी, शिक्षा, स्वास्थ्य, रोजगारीदेखि लिएर हरेक क्षेत्रमा रहेका हरेक समस्याहरूको बारेमा हामीले एउटा बहस गर्ने अवसर राष्ट्रिय सभाबाट मैले प्राप्त गरें। र यो अवस्थामा मैले एउटा आफूले चाहिँ महसुस गरेको, महसुस गरेको एउटा महत्वपूर्ण कुरा विशेषतः राष्ट्रिय सभा र प्रतिनिधि सभा के हो? भन्ने कुरा नै ममा, आफैंमा एउटा प्रश्न चिह्न रह्यो। मैले राष्ट्रिय सभा र प्रतिनिधि सभामा धेरै ठुलो भिन्नता मैले पाएनँ र मलाई लाग्छ यो भिन्न हुनुपर्छ। र मेरो आफ्नो अनुभूति प्रतिनिधि सभाजस्तै राष्ट्रिय सभा केही विषयहरूमा मात्र चाहिँ फरक देखियो। र यो कुरा आमजनता र नेपालका हरेक विज्ञ र नेपालको राजनीति र यो व्यवस्थाप्रति चासो राख्ने हर कोही एउटा चाहिँ निकाय र व्यक्तित्वहरूमा र किन राष्ट्रिय सभा चाहियो? भन्ने बहस पनि चाहिँ अहिले पनि चलिरहेको छ र यो अवस्था छ। मलाई लाग्छ यसको निराकरण गर्नुपर्छ। राष्ट्रिय सभा र प्रतिनिधि सभालाई बेग्लै बनाउनुपर्छ। प्रतिनिधि सभा प्रत्यक्ष जनताद्वारा निर्वाचित सदन हो भने राष्ट्रिय सभा जननिर्वाचित स्थानीय तह र प्रदेश सभाबाट निर्वाचित माननीयहरूको यो सभा भएको कारणले गर्दाखेरि यसको बारेमा हामीले अलिकति जनताले बुझ्ने गरी राष्ट्रिय सभाको महत्त्व र प्रतिनिधि सभाको महत्त्वको बारेमा चाहिँ व्याख्या गरिनुपर्छ र यसलाई त्यसरी चाहिँ प्रयोग गरिनुपर्छ जस्तो मलाई लाग्छ। र यसो हेर्दै जाँदाखेरि यो चिजमा चाहिँ केही कमी मैले पाएको एउटा अनुभूति गरें र यो अनुभूति मैले महसुस गरें।

र यसै सँगसँगै राष्ट्रिय सभामा आउँदै गर्दाखेरि हामीले अर्को एउटा मैले समस्या र एउटा अनुभूतिको रूपमा म मलाई लाग्यो। म विशेष गरेर चाहिँ आफू जनजाति समुदायबाट आएको कारणले गर्दाखेरि नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्रको बारेमा हामीले बहस गर्दै गर्दाखेरि नेपालमा सबभन्दा बढी बहस भनेको जातजाति, क्षेत्र, धर्महरूको बारेमा निकै नै बहस भयो। ठुल्ठुला आन्दोलनहरू भए। थुप्रै चाहिँ तपाईंको तराईदेखि, पूर्व तराईदेखि लिएर चाहिँ पश्चिम तराईमा ठुल्ठुला आन्दोलन भए। पहाडहरूमा चाहिँ विभिन्न प्रकारका जनजातिहरूका

आन्दोलनहरू भए। तर राष्ट्रिय सभाभित्र सबै प्रकारको क्लस्टरहरू चाहिँ सुनिश्चित गरियो। तर त्यहाँभित्र चाहिँ तपाईंको आदिवासी जनजातिको क्लस्टरहरू चाहिँ सुनिश्चित गर्न हामीले सकेनौं। यो आफैँमा चाहिँ यो के हो? भन्ने कुराको एउटा मैले आफैँले एउटा अनुभूति गरें। राष्ट्रिय सभामा बहस गर्दै गर्दाखेरि हामीले हामी आफैँ पनि त्यसै पनि एउटा गरिबी र एउटा भोकमरी अथवा चाहिँ गरिबीको एउटा चाहिँ रेखामुनि रहेको हाम्रो मुलुक हो। र अहिले पनि शिक्षा, स्वास्थ्य, रोजगारीको समस्याहरू व्यापक रूपमा छन्। अहिले पनि तल्लो, एउटा तलसम्म चाहिँ शिक्षाका थुप्रै प्रकारका अभावहरू छँदै नै छन्। र यो परिवेशमा हाम्रो मुलुकको अहिलेको व्यवस्था कस्तो भयो भने म यहाँ राष्ट्रिय सभामा हामीले बहस गर्दै गर्दाखेरि पनि हाम्रो कार्यकालमा नै २८ वटा हामीले चाहिँ कानुनहरू हामीले बनाउँदै गर्दाखेरि हाम्रो एउटा यो व्यवस्था भनेको चाहिँ कानुनी जटिलताभित्र एकदम गुज्रिएको देखियो। कानुनी यति धेरै जटिलताहरू छन् कि नेपाललाई बुझ्नका लागि कानुन बुझ्नै पर्ने, ती कानुनहरू बुझ्नका लागि आम चाहिँ ३ करोड नेपाली, ३ करोड नेपाली जनताहरूले ती कानुनहरूलाई कसरी बुझ्ने? यस्ता खालका जटिलताहरू मैले देखेको छु। माननीयहरू र अलिकति पढलेख गरेका चाहिँ महानुभावहरू अथवा हरकोही व्यक्तिहरूले चाहिँ कानुनलाई बुझ्नका लागि एउटा आफ्नो ढङ्गले बुझ्लान् तर आमजनताले चाहिँ कानुन बुझ्नको लागि यति जटिल अवस्था छ कि यो कुरा राष्ट्रिय सभामा आउँदै गर्दाखेरि, बहस हुँदै गर्दाखेरि मैले चाहिँ एउटा आफूले अनुभूति गरेको कुरा यहाँनेर पनि एउटा मैले देखें। र यी जटिलताहरूलाई, हामीले चाहिँ यो कानुनी जटिलताहरूलाई हामीले चाहिँ सहज कसरी बनाउन सक्छौं? यो व्यवस्थालाई, व्यवस्था र नेपालको समृद्धिका लागि चाहिँ यो कानुनी जटिलता पनि एउटा तगारोको रूपमा मैले देखेको छु। त्यसकारणले गर्दाखेरि यो कानुनी जटिलताहरू पनि यो संविधान सभा, विशेष गरेर चाहिँ राष्ट्रिय सभाभित्र आउँदै गर्दाखेरि मैले चाहिँ आफूले चाहिँ एउटा अनुभूति गरेको यो एउटा जटिलता पनि मैले देखें।

यसै गरी चाहिँ हामीले यो राष्ट्रिय सभामा हामीले बहस गर्दै गर्दाखेरि, बहस गर्दै गर्दाखेरि हामीले थुप्रै चाहिँ जनताहरूका विषयवस्तुहरूलाई हामीले उठायौं। यी उठाएका विषयवस्तुहरूलाई सरकारले कसरी त्यसलाई लिने? कसरी ग्रहण गर्ने? ती विषयवस्तुहरूको बारेमा कसरी चाहिँ सरकारले जवाफ दिने? यो परिपाटीको अभ्यास देखिएन। चाहे प्रतिनिधि सभामा उठाइएका विषयवस्तु हुन्, चाहे राष्ट्रिय सभामा उठाइएका विषयवस्तुहरू हुन्, त्यसलाई कसरी चाहिँ सम्बोधन गर्ने? यो देखिएन। यो कहिलेकाहीँ कस्तो लाग्ने भने यो अहिले म यो रोस्टममा आएर बोल्दै गर्दाखेरि के हो यो चाहिँ हैन तपाईंको चाहिँ मैले गरेका कुराहरू, मैले बोल्ने त्यसपछि जाने, यसको बारेमा कुन निकायले यसको जवाफदेहिता हुने? भन्ने कुराको जवाफदेहिताहरू चाहिँ

सरकार पक्षबाट यो देखिएन। यसले गर्दाखेरि व्यवस्थामाथि नै एउटा आमजनताहरूले चाहिँ प्रश्न चिह्न खडा गर्ने, तपाईंहरूले रोष्टममा गएर बोलेर के गर्नुभयो? भन्ने एउटा प्रश्नहरू चाहिँ हामीलाई सधैं रहिरहने। यस्ता खालका समस्याहरू पनि देखा परेको देखिन्छ। त्यसकारणले गर्दाखेरि मैले राष्ट्रिय सभामा आउँदै गर्दाखेरि चाहिँ यी यस्ता खालका अनुभूतिहरू चाहिँ एउटा चाहिँ महसुस मैले गरेको पाएँ। विशेषतः यो राष्ट्रिय सभामा हामीले महत्वपूर्ण विषयवस्तुहरू म आफू चाहिँ विशेष गरेर चाहिँ प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिमा बसेर पनि म काम गरें। र ६ वर्ष नै मैले त्यही समितिमा बसेर काम गरें, काम गर्ने अवसर पाएँ। हुन त हाम्रो राष्ट्रिय सभाभित्र अथवा तपाईं हामी सबैजनाहरूमा चाहिँ, माननीयज्यूहरूमा चाहिँ सबभन्दा राम्रो चाहिँ समिति कुन होला, त्यो समितिमा गएर मैले कुरा गर्न पाएँ हुन्थ्यो भन्ने कुराको exercise हरू त मैले धेरै पाएँ। तर मैले लामो समय चाहिँ प्रत्यायोजित व्यवस्थापन समितिमा काम गर्दै गर्दाखेरि वास्तवमा यो देश कसरी चलिरहेको छ? र हाम्रा समस्याहरू कहाँनेर छन्? सरकारले कुन कुन पोइन्टबाट चाहिँ सरकारमा रहेका हरेक निकायहरूले र विभिन्न प्रकारका चाहिँ सरकारको चाहिँ तपाईंका मन्त्रालयहरूदेखि लिएर विभिन्न प्रकारका सरकारका संरचनाहरूले प्रत्यायोजित व्यवस्थापन अथवा प्रत्यायोजित कानुनहरूलाई कसरी प्रयोग र दुरूपयोग गरेर चाहिँ उसले काम गर्दो रहेछ? र भ्रष्टाचारहरूलाई चाहिँ कसरी अगाडि बढाउँदो रहेछ? अथवा गलत प्रकारका चाहिँ सत्तामा, सुशासनका कामहरूमा कस्ता खालका चाहिँ गलत प्रवृत्ति र संस्कारहरू बसेका रहेछन्? भन्ने कुराको एकदम दरिलो अनुभूति र प्रत्यायोजित व्यवस्थापन समितिमा काम गर्दै गर्दाखेरि हामीले देख्यौं। कैयौं मन्त्रालयमा चाहिँ अढाई सय/ तीन सय ओटा चाहिँ तपाईंका विभिन्न चाहिँ तपाईंको निर्देशिकाहरू चाहिँ बनाएर काम गर्ने, काम गरेर चाहिँ त्यसलाई दुरूपयोग गरेर चाहिँ मन्त्रालयहरू सञ्चालन गरेको कुराहरू पनि हामीले चाहिँ त्यो समितिमा गएर प्राप्त गर्ने अवसर पाएँ। विशेषतः राष्ट्रिय सभामा महत्वपूर्ण यो देशलाई चाहिँ बुझ्ने अवसर पाइयो। र यो अनुभूतिलाई फेरि पनि म यहाँबाट बिदा भएर जाँदै गर्दाखेरि जनताको बिचमा मैले म यी अनुभवहरूलाई थप चाहिँ ती ठाउँमा यी अनुभवलाई साटासाट गरेर र जनताको बिचमा अझै पनि एउटा चाहिँ जनताको बिचमा गएर काम गर्ने एउटा अपेक्षाका साथ म राष्ट्रिय सभाबाट बिदा हुन गइरहेको छु। राष्ट्रिय सभा अध्यक्षलगायत सम्पूर्ण माननीयज्यूहरूको बिचमा यिनै कुराहरू राख्दै म बिदा हुन्छु। हस् त, नमस्ते। अभिवादन।

(१२:५२ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू अब म विधायन व्यवस्थापन समितिका माननीय सभापति जयन्ती देवी राईलाई स्थानीय तहको कानुन निर्माण प्रक्रिया एवं

अभ्याससम्बन्धमा स्थलगत अध्ययन अनुगमन एवं अन्तरक्रिया कार्यक्रमको प्रतिवेदन २०८० सभासमक्ष पेस गर्न समय उपलब्ध गराउँछु।

(१२:५३ बजे) **माननीय श्री जयन्ती देवी राई (नेपाल कम्युनिष्ट पार्टी, एकिकृत समाजवादी)**:- सम्माननीय अध्यक्ष महोदय, राष्ट्रिय सभा नियमावली २०७५ बमोजिम विधायन व्यवस्थापन समितिको कार्यक्षेत्रअन्तर्गत सभामा प्राप्त विधेयकमाथि छलफल तथा विधेयक व्यवस्थापन ऐन कार्यान्वयन, मापन तथा अध्ययन र अनुसन्धानसम्बन्धी विषयहरू रहेका छन्। समितिले नेपालको संविधान, प्रचलित कानुन, राष्ट्रिय सभा नियमावली २०७५ र संसदीय परम्पराभित्र रही आफ्नो जिम्मेवारी निर्वाह गर्दै आइरहेको छ। नेपालको संविधानले नेपाल तीन तहको संघीय शासन प्रणालीको व्यवस्था गरेको छ। यही संवैधानिक व्यवस्थाबमोजिम स्थानीय तहको पहिलो कार्यकाल पूरा भई दोस्रो कार्यकालको पनि एक वर्ष पूरा भएको छ। यसका साथै प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन सम्पन्न भई दोस्रो कार्यकाल सुचारु भइरहेको छ। राष्ट्रिय सभाले समेत आफ्नो छ पूरा, छ वर्ष पूरा गर्ने क्रममा रहेको छ। राष्ट्रिय सभाका सदस्यहरू प्रदेश र स्थानीय तहका जनप्रतिनिधिहरूबाट निर्वाचित हुने हुनाले राष्ट्रिय सभाको प्रदेश र स्थानीय तहप्रति अझ बढी जिम्मेवारी रहेको छ। नियमावलीको नियम २२ को ६(क) ले आफ्नो निर्वाचन क्षेत्रको सुव्यवस्था लगायत विषयमा अध्ययन गरी प्रतिवेदन दिन सक्ने व्यवस्था छ। राष्ट्रिय सभालाई आफ्नो निर्वाचन मण्डलप्रति उत्तरदायी बनाउने उद्देश्यले विधायन व्यवस्थापन समितिले निर्णय गरे अनुरूप समितिका माननीय सदस्यहरू दुई समूहमा विभाजित भई स्थानीय तहको कानुन निर्माण प्रक्रियामा एवं अभ्यास सम्बन्धमा मिति २०८० असार १३ देखि १६ गतेसम्म ६ वटा स्थानीय तहमा स्थलगत अध्ययन अनुगमन एवं अन्तरक्रिया कार्यक्रम गरिएको थियो। र मिति २०८० असार १३ गते भक्तपुर नगरपालिकामा समितिका सबै सदस्यहरूको सहभागितामा अध्ययन भएको थियो। अनि सोही महिनाको १४ देखि १६ गतेसम्म कोशी प्रदेश अन्तर्गत सुनसरीको इटहरी उपनगरपालिका मोरङको रङ्गेली नगरपालिका र धनकुटाको चौबीसे गाउँपालिकामा साथै गण्डकी प्रदेश अन्तर्गत कास्कीको पोखरा महानगरपालिका र अन्नपूर्ण गाउँपालिका समिति सदस्यहरू फरक टोलीमा विभाजित भई स्थलगत अध्ययन अनुगमन र अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो। सम्माननीय अध्यक्ष महोदय उक्त अध्ययनबाट कानुन निर्माणको समग्र अवस्था हेर्दा स्थानीय तहहरूले जनताको सबैभन्दा नजिकको सरकारको हैसियतमा सेवा प्रवाह गर्न आवश्यक पर्ने कानुन प्रबन्ध गर्ने अगाडि बढेको अवस्था छ। संस्थागत हुँदै गरेका स्थानीय तहहरूबाट केही नमुना पहल र प्रयासहरू समेत भएको पाइए तापनि कतिपय प्रक्रियागत विषय र तथा क्षेत्र अधिकारका विषयमा समस्याहरू रहेको पाइयो

स्थानीय तहको कानुन निर्माण प्रक्रियालाई दृष्टिगत गर्दा स्थानीय तहबाट हुने सेवा प्रवाहलाई सुचारु गराउने क्रममा परिआएका समस्यालाई सम्बोधन गर्न कानुनी प्रबन्ध गर्ने गरेको पाइयो। यद्यपि प्रबन्धहरू पर्याप्त र पूर्ण हुन भने सकेको पाइएका छैनन्। विधायिकी कानुन कतिपय विषयहरू समेत कार्यविधि निर्देशिका मापदण्ड जस्तै कार्यविधिगत उपकरणबाट सम्बोधन भएको पाइयो। जसलाई व्यवस्थापिकीय अङ्ग र कार्यपालिकीय अङ्ग बीचको शक्ति सन्तुलनका दृष्टिले उपयुक्त मान्न सकिँदैन। त्यसमा स्थानीय तहहरूले आफूलाई सुधार गरी संस्थागत बनाउँदै दिगो समाधान खोज्नुपर्ने देखिन्छ। प्रस्तुत प्रतिवेदनले स्थानीय तहको कानुन निर्माणका सम्बन्धमा संघ प्रदेश र स्थानीय तहका लागि केही सुझावहरू सिफारिस गरेको छ। समग्र स्थानीय तहको कानुन निर्माण प्रक्रिया धेरै उत्साहजनक मान्न नसकिए तापनि धेरै असल अभ्यासहरूको सुरुवात भने भएको पाइएको छ। ती असल अभ्यासहरूलाई संस्थागत गर्दै स्रोत साधनले उपयुक्त बनाउँदै लैजाने सके स्थानीय तहको विधायिकी अधिकारको प्रभावकारी उपयोग हुनुका साथै स्थानीय तहलाई संस्थागत गर्नसमेत योगदान पुग्ने देखिन्छ। यसै उद्देश्यमा केन्द्रित रही समितिले प्रतिवेदन तयार गरेको छ। सम्माननीय अध्यक्ष महोदय, सम्माननीय अध्यक्ष महोदयको अनुमतिले राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १५९ को उपनियम १ बमोजिम "स्थानीय तहको कानुन निर्माण प्रक्रिया एवं अभ्यास सम्बन्धमा स्थलगत अध्ययन, अनुगमन प्रतिवेदन २०८०" सभासमक्ष पेस गर्दछु। धन्यवाद।

(१२:५८ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू विधायन व्यवस्थापन समितिका माननीय सभापति जयन्ती देवी राईलाई "सम्पत्ति शुद्धीकरण मनि लाउन्डिङ निवारण तथा व्यावसायिक वातावरण प्रवर्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने विधेयक २०७९ सम्बन्धी विधायन व्यवस्थापन समितिको प्रतिवेदन" सभा समक्ष पेस गर्न समय उपलब्ध गराउँछु।

(१२:५९ बजे) **माननीय श्री जयन्ती देवी राई (नेपाल कम्युनिष्ट पार्टी, एकिकृत समाजवादी)**:- सम्माननीय अध्यक्ष महोदय राष्ट्रिय सभाको २०८० साल फागुन ०६ गते बसेको बैठकले प्रतिनिधि सभाबाट पारित भई सन्देश प्राप्त सम्पत्ति शुद्धीकरण मनि लाउन्डरिङ निवारण तथा व्यावसायिक वातावरण प्रवर्धनसम्बन्धी केही ऐनलाई संशोधन गर्ने विधेयक २०७९ माथि दफावार छलफलका लागि यस समितिमा पठाइएको थियो। उक्त विधेयक उपर २३ जना माननीय सदस्यहरूले जम्मा १५ वटा संशोधन प्रस्ताव दर्ता गराउनुभएको थियो। प्राप्त संशोधन प्रस्तावसहित विधेयकप्रति संवत २०८० साल फागुन १५ गते सैद्धान्तिक र फागुन १६ गते

दफाबार छलफल भएको थियो। प्रस्तुत विधेयकले सम्पत्ति शुद्धीकरण र मनि लाउन्डरिङ तथा आतंककारी कार्यमा वित्तीय लगानी निवारण र व्यावसायिक वातावरण प्रवर्द्धन गर्ने लक्ष्य लिएको छ। समितिको बैठकमा विधेयक प्रस्तुतकर्ता मन्त्रालयका मन्त्री संशोधनकर्ता प्रस्तावकर्ता माननीय सदस्यहरू कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका सम्बद्ध कर्मचारीहरू, विषयविज्ञहरू लगायत व्यक्तिहरूको उपस्थिति रहेको थियो। प्रतिवेदनले विधेयकको चारवटा दफामा संशोधन गरी विधेयकलाई समृद्ध बनाएको छ। यस विधेयकमाथि विभिन्न चरणमा भएको औपचारिक, अनौपचारिक छलफलहरूमा सहभागी हुनुका साथै प्रतिवेदन लेखन समेतमा सहयोग गर्नुहुने सम्बद्ध सबैलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु। सम्माननीय अध्यक्ष महोदय, सम्माननीय अध्यक्ष महोदयको अनुमतिले समितिद्वारा सम्वत् २०८० साल फागुन १६ गतेको समितिको बैठकद्वारा पारित "सम्पत्ति शुद्धीकरण मनि लाउन्डरिङ निवारण तथा व्यावसायिक वातावरण प्रवर्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने विधेयक २०७९ सम्बन्धी प्रतिवेदन" यस सम्मानित सदनसमक्ष पेस गर्दछु। धन्यवाद।

(१३:०१ बजे) **सम्माननीय अध्यक्षः-** माननीय सदस्यहरू, माननीय अर्थमन्त्री डा. प्रकाशशरण महतले "आगामी आर्थिक वर्ष २०८१/०८२ का लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकतामाथि सभामा छलफल गरियोस्" भनी राख्नु भएको प्रस्तावमाथि छलफल प्रारम्भ हुन्छ।

माननीय सदस्यहरू, प्रस्तावमाथिको छलफलमा भाग लिन दलीय आधारमा माननीय सदस्यहरूको नाम प्राप्त भएको छ। अब म, माननीय सदस्यहरूलाई छलफलमा भाग लिन समय उपलब्ध गराउँछु।

माननीय सदस्यहरू, प्रस्तावमा छलफल हुँदाखेरि अर्थ मन्त्रालयका जिम्मेवार अधिकृतहरू यो सभामा उपस्थित भएर यो सबै नोटहरू गर्नको लागि पुनः निर्देशन गर्दछु। अनिवार्य उपस्थितिको लागि म निर्देशन गर्दछु, सभामा आएर टिपोट गर्नका लागि अर्थमन्त्रालयका अधिकृतहरूलाई। माननीय हरिराम चौधरी। समय ५ मिनेट।यसपछि माननीय देवेन्द्र दाहाल।

(माननीय सदस्य भैरव सुन्दर श्रेष्ठ उठेर केही कुरा राख्न खोज्नु भएको) ।

के भन्दै हुनुहुन्छ माननीय, २ मिनेटमा आफ्नो कुरा राख्नुस्।

(१३:०२ बजे) **माननीय श्री भैरव सुन्दर श्रेष्ठ (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, म, हामी विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकताका विषयमा छलफल गर्न गइरहेका छौं। र आगामी आर्थिक २०८१/८२ का लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकताका माथि छलफल गरिरहँदा सम्बन्धित मन्त्री, विभागीय मत्रीज्यू नभएको कारणले गर्दाखेरि विभागीय मन्त्रीको उपस्थितिविना छलफल नगराइयोस् भनेर म माग राख्न चाहन्छु। धन्यवाद।

(१३:०२ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, मैले निर्देशन दिइसकेको छु कि यो विषयमा छलफल गरिरहँदा सम्बन्धित सम्बन्धित मन्त्री उपस्थित हुनु अत्यन्त राम्रो हुन्छ तर अनिवार्य हामीले त्यस्तो व्यवस्था,अनिवार्य उपस्थितिको लागि कानुनी प्रबन्ध नरहेको यो विषयमा भएको हुँदा अर्थमन्त्रालयका उच्च अधिकृतहरू आएर यसको सबै नोटहरू गर्ने र मन्त्री पनि उपस्थित हुने कुरालाई प्राथमिकता दिन भनेर मैले निर्देशन गरेको छु। छलफल जारी रहन्छ, टिपोट हुन्छ र त्यसको जवाफ मन्त्रीले प्रष्टरूपमा दिनपर्ने हुन्छ। धन्यवाद। माननीय सदस्यले आफ्ना भनाई राख्नुस्।

(१३:०३ बजे) **माननीय श्री हरिराम चौधरी (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, म अध्यक्ष महोदयको अनुमतिले विनोजन विधेयक, २०८१ का सिद्धान्त र प्राथमिकतालाई यो यसका बारेमा मैले छलफल गर्न क्रममा विशेषतः अहिले यो २०८१ को सिद्धान्त र प्राथमिकता २९ वटा बुँदामा चाहिँ अर्थ मन्त्रालयले यसलाई प्रस्तुत गरेको छ, अर्थमन्त्रीज्यूले चाहिँ प्रस्तुत गर्नुभएको छ, सिद्धान्त र प्राथमिकता। सिद्धान्त प्राथमिकतालाई हेर्दै गर्दाखेरि चाहिँ अहिलेको विकराल राजनीतिक परिस्थिति, विशेषतः अहिले देशमा आर्थिक क्राइसिस, सुशासनको कुरादेखि लिएर बेरोजगारी समस्या व्यापक रूपमा देशमा बढ्दो छ। र अहिलेको बजेट विशेषतः सुशासनलाई कसरी व्यवस्थित गर्ने, देशको आर्थिक खस्किँदो अवस्थालाई कसरी अगाडि बढाउने र देशमा रहेको बेरोजगारी समस्या र देशबाट बाहिर जाने दक्ष युवा, व्यवसायहरूको जो पलायनता चाहिँ व्यापक रूपमा देखिएको छ, यसलाई मध्यनजर गरेर यो सिद्धान्त र प्राथमिकतामा चाहिँ बजेट ल्याउने प्रयास गरिएको छ। तर पनि मैले यसलाई विशेषतः केही जोडबल गरेर चाहिँ म केही कुराहरू राख्न गइरहेको छु।

र यसमा विशेष गरेर चाहिँ आठौं नम्बर बुँदामा दिगो एवम् समावेशी आर्थिक वृद्धि भन्ने चाहिँ शीर्षकमा जो राखिएको छ, यसले विशेष गरेर चाहिँ सबभन्दा पछाडि परेको लक्षित वर्गलाई

यसमा चाहिँ केही व्याख्या गर्ने, सैद्धान्तिक रूपमा यसको केही बहस गर्ने प्रयास गरेको छ। र देशमा अर्थतन्त्रलाई कसरी चाहिँ यसलाई सुधार गर्ने भन्ने कुराहरूमा चाहिँ यसमा चाहिँ जोडबल गर्न खोजेको छ। तर मेरो आफ्नो जोडबल कहाँनिर हो भने विशेष गरेर चाहिँ अहिले हाम्रो देशमा अर्थतन्त्र व्यापक रूपमा खस्किँदो अवस्थामा छ। र अर्थतन्त्र खस्किने अवस्था के हो? के हामीले चाहिँ विदेशबाट खाद्यान्न किनेर, अथवा विदेशबाट चाहिँ हामीले पेट्रोल डिजेलहरू ल्याएर, अथवा कुनै अरू चिजका कारणले मात्र चाहिँ यो देशको अर्थतन्त्र बाहिर गएको छैन। अर्थतन्त्र बाहिर हामीले यो देशमा केही गर्न सक्ने कामहरू छन्। जस्तैः अहिले पनि सबभन्दा बढी अहिले पछिल्लो पटक हामीले खाद्यान्न अथवा चाहिँ डिजल पेट्रोलबाट चाहिँ अर्थतन्त्र बाहिर गए पनि अहिले पछिल्लो पटक विद्यार्थीहरूको चाहिँ पलायनता सबभन्दा ठुलो चाहिँ अर्थतन्त्रमा, यसले पनि ठुलो चाहिँ असर पारिरहेको छ। त्यसैले सिद्धान्त र प्राथमिकतामा अहिले हामीले यसलाई चाहिँ सैद्धान्तिक हिसाबले चाहिँ यसलाई विशेष जोड दिनुपर्छ। नेपालमा रहेका सम्पूर्ण विद्यार्थीहरूलाई नेपालमै उनीहरूले नेपालको आवश्यकताका आधारमा कस्तो प्रकारको शिक्षामा चाहिँ उनीहरूलाई चाहिँ केन्द्रित गर्न सकिन्छ, यसको लागि केही खुकुलो गर्नुपर्छ जस्तो मलाई लाग्छ। हामीले देख्यौं अहिले एउटा नर्स, अथवा कुनै डाक्टर, अथवा कुनै पनि प्राविधिक शिक्षा अध्ययन गर्नका लागि अहिले चाहिँ तपाईंको व्यापक रूपमा चाहिँ विदेश पलायन भइरहेका छन्, युवाहरू। यसबाट अरबौं पैसा चाहिँ अहिले देशभन्दा बाहिर गइरहेको छ। यसलाई चाहिँ ठोस गर्नुपर्छ। यो कुरा नेपालले आफैंले गर्न सक्ने कुरा हो यो। तर किन गर्न सकिरहेको छैन? यसलाई जोड गर्नुपर्छ जस्तो मलाई लाग्छ।

यसै गरी चाहिँ मुक्त कमैया, कमलरीहरूदेखि लिएर चाहिँ त्यसपछि गएर यिनीहरूको अहिलेसम्म, यिनीहरू फेरि पनि कमैया बन्न थालिसके। तर यिनीहरूको दिगो विकासका लागि चाहिँ राज्यले यिनीहरूलाई केही जमिनहरू दिएर त्यत्तिकै छोडिदिएको अवस्था छ। अहिले फेरि उनीहरू कमैया बस्ने ठाउँमा पुग्दैछन्। त्यसैले उनीहरूको जमिन, उनीहरूको रोजगारी र उनीहरूको दिगो विकासका लागि उनीहरूको चाहिँ बारेमा केही नयाँ सोचहरू ल्याउनुपर्छ जस्तो मलाई लाग्छ।

यसै गरी कृषिको कुराहरू छ। कृषिको कुराहरूलाई केही व्याख्या गर्ने प्रयास गरेको छ र अहिले बजेटमा ल्याउने प्रयास गरेको छ। तर कृषिलाई हाम्रो मूल एउटा चाहिँ, मूल रूपमा चाहिँ हामीले जुन लगानी हामीले कृषि क्षेत्रभित्र गरिरहेका छौं, यसले पुगिरहेको छैन। थप यसमा चाहिँ केही वृद्धि गर्नुपर्छ जस्तो लाग्छ।

र अर्को कुरा, देशको अर्थतन्त्र जोगाउने हो भने निजी क्षेत्रलाई जति प्राथमिकतामा राखुपर्ने हो, निजी क्षेत्रलाई सरकारले प्राथमिकतामा राख्न सकेको छैन। निजी क्षेत्रलाई जबसम्म हामी विश्वासमा लिन सक्दैनौं, देशमा रहेको अहिले खस्किँदो अर्थतन्त्रलाई हामीले व्यवस्थित गर्न सक्दैन। निजी क्षेत्रलाई जबसम्म हामीले व्यवस्थित गर्न सक्दैन तबसम्म चाहिँ देशबाट पलायन हुने युवा र व्यवसायहरूलाई हामीले रोक्न सक्दैन। त्यसैले निजी क्षेत्रलाई व्यवस्थित गर्नका लागि नेपाल द्वितीय प्रणालीलाई चाहिँ सुधार गर्नुपर्छ। सरकारले अनुगमन काटोलाई बलियो गर्नुपर्छ, निजी क्षेत्रलाई विश्वासमा लिनुपर्छ। निजी क्षेत्रलाई ..... मात्रै हाल्नै होइन, निजी क्षेत्रलाई कसरी विश्वास दिलाउने? एउटा निजी क्षेत्रलाई हामीले विश्वासमा नलिँदाखेरि आज देशमा रहेका थुप्रै युवापिँढीहरू र व्यवसायीहरू अहिले सटर लगाएर चाहिँ उनीहरू बाहिर गइरहेका छन्। त्यसैले अहिलेको यो बजेटमा निजी क्षेत्रलाई विश्वासमा लिएर, विश्वासमा लिएर विशेषतः अहिलेको बजेटलाई हामीले चाहिँ कार्यान्वयनतिर जानुपर्छ।

र त्यसै गरी यो बजेटलाई व्यवस्थित गर्नका लागि संघीय बजेट, प्रादेशिक बजेट र स्थानीय तहको बजेटलाई categorize गरिनुपर्छ। कतिसम्मको बजेट संघले ल्याउने, कतिसम्मको बजेट ल्याउने, कतिसम्मको बजेट स्थानीय तहले ल्याउने? त्यसकारणले यसलाई categorize जबसम्म गर्न सक्दैनौं तबसम्म संघीयताको अनुभूति पनि देखिँदैन र संघ र प्रदेश, स्थानीय तहको चाहिँ कुनै प्रकारको यसको तहगत देखिँदैन। यदि संघले ५ करोडसम्मको बजेट ल्याउँछ भने स्थानीय तहले, प्रदेश तहले त्योभन्दा तलको ल्याउनुपर्छ। र अहिले प्रदेश, स्थानीय तह, संघको एउटै बजेट छ। ५ लाखको बजेट संघले पनि ल्याउँछ, ५ लाखको बजेट चाहिँ प्रदेशले पनि ल्याउँछ, ५ लाखको बजेट स्थानीय तहले पनि ल्याउँछ। यस प्रकारको बजेटले काम गर्दैन। हस् त, धन्यवाद।

<u>**सम्माननीय अध्यक्ष**</u>:- माननीय सदस्य देवेन्द्र दाहाल। समय १५ मिनेट। यसपछि माननीय प्रकाश पन्थ।

**(१३:१० बजे)** <u>**माननीय श्री देवेन्द्र दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**</u>:- सम्माननीय अध्यक्ष महोदय, यो विनियोजन विधेयक, २०८१ का सिद्धान्त र प्राथमिकताको बारेमा छलफल भइरहेकोछ।

**(१३:१० बजे)** <u>**पीठासीन**</u>:- माननीय उपाध्यक्ष श्री उर्मिला अर्याल।

**(माननीय श्री देवेन्द्र दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले):-** यहाँ माननीय मन्त्रीज्यूको उपस्थितिको हामीले अपेक्षा गरेका थियौं तर अहिलेसम्म पनि, हालसम्म पनि सम्माननीय अध्यक्ष महोदयले रुलिङ गरे अनुसार मन्त्रीको उपस्थिति छैन। त्यसो हुँदा यो सिद्धान्त र प्राथमिकता बारेमा छलफलमा भाग लिने कि नलिने? भन्ने प्रश्न उठेको छ। सम्बन्धित मन्त्री आएर नसुनेको अवस्थामा उहाँले यस प्राथमिकतालाई, सांसदहरूका कुराहरूलाई कसरी उहाँले सम्बोधन गर्नुहुन्छ। र अर्को कुरा मन्त्रालयका अधिकारीहरूको उपस्थितिको सुनिश्चितता छ कि छैन? त्यसको पनि सुनिश्चित गरिनुपर्छ भन्ने लाग्छ र पछिल्लो रो मा बसेर सायद उहाँहरूले टिप्नुभएको होला भन्ने आशा गर्छु तर मलाई विश्वास छैन के यो सरकारसँग। किनभने यो सरकार आफैं धरमराएको जस्तो लाग्छ। र सम्बन्धित मन्त्रीका कुर्सीहरू पनि हल्लिरहेको जस्तो लागिराखेको छ। जे होस् हाम्रो आफ्नो कर्तव्य हामीले पूरा गर्नुपर्ने छ।

सम्माननीय अध्यक्ष महोदय, माननीय अर्थमन्त्रीजीले  विनियोजन विधेयक, २०८१ का सिद्धान्त र प्राथमिकताको बारेमा यो सदनलाई जानकारी गराउनुभएको छ, यो प्रस्तुत गर्नुभएको छ। र माननीय मन्त्रीज्यूले यो सिद्धान्त र प्राथमिकता गत वर्षभन्दा दुई महिना १० दिन अगाडि ल्याउनुभएको छ। यो एउटा खुसीको कुरा हो। एकदमै खुसीको कुरा हो। यसबाट पर्याप्त समय पनि भयो। र छलफल गर्ने हामीलाई अवधि पनि भयो। र धेरै गहन छलफल गरेर पास गर्न सकिने समय पनि भयो। तर सम्माननीय अध्यक्ष महोदय, यो विषय सकारात्मक भएपनि केही विषयहरू चाहिँ अझै पनि प्रश्नको घेराभित्र छन्। प्रश्नहरू उठेकै छन्। के सरकारले प्रस्तुत गरेका यी सिद्धान्त र प्राथमिकताको बारेमा सांसदहरूले सघन छलफल गर्न पाउलान्? के सांसदहरूले राखेको विषयले स्थान पाउलान्? के सिद्धान्त र प्राथमिकताको आधारमा नै पनि बजेट बन्छ कि बन्दैन, बन्ला?  यो परम्परा गतभन्दा भिन्दै छ होला। गठबन्धनका मन्त्री पहुँचवाला सांसदभन्दा माथि उठेर यो प्राथमिकता र सिद्धान्त अनुसार बजेट आउला? त्यसको लागि के सरकारको नीति तथा कार्यक्रमलाई यो सबै विषयलाई समेट्न सक्ला? के यसले आजका अर्थतन्त्रमा देखिएका चुनौतीको समाधान, सामना, समाधान हैन सामना गर्न सक्छ? समाधानको त यहाँ प्रश्नै छैन यो सामना गर्न सक्छ कि सक्दैन? के यसले लघुवित्त र सहकारी पीडितहरूका समस्या समाधान गर्न सक्छ? आज उहाँहरू सडकमा हुनुहुन्छ र यो सिद्धान्त र प्राथमिकता जुन पेस गरिरहँदाखेरि भोलि आउने सरकारको नीति तथा कार्यक्रम, भोलि आउने बजेटले यी सबै कुरालाई सम्बोधन गर्न सक्छ कि सक्दैन? यी सबै प्रश्नहरू प्रश्नहरू चाहिँ प्रश्नको घेराभित्रै रहेका छन्। हुन त मिटर ब्याज पीडितहरू पनि काठमाडौं आएर बसेका छन्। यो प्रशासनिक ढङ्गले कानुनलाई कार्यान्वयन गर्ने ढङ्गले पनि त्यसलाई समाधान गर्नुपर्ने हो। र त्यो

समाधान गर्नुपर्ने पनि काम छँदै छ। यी प्रश्नहरू म यो सरकारलाई किन उठाइरहेको छु भने यो सरकारले ल्याएको सिद्धान्त र प्राथमिकता गत वर्षको कपी पेस्ट जस्तो मात्र लाग्छ। नयाँ भिजनका साथ केही कार्यक्रम देखिँदैन। देशकोसमृद्धि सम्बन्धी व्यवस्थित योजना देखिँदैन। अर्थतन्त्रका आजका समस्या र समग्र देशका समस्या समाधान गर्ने ल्याकत यसले बोकेको देखिँदैन।

सर्वप्रथम त म यो सरकारको गन्तव्य के हो? गन्तव्यमै प्रश्न गर्न चाहन्छु। पुँजीवाद र समाजवाद मैले यो विषय किन उठाएको छु भने यो अहिलेको सरकारको स्वरूपलाई हेर्दाखेरि चाहिँ यो उठाउनु त नहुने हो। तर हामीले एउटा आफ्नो साझा दस्तावेज संविधानमा पनि के लेखेका छौं भने हामी चाहिँ अब समाजवाद उन्मुख राज्य व्यवस्था व्यवस्था स्थापना गर्छु भनेर लेखेका छौं। त्यसकारणले गर्दाखेरि यो सरकारको गन्तव्य चाहिँ पुँजीवाद हो कि समाजवाद हो? दलाल पुँजीवादको संरक्षण हो, या राष्ट्रिय पुँजीको निर्माण हो? यी कुराको जवाफ यो सरकारले दिन सक्नुपर्छ भन्ने मलाई लाग्छ। सम्माननीय अध्यक्ष महोदय, मलाई लाग्छ यो सरकारको प्राथमिकता भनेको दलाल पुँजीवादलाई प्रश्रय दिनु नै हो। किनभने यो सरकार समग्रमा भन्नुपर्दा पुँजीवादी सरकार नै हो। कम्युनिस्टको नेतृत्वको सरकार भनिए पनि यो पुँजीवादी सरकार नै हो। तर पनि मैले प्रश्न उठाउने ठाउँ छ। मैले अघि भने संविधानमा, संविधानको प्रस्तावनामा नै हामी समाजवाद उन्मुख समाज निर्माण गर्ने भनेर भन्या छौं। यतिबेला राष्ट्रिय पुँजी निर्माणमा ध्यान दिनुपर्ने हो, त्यो गर्न सकेको छैन र यसले गर्न सक्दैन भन्ने मलाई लाग्छ। मैले यहाँ दलाल पुँजीवाद र राष्ट्रिय पुँजीको कुराहरू गरें। दलाल पुँजीवादको कुरा गर्दा विदेशी पूँजीपति वर्ग, बहुराष्ट्रिय कम्पनीहरू जसले देशमा लगानी गर्छन् वा व्यापार गर्छन्। कमाउँछन् र कमाई आफ्नै देशमा लान्छन्। यतिवेला त बहुराष्ट्रिय कम्पनीहरू किनबेच पनि संसारको कुनै कुनाबाट पनि हुनसक्छ भन्ने कुरा यो एनसेलको बिक्री प्रकरणबाट थाहा भएको छ। त्यसकारणले गर्दा यो दलाल पुँजीवादवादको कुरा जुन छ यो दलाल पुँजीवादले हाम्रो देशको उत्थान हुन सक्दैन। उनीहरूलाई गर्न दिनु र व्यापार गर्न दिनु हाम्रो बाध्यता मात्र हो भन्ने हामीले बुझ्न जरुरी छ। मैले यहँ यसो भनिरहँदा विदेशी लगानी कर्ताहरू आउँदैनन् भने सरकार आत्तिनु पर्दैन। विदेशी लगानीकर्ताहरू हामीले यसो भने पनि उनीहरू यहाँ आउँछन्। दुईटा कारणले आउँछन्। एउटा भनेको उनीहरूको रणनीतिक स्वार्थ हुन्छ। भारतको आफ्नै स्वार्थ होला, अमेरिकाको आफ्नै स्वार्थ होला, युरोपियन युनियनको आफ्नै स्वार्थ होला। त्यो स्वार्थको कारणले पनि आउँछन् उनीहरू। अर्को नाफा कमाउने उद्देश्यले, नाफा कमाउन जहासुकै संसारमा जान पाइने भो नि त। उनीहरूको उद्देश्य नाफा पनि हो। त्यसले गर्दा नाफा कमाउने, हामीले जेसुकै भने पनि

उनीहरू आउँछन्। यो सरकार आतिनु पर्दैन। त्यसैले सरकारले के कुरामा प्राथमिकता दिन्छ भन्ने कुरा चाहिँ महत्त्वपूर्ण कुरा हुन आउँछ। त्यसैले म राष्ट्रिय पुँजी निर्माणको कुरा गरिरहेको छु। पहिलो आन्तरिक उत्पादनमा वृद्धि गर्नु जरुरी छ। उत्पादन वृद्धि गर्दै आत्मनिर्भरताको लागि कृषिमा आधुनिकीकरणमा प्राथमिकता दिन जरुरी छ। उत्पादन वृद्धि भयो भने आम्दानी बढ्छ। उक्त लगानीबाट थप लगानी गर्न सकिन्छ। थप लगानीबाट अझै उत्पादन बढाउन सकिन्छ। त्यसबाट देशलाई आत्मनिर्भर पनि बनाउन सकिन्छ। साथै राष्ट्रिय पुँजी निर्माण गर्न सकिन्छ। तर यो प्राथमिकताका सिद्धान्तमा यसलाई पहिलो प्राथमिकतामा राखिएको छैन। यो चाहिँ विद्युत् व्यापारको विषयलाई चाहिँ पहिलो प्राथमिकता राखिएको छ। त्यो विषयमा म पछि आउने छु।

दोस्रो राष्ट्रिय पुँजीको कुरा गरिरहँदाखेरि राष्ट्रिय पुँजी निर्माणको लागि उद्योगधन्दा, जडीबुटी र औद्योगिक कच्चा पदार्थको उत्पादन र व्यापार व्यवसायमा राष्ट्रिय पुँजीपति वर्गलाई प्राथमिकता दिनु आवश्यक छ। त्यो वर्ग भनेको यही देशमा लगानी गर्छ, कमाउँछ र कमाएको पैसा फेरि देशमा थप लगानी गर्छ। यसरी राष्ट्रिय पुँजीको विकास हुन्छ। त्यसरी राष्ट्रिय पुँजीपति वर्गलाई प्रोत्साहन गर्ने, देशलाई औधोगिकीकरणतर्फ जानु जरुरी छ। तर यो प्राथमिकता, यो सिद्धान्त र प्राथमिकतामा त्यस विषयमा ध्यान दिएको देखिँदैन। मैले अघि सुरुमै भन्या थेँ, यसको गन्तव्य के छ भनेर यहाँ मन्त्रीज्यूले विद्युत् व्यापार लगायतको व्यापार गर्ने कुरा गर्नुभएको छ। यो कुरा ठिकै छ, व्यापार गरौं न त, ठिक छ त। व्यापारमा खास गरी विद्युत् व्यापारको ठुलो ढोल पिटीरहेको अवस्था छ। भारतको स्वार्थमा विद्युत् आयोजनाहरू बनाउने र त्यही बिजुली भारतलाई बेच्ने हो कि के हो? यो सरकारले अहिलेसम्म जनतालाई यस बारेमा केही पनि भन्या छैन। यो सदन पनि बेखबर छ। ल ठिकै छ तपाईँ व्यापार गर्नुहुन्छ तर यो व्यापारलाई कमाएको व्यापारबाट कमाएको पैसा केमा लगानी गर्ने भन्ने तपाईंको प्राथमिकता के हो? कृषिमा आधुनिकीकरण गर्ने, कृषिमा उत्पादनको वृद्धि गर्ने, उद्योगधन्दाको विकास गर्दै रोजगारी सिर्जना गर्ने, युवाहरूलाई आत्मनिर्भर बनाउनका लागि युवा स्वरोजगारका कार्यक्रम, गरिबी निवारणसम्बन्धी कार्यक्रम, जनस्वास्थ्य शिक्षा र भौतिक पूर्वाधारका कुराहरू पनि हुनुपर्ने, त्यस्तो त केही देखिँदैन। यो विषय देशको समृद्धिसँग पनि जोडिएको विषय हो। त्यसकारण व्यापार गर्ने कुरा फगत व्यापारले मात्रै हुँदैन। कमाएको पैसाकहाँ लगानी गर्ने र आफ्नो देशको उत्पादन वृद्धि गर्ने सवालमा ध्यान दिएन भने व्यापारले मात्रै यो देशको समृद्धि हुन सक्दैन।

माननीय मन्त्रीज्यू, दस्तावेज हेर्दा लाग्छ तपाईँ आफ्नो कार्यकाल कटाउनेमा मात्र हुनुहुन्छ। यसलाई समय कटनी भनिन्छ, किनभने जस्तो लाग्छ कि माथिका उठाएका विषयमा

तपाईंको कुनै हुटहुटी देखिँदैन। यतिबेला विकाससम्बन्धी विभिन्न अवधारणाहरू आएका छन्। विकाससम्बन्धी हाम्रो अवधारणा कस्तो हुनुपर्छ ? विकास निर्माण भनेको फगत भौतिक विकास, पुल पुलेसा, बाटोघाटो आदि मात्र होइन भन्ने बुझ्नु जरुरी छ। विकासलाई मानिसको जीवनसँग जोडेर हेर्न सक्नुपर्छ। तपाईंको देशमा तपाईंले जिम्मेवारी ..... गरिबीको रेखामुनि कति जनता थिए ? तपाईंको डेढ वर्षे कार्यकाल पूरा गर्न लाग्दा गरिबीको रेखामुनि रहेका जनताको जीवन स्तर बढ्यो कि घट्यो? विकासलाई जनताको चेतनासँग पनि जोडेर हेर्नुपर्छ। जनताको चेतना स्तर कहाँ पुगेको छ, त्यसको आधारमा मुलुकको समग्र विकासको मापन हुन्छ। विकाससँग राजनीति र सामाजिक पक्ष पनि अभिन्न रूपले जोडिएको हुन्छ। विकासको लागि राजनीतिक नेतृत्वसँग भिजन हुनुपर्दछ, इमान्दारिता हुनुपर्दछ, प्रतिबद्धता हुनुपर्दछ, दूरदृष्टि हुनुपर्दछ, जनतालाई आशा जगाउने र जनताले विश्वास गर्ने हुनुपर्दछ। के यी सबै कुराहरू यो सरकारसँग छ? मलाई लाग्छ यसमा जिरो नम्बर दिन सकिन्छ। २०५१ सालको एमालेको अल्पमतको सरकार विगत केपी ओली नेतृत्वको सरकार हेर्नुस्। यी सबै कुराहरूलाई सम्बोधन गरेको छ। सामाजिक पक्षमा, समाजमा रहेका परम्परागत, कुरीति, भेदभाव, कुसंस्कार अन्त्य गरी समाज सुसंकृत, सभ्य हुनु आवश्यक छ। बोक्सी, छाउपडी, छुवाछुत जस्ता कुसंस्कार रहेसम्म समाज विकसित भएको मानिँदैन। वित्तीय क्षेत्रलाई हेर्ने हो भने न्यूनतम मात्रामा वित्तीय लगानी गरेर धेरै प्रतिफल लिने अपेक्षा गरिएको हुन्छ। आवश्यकताको तुलनामा साधन स्रोतहरू सीमित हुन्छन्। यसको विनाश तपाईं कसरी गर्दै हुनुहुन्छ ? यो विषय महत्वपूर्ण छ। समग्रमा विकास भनेको समृद्धि हो भन्न सकिन्छ। किनभने सर्वाङ्गीण क्षेत्रको सकारात्मक प्रगतिलाई नै विकास भन्ने गरिन्छ। त्यसैले हामीले "समृद्ध नेपाल, सुखी नेपाली"को नारा अघि सारेको।

यसरी सारांशमा भन्नुपर्दा उपरोक्त विषयहरू अनुसार के तपाईंका व्यवस्थित कार्य योजना र प्राथमिकताहरू छन् ? म भन्छु, यसको त छेउ पनि भेट्न सकिदैन। सम्माननीय अध्यक्ष महोदय, यो मैले पुस्तिका हेर्दाखेरि पुस्तिकामा भएका कुराहरू मसँग त समय थोरै छ, त्यसले गर्दाखेरी केहीँ प्रश्नहरू म उठाउन चाहन्छु। जस्तो वित्त नीति र मौद्रिक नीति बीचमा तालमेल नभएको र त्यो तालमेललाई मिलाउन कोसिस गरिएको भन्या छ एउटा। एउटा औद्योगिक उत्पादन र वित्त क्षेत्र अन्तर्गत सहकारी तथा लघुवित्तीय संस्थामा समस्या देखिएको कुरा गर्नुभएको छ। र त्यो समस्याको समाधानको कुराहरू मैले कहीं पनि भेटिन। यसमा कानुन निर्माण गरेरै गर्नुपर्ने हो कि? र कानुनलाई सशक्त लागू गरेर जानुपर्ने हो कि? नियमनकारी निकायलाई चाहिँ व्यवस्थित गर्नुपर्ने हो कि ? कसरी गर्नुपर्ने हो? यो समस्या त जटिल रूपमा आइसक्या छ। अर्को कुरा, अबको आर्थिक वर्षमा एक खर्ब पैसा चाहिँ ऋण तिर्नुपर्ने भनेर उहाँले

ल्याउनुभएको छ। एक खर्ब ऋण तिर्ने उहाँसँग योजना चाहिँ देखिँदैन। त्यसैले गर्दा सम्माननीय अध्यक्ष महोदय, सरकारको आम्दानी र खर्चबीच सन्तुलन कायम गर्ने कुरा छ। यो त छेउ टुप्पो पनि भेटिदैन। त्यसकारणले गर्दाखेरि म यति नै भन्छु। यो सरकारले ल्याएको यो विनियोजन विधेयक, २०८१ का सिद्धान्त र प्राथमिकता भन्ने जुन पुस्तिका छ। यो कर्मकाण्डी छ। यसले अहिलेका चुनौतीहरू, अर्थतन्त्रमा देखा परेका चुनौतीहरू र देशका समग्र चुनौतीहरूको समाधान गर्न यसले सक्दैन। र यो यसलाई त म भन्छु यसलाई पुनर्लेखन गर्नुपर्छ। यसलाई पुनर्लेखनै गर्नुपर्छ भनेर म भन्न चाहन्छु। र तपाईँ प्राथमिकताको कुराहरू गर्नुहुन्छ भनेदेखि यत्रो यत्रो किताब ल्याउनुहुन्छ तपाईँ। एक, दुई, तीन, चार गर्दै ल्याउनुस्। र यहाँ छलफल गराउनुस् माननीयहरूका सुझाव सङ्कलन गर्नुस्। हवस्, धन्यवाद।

**सम्माननीय अध्यक्ष** :- माननीय प्रकाश पन्थ। सयम १३ मिनेट। त्यसपछि सिंग वहादुर विश्वकर्मा।

(१३:२६ बजे) **माननीय श्री प्रकाश पन्थ (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, आज हामी यो विनियोजन विधेयक, २०८१ का सिद्धान्त र प्राथमिकतामाथि छलफल गरिरहेका छौं। अब एउटा नयाँ भाष्य चाहिँ हामीहरूले बनाउनु पर्ने भयो राष्ट्रिय सभाले। हामी पहिला पहिला पढ्दाखेरि स्कुलहरूमा बोल्दाखेरि बालवालिकाहरूलाई भविष्यका कर्णधार भनेर पढ्यौं। तर युवाहरूलाई हामी केही पनि भन्दै भनेनौं। अब युवाहरूलाई चाहिँ वर्तमान र यो मुलुकको आधार भनेर अलिकति चाहिँ त्यसरी जान सकियो भने केही होला जस्तो छ। त्यही भएर युवाहरूलाई वर्तमानको आधार पनि बनाउने अभिभारा पनि दिने। अनि युवालाई यसको सिद्धान्तसित जोड्ने। समुन्नत नेपाल समृद्धिलाई चाहिँ यसको सिद्धान्तसित जोडेर आगाडि बढ्यौं भने चाहिँ केही होला नत्र समृद्धि चाहिँ यतै कतै कतै तुहिए जस्तो लाग्छ मलाई। त्यसैले युवा परिचालन अबको आवश्यकता हो भन्ने कुरा हामीले बुझ्न आवश्यक देखियो। अब यो विगतमा पनि छलफल हुँदै आइरहेको विषयहरू हो। हामी लगातार ६ वर्षदेखिनै यसमा छलफल गर्दै आइरहेका छौं। अब यो मत चाहिने, मत भनेको सांसद। अनि ह्वीप लगाएर पनि मत लिने तर हाम्रो सुझाव, अभिमतलाई च्यातेर फालिहाल्ने। हेर्नुस् है हाम्रो प्रवृत्ति, विगतदेखि अहिले मात्रै होइन। सत्तामा जान संसद चाहियो, संसद, सभा चाहियो। मन्त्री भएपछि फेरि यहाँ आउनै नपर्ने भन्ने पनि, यो विगतदेखि नै अहिले मात्रै हैन। यस्तै अभ्यास विगत देखि नै चलिरहेको छ। आज मात्रै हैन। अनि सांसदहरूले बोलेका कुरा कहाँ काम लाग्छ अनि भन्ने कुरा पहिला देखि अहिले

सम्म उठिरहेको छ त्यो आवाज। आज मात्र उठेको होइन, विगत देखि नै हाम्रो, छ वर्षदेखि हाम्रो आवाज कहाँ गयो? कहाँ गयो हामीले बोलेको कहाँ गयो? हामीले बोलेको कुरा कहाँ काम लाग्छ भन्ने कुरा हामीले गुनासो गरिरहेको अवस्था चाहिँ छँदैछ। अब यसपटक एउटा खुसीको कुरा नै भन्नु पर्छ। समय छँदै अघि प्रमुख प्रतिपक्षको नेताले पनि स्वीकार गर्नु भयो। समय छँदै वर्खामा आउने बजेटलाई हिँउदमा हेर्नुस् त। यो छलफलहरू चाहिँ यहाँ लिएर आएर यो बजेट विनियोजनका चाहिँ सिद्धान्त र प्राथमिकताहरूको छलफलहरू गरिसके पछाडि अलि अलि केही केही होला जस्तो देखिएको छ। केही सङ्केतहरू आएको छ। केही खुसीहरू, केही सन्तोष गर्ने ठाउँहरू भेटिएला जस्तो अब चाहिँ छ। अब सांसदहरूले जनता र मुलुकको लागि नै कुरा उठाउँन्। उनले उठाएका कुराहरूलाई, राम्रा कुराहरूलाई नीति कार्यक्रम हुँदै बजेट विनियोजनसम्म ल्याउन सकियो भने त्यसले केही आशाहरू दिन्छ। र जनप्रतिनिधिहरूको आवाज पनि काम लाग्छ भने झिनो आशा अब चाहिँ के हो, यो समयमै आएको कारणले आशाहरू बढेको कुराहरू छ। अब यो विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकताको म यसकारण पनि स्वागत गरेको छु, मैले यसलाई समर्थन पनि गर्न चाहन्छु। र अब यो सांसदहरूको आवाज जनता र मुलुककै हितमा भएको हुनाले सांसदहरूको सुझावहरूलाई हुवहु कार्यान्वयन गर्न सकियो भने फेरि performance चाहिँ सरकारकै बढ्छ, हाम्रो बढ्दैन। सांसदहरूको सुझावलाई टेर्दा, मान्दा, पालना गर्दा , कार्यान्वयन गर्दा सरकारकै क्षमता बढ्छ, सरकारकै performance बढ्छ, सरकारकै लोकप्रियता बढ्ने भएको हुनाले पनि सरकारले सांसदका आवाजलाई सुरक्षित रूपमा कार्यान्वयन गरी लिनुपर्‍यो। सरकारले, यसको जस पनि लिने सरकारले नै हो। उतिबेला जननायक वि.पि. कोइरालाले उतिबेलै भन्नुभएको थियो कि मेरा राम्रा कुराहरू हैन, गलत र सुधार गर्ने कुराहरूको आलोचना गर्नु, त्यसको टिकाटिप्पणी गर्नु, पेपरहरूमा लेख्नु भन्नुभएको थियो त्यति बेला। तर हामी संघीय लोकतान्त्रिक गणतन्त्र नेपालका हामी आधुनिक अहिलेका सरकारहरू विगतका अहिलेसम्म आलोचना देखि डराउने, भाग्ने, उस्तै पर्‍यो भने आलोचना गर्ने, टिकाटिप्पणी गर्नेहरूलाई कारवाही पनि गर्ने खेदाउनेसम्म पनि हामी अहिले पनि भेटिरहेका छौं कतिपय माननीयज्यूहरू त्यसमा थुरुथुरु त्यसमा कारवाहीमा पनि पर्नुभएको स्थितिहरू चाहिँ छ। यस्तो अभ्यासहरू हामीलाई दलभित्र, दलबाहिर, parliament जहाँसुकै पनि अहिलेलाई ठिक गर्दैन। हामी कस्तो अभ्यास गरिरहेका छौं? हामीलाई कहाँ पुर्‍याइ, हामी कता जान खोजिरहेका छौं? भन्ने कुरा पनि त्यहाँ देखिएको छ। अब नेपालका हामी नेपालमा ठ्याकै परम्परागत संसदीय अभ्यासमा छैनौं। हामी मौलिक संसदीय अभ्यास पनि भनिसकेपछि, अब केही नयाँ अभ्यासको सुरुवात पनि भइसक्या पनि छन्। अबको संदर्भमा सरकारको नीति तथा कार्यक्रम बजेटहरू पनि संसदमानै छलफल हुने, खुल्ला छलफल हुने, सुझावहरू लेख्ने, त्यसलाई समेट्ने र

अझ राम्रो बनाएर त्यसलाई अगाडि बढाउने कुरामा चाहिँ अब त्यस्ता चाहिँ पनि अब केही कोसिसहरू हुन खोजेको देख्या' छौं हामीले। सुझावहरू लिने भनेसी त्यति कुराको केही सुरुवातहरू हुन खोजेको हो भन्ने हामी त्यसलाई त्यसरी पनि बुझेका छौं। त्यसरी नै कुराहरू अगाडि बढ्नुपर्छ। सरकारको नीति तथा कार्यक्रम अझै राम्रो बनाउने प्रयासहरू चाहिँ सत्तापक्षले वा प्रतिपक्षले प्रतिष्ठा बनाउनु भएन। सत्तापक्षले पनि, प्रतिपक्षले पनि ती कार्यक्रम बजेट, विनियोजन सबै कुरालाई राम्रो गर्ने कुरामा प्रतिष्ठाको विषय, लडाइको विषय बनाउनु भएन। त्यसलाई हामी चिरेरै अगाडि बढ्नुपर्ने अबको माग छ, अबको आवश्यकता त्यो छ। यो चाहिँ एउटा क्रान्तिकारी र अग्रगमन खास रुपान्तरण चाहिँ यहाँ हुन्छ। त्यही भएर हामी सबैले, सरकारले यस तर्फ पनि, सत्तापक्ष र प्रतिपक्षले राम्रो बनाएर जाने कुरामा सफा नियतको साथ अगाडि बढ्नुपर्ने छ। अब यो यस वर्षको विनियोजन विधेयकको सिद्धान्त र प्राथमिकताले यो चाहिँ अब सोह्रौं पञ्चवर्षीय योजनाको कार्यान्वयनको आधार, जग हामीले अब ५ वर्षमा गर्ने कामको यो सोह्रौं पञ्चवर्षीय योजनाको आधार वर्ष यो हो, यो चाहिँ जग हो। अब आगामी ५ वर्ष हामी कसरी अगाडि बढ्ने भन्ने कुरामा, कस्तो घर बनाउने भन्ने कुरामा चाहिँ जग कस्तो हाल्ने भन्ने कुरामा भर पर्ने भएको हुनाले अब यसतर्फ सरकारले विशेष सजग भएर काम गर्नुपर्ने स्थितिहरू छ। दिगो विकासको लक्ष्य हासिल हुने गरी, accelerate हुने गरी, यसको गति बढाउने गरी, क्षमता बढाउने गरी अबका विनियोजन बजेट कार्यक्रमहरू आउन जरुरी छ। विनियोजनको सिद्धान्त र प्राथमिकता व्यवस्था परिवर्तनसँगै अवस्था परिवर्तन महसुस हुने गरी, अब चाहिँ सर्वसाधारण जनताको जीवनस्तर परिवर्तन हुनेखाले गरेर चाहिँ त्यस्तो खालको चाहिँ संविधान र मौलिक हक कार्यान्वयन हुन सक्ने खालको चाहिँ अब हाम्रो प्राथमिकताहरू अब त्यतातर्फ उन्मुख हुने आवश्यकता छ। स्थानीय तह र प्रदेशलाई अधिकारसम्पन्न गराउने गरी, बलियो र सक्षम बनाउने गरी, संघीयता सवलीकरणमा focus, प्राथमिकता focus गर्ने अब त्यहाँबाट, प्राथमिकताभन्दा पनि focus नै गरेर जानुपर्ने कुराहरू अबको आवश्यकता देखियो। भ्रष्टाचारको अन्त्य, सुशासन प्रवर्द्धन हुन आवश्यक छ अब। सुशासन विना विकास सम्भवै छैन। प्रधानमन्त्री कार्यालयदेखि वडा वडा कार्यालयसम्म भ्रष्टाचार विरुद्ध कडा र निर्मम कदम चाल्नु पर्‍यो। त्यसको चाहिँ स्पष्ट खाका त्यहाँ आवश्यक छ। अब चाहिँ विकास गर्ने हो भने सुशासन चाहियो, चाहियो। समृद्धिको लागि समाजिक न्याय चाहियो चाहियो। सामाजिक न्याय विना समृद्धि पनि सम्भव छैन, समुन्नत नेपाल पनि सम्भव छैन। त्यो कुराहरू यसमा priority का साथ सरकारले अब राखेर जान आवश्यक छ। विगतको वर्षहरूमा जस्तो यस पटकदेखि संसदमा प्रधानमन्त्रीले, मन्त्रीलेहरूले आफ्नो क्षेत्रमा मात्र बजेट पारे भनेर भाषण हुने छैन सांसदहरूको अबदेखि। सबै ठाउँमा समावेशी हिसावले आर्थिक विकास हुनेछ, सन्तुलित हिसावले विकास हुनेछ, प्रादेशिक

सन्तुलन भन्ने हुनेछ। सात ओटै प्रदेशहरूको स्थानीय तहमा सबैमा सन्तुलित हिसावले, सामाजिक न्यायको हिसावले, सन्तुलनका हिसावले, लैङ्गिक समानताका हिसावले, सबै हिसावले अबको बजेट सन्तुलित हुनेछ। मन्त्रीका वडामा, मन्त्रीका जिल्लामा गए, प्रधानमन्त्रीका जिल्लामा गए भनेर भन्नुपर्दैन। अब आओस्, अबको बजेटहरू भन्ने कुरा हामी कामना पनि गरौं। अर्थतन्त्र एकदम चलायमान हुन सकोस्। निजी क्षेत्रदेखि लिएर सबै क्षेत्रमा समस्यै समस्या देखिइरहेको छ। अब युवा परिचालन, अघि पनि मैले भनें युवा परिचालन र रोजगारीमा यसलाई अभिवृद्धि गर्ने कुरा एकदम ढिलो भइसक्यो अब। अब नारा हैन, कुरा मात्रै हैन, लोकप्रिय बजेट ल्याउने मात्र हैन। खाली अब कामकाजी बजेट, कामकाजी कार्यक्रमहरू ल्याएर हामी अगाडि बढ्नु पर्‍यो। अब बजेट भाषणमा हामी चाहिँ पररर ताली आउने गरी हामी चाहिँ लोकप्रिय कुराहरू हाल्छौं। फेरि ६ महिनामा सुटुक्क संशोधन गरेर घटाएर ल्याउछौं थाहै हुन्न हामीलाई। हामीले पास गर्‍या हो घटेको हामीलाई थाहा नहुने गरी पनि भइरहेको छ। यस्तो प्रवृत्ति अन्त्य हुन सुरुदेखि नै ठ्याकै जे गर्ने हो त्यही गरी अगाडि बढ्न आवश्यक छ। त्यही हिसावले आफ्नो प्राथमिकता सिद्धान्तहरूलाई अगाडि सार्नु पर्ने स्थितिहरू भएको हो। र बजेट चाहिँ खर्च नभएको, पैसा नभएको र खर्च नभएको त्यो कुरा चाहिँ छुट्याउन बाँकी छ। यहाँहरूले पनि बुझ्नु होला। पैसै छैन भने खर्च कहाँबाट हुन्छ। खर्च किन भएन भने नभएर हो कि पैसा कुरा हो कि के हो त्यो पनि वुझेर किन खर्च भएन भन्नेतर्फ पनि हामीले आवश्यक तरिकाले हेर्नु पर्‍यो, त्यसलाई पनि हामीले हेर्नु पर्‍यो। सुशासन कायम गर्ने कुरा एकदम राज्यका संयन्त्रहरू एकदम कमजोर भइरहेका छन्। सुशासन कायम हुन सकिरहेको छैन। त्यो किन कायम भएन त्यसको अध्ययन होस्। प्रधानमन्त्रीज्यूदेखि लिएर अरू मन्त्रीज्यूहरू केही गर्ने कोसिस त गर्नुभएको छ, केही पनि भएका छैन, result आएको छैन, नतिजा किन आएन? कहाँबाट रोकिरहेका छ? भ्रष्टाचार कहाँ अन्त्य भएको छैन, सुशासन किन प्रवर्द्धन भएन? सेवा प्रवाह पैसै लाग्दैन। वजेटमा लेख्नु नपर्ने विषय समान्य जनताले अफिसमा जाँदा उसको काम सजिलोसित होस् भन्ने कुरामा पैसै चाहिँदैन। त्यस्ता कुराहरू भइरहेको छैन। त्यो mechanism ले कहाँ फेल खाइरहेको छ। संविधान त हामीहरूले फेरेम्, व्यवस्था पनि फेरेम्, सव कुरा हामीहरूले फेरेम् तर हाम्रो mechanism भित्र कहाँ कहाँ समस्या छ। तिनीहरूलाई ठिक ठिक तरिकाले operation नै गरेर अब त्यसलाई चाहिँ ठिक पार्नुपर्ने स्थिति अबको अवस्यकता छ। त्यसतर्फ अध्ययन होस् र ती राज्यका mechanism हरू किन कमजोर भइन? किन कामयाव भएन? तिनीहरू किन धारिला भएनन्? धार लागाउन के गर्नुपर्छ? त्यस तर्फ अध्ययन गर्न आवश्यक पनि देखिएको छ। संविधान र व्यवस्था परिवर्तन भएपछि यी संयन्त्रहरू परिवर्तन नभएको कुरा, जवसम्म हामो चाहिँ जीवनयापनमा, अवस्थामा परिवर्तन आउँदैन त्यो mechanism ले काम गरेन भन्ने कुरा पनि हामीले बुझ्नु

पर्‍यो। कोसिस भइरहेको छ  तर result  किन न आइरहेको छ भन्ने कुरामा अब गम्भीर भएर हेर्नुपर्ने स्थितिहरू छ। कार्यशैलीहरू पनि परिवर्तन भएको छैन। कर्मचारीहरू नेता जस्तो भएको भन्छन्, नेताहरू कर्मचारी भएको भन्छन् भने अवस्था जनजनको आवाज र गुनासो छँदैछ। यो सबै कुराहरूलाई चिरफार गरेर आगाडि बढ्ने अबको आश्यकता हो। संघीयताप्रति एकदम विश्वास गर्नुपर्‍यो, भर गर्नुपर्‍यो तिनीहरूको अधिकार दिनु पर्‍यो भन्नेकुरा। अधिकार दिन किन डराएको भन्ने कुरा छ, संघीयता किन स्वीकारेको छ त्यसो भए, ती सबै कुरालाई पनि हेरेर जाने आवश्यकता छ। व्यवस्था चाहिँ संघीयताको छ हाम्रो तर मानसिकता चाहिँ केन्द्रीकृत एकात्मक नै देखियो भने कुरामा जनजनको गुनासोहरू छ। यसतर्फ समयमै सोचेर अगाडि बढ्नु पर्‍यो। सम्माननीय अध्यक्ष महोदय, अब कृषि, पर्यटन र वनलाई उद्योगसँग जोड्ने कुरालाई प्राथमिकता होस् । अनि विद्युत्लाई समृद्धिसित जोड्ने कुरा, विद्युत् व्यापार गर्ने कुरा एक ठाउँमा छ। विद्युत् व्यापार गरेर देशलाई धनी बनाउने र नेपाल भित्र फेरि विद्युत्लाई सस्तो बनाएर जनताहरूलाई फेरि त्यसको सुविधा दिने, त्यसको सस्तो बनाउने, जीवनयापन सजिलो बनाउने, समृद्धि बनाउने कुरा त्यसलाई पनि जोड्नु पर्‍यो। उद्योगलाई रोजगारीसित, रोजगारीलाई युवासित जोड्ने कुरा एकदम आवश्यक छ। हाम्रा समाजवादी नेता अहिलेका वर्तमान राष्ट्रपतिले सधैं भन्नु हुन्छ। "विपन्नलाई आय, निमुखालाई न्याय" भन्नु हुन्छ। यो कुरा चरितार्थ होस्, यो कार्यान्वयनमा होस्, यो अनुभूति होस्। बिपन्नले साँच्चै न्याय पाउन, बिपन्नले साँच्चै आय पाउन्, निमुखाले साँच्चै न्याय पाउने गरी, त्यसको अनुभूति हुने गरी केही कोसिसहरू होस्। एउटा नारा छ, समाजवादी नेताको नारा, त्यसलाई कार्यान्वयन गर्ने गरी अगाडि बढ्न आवश्यक छ। त्यो एउटा guidance पनि हो, निर्देशन जस्तो पनि हो। र सम्माननीय अध्यक्ष महोदय, अब त्यो दिगो विकासमैत्री कानुन तर्जुमा गर्न पनि अब यो ढिला भइसक्यो। हामी चाहिँ खाली कामहरू गर्ने, कामको लागि आवश्यक पर्ने कानुनहरू नबनाउने, नीति बनाउने नीति कार्यान्वयनको लागि कानुनहरू नबनाउने गर्दाखेरि हामीलाई कतिपय कुराहरू ढिलासुस्ती भइरहेको अवस्थाहरू छ। महिला, दलित, अपाङ्ग भएको व्यक्तिलाई, लैङ्गिक अल्पसंख्यिक लगायतको सबै नागरिकलाई विकासको मुल प्रवाहीकरणमा गर्ने कुरामा चाहिँ अपेक्षाकृत सफलता छैन। यस तर्फ  पनि सोची विचारी अगाडि बढ्न पर्ने स्थितिहरू छ। दिगो विकास प्रति राजनीतिक अपनत्व मुख्य रूपमा खड्केको छ। हामी जहीले पनि संविधानको कुरा गर्छौं तर दिगो विकास, संविधान कार्यान्वयन गर्दा पनि दिगो विकासको लक्ष्य हासिल हुन्छ। दिगो विकासका लक्ष्यहरू हासिल भयो भने संविधान कार्यान्वयन हुन्छ। यो सबै कुरा एक अर्कासित अन्तरसम्बन्धित छन्। २०१६ मा संविधान र दिगो विकासका लक्ष्य सँगसँगै कार्यान्वयनमा आएको कारणले गर्दा यिनीहरूलाई parallelly नै सँगसँगै political ownership पनि बढएर, पार्टीका घोषणापत्रदेखि

सरकारको राज्यको निकायमा ती सबैकुराहरू लेखेर सँगसँगै बढ्न पर्ने स्थितिहरू देखिएको छ। दिगो विकास लक्ष्य अनुसार बजेट कोडिङ्ग हुँदैन। प्रदेशमा पनि हुन्न, स्थानीय तहमा पनि हुन्न, संघमा पनि छैन। त्यो जिरो कोडिङ्गमा चाहि अब नाममा पैसा राखेर खर्च गर्ने system देख्या छ। त्यसलाई अन्त्य गर्ने गरी अगाडि बढ्न (बत्ति त बल्या छैन नि?) आवश्यकता छ। र अब यो बिचबिचमा आएर अन्यत्र रकमान्तर गर्ने कुराहरू पनि ठिक छैन। यसलाई पनि हामीले सोच्नु पर्ने छ। संघीयता कार्यान्वयन गर्ने कुरा एकदम अगाडि बढाउने जोडदारका साथ आवश्यक छ। विद्युत्लाई पनि एकदम हामी प्राथमिकतामा राखौं। र अब यो अब के छ भने संविधान आफैंमा अन्त्यमा सम्माननीय अध्यक्ष महोदय, यो संविधान र व्यवस्था आफैंमा खराव छैन। खराव मान्छेहरूको नियतमा हुन्छ, त्यहाँ बस्ने कुर्सीमा हुन्छ। कुर्सीमै ३ फुटमा फरक हुदोरहेछ यता बस्दा अर्को कुरा उता बस्दा अर्को कुरा, मानसिकता मै पनि त्यहाँ बस्दा अर्को कुरा बोलिहाल्छु यहाँ बस्दा अर्को कुरा बोलिहाल्छु सबैको त्यही हो। त्यो भएपछि यी मानसिकता सिंहदरवार भित्रको कुर्सीमा के समस्या छ, त्यसलाई पनि हर्नुपर्‍यो। अब यो संविधान त खराब छैन जस्तो लाग्छ मलाई यहाँ अनेकौं स्वार्थहरूको हाहाकार र चित्कार छ। देश र जनतालाई केन्द्रविन्दुमा राखेर मन, बचन, कर्मले राज्यका सबै तहका सबै जिम्मेवार व्यक्तिले सफा नियतका साथ काम गर्ने हो भने समृद्धि र समुन्नत नेपाल सम्भव छ। जीवनको उत्तरार्धमा अन्तिममा हैन जीवनको उत्तरार्धमा एक मुठी सास फेर्दा भत्भती छाति पोल्ने गरी काम गर्न भएन। त्यति बेला अन्तिम सास फेर्दा आनन्द आउने, शीतल दिने, खुसी दिने गरी हामी काम गरौं, आगाडि बढौं। यसैमा सबैको भलो छ, मुलुकको भलो, जनताको भलो छ। हामी सबैको कल्याण छ। धन्यवाद।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्य सिंग वहादुर विश्वकर्मा। समय ५ मिनेट। त्यसपछि माननीय दिल कुमारी रावल थापा।

(१३:४० बजे) **<u>माननीय श्री सिंग वहादुर विश्वर्कमा (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>**:- सम्माननीय अध्यक्षज्यू, आजको यस गरिमामय बैठकमा नेपाल सरकारका माननीय अर्थमन्त्रीज्यूले मिति २०८१ फागुन १४ गते प्रस्तुत गर्नुभएको विनियोजन विधेयक, २०८१ का सिद्धान्त र प्राथमिकताको स्वागत र सम्मान र समर्थन गर्दछु। उक्त विधेयकमा उल्लेखित विषयहरूमाथि म आफ्नो धारणासहितका सल्लाह सुझावहरू राख्ने अनुमति चाहन्छु।

सम्माननीय अध्यक्षज्यू, वर्तमान सरकारले नेपाल जनताको संवैधानिक अधिकारको रक्षा गर्दै देश र जनताको विकास समृद्धिलाई मध्यनजर गर्दै मुलुकको वर्तमान अवस्था र

आवश्यकतालाई समेटिएर सबै क्षेत्र, समुदाय र वर्गलाई केन्द्रित गरी नेपाललाई विकासशील राष्ट्र उत्तर स्तरोन्नतिका लागि लिनुपर्ने रणनीतिसहित दिगो विकास लक्ष्य सुशासन तथा दिगो र फराकिलो आर्थिक वृद्धिका आधार तय गर्ने परिकल्पनासहित विनियोजन विधेयक, २०८१ मा सिद्धान्त र प्राथमिकताको प्रस्तुत भएको छन्। सम्माननीय अध्यक्षज्यू, प्रस्तुत विनियोजन विधेयक ०८१ का सिद्धान्तहरूमा दिगो एवम् समावेशी आर्थिक वृद्धि, सार्वजनिक वित्तीय सन्तुलन र विनियोजनमा कुशलता अभिवृद्धि, सामाजिक क्षेत्रको विकास र सामाजिक न्याय निजी क्षेत्र र लगानी प्रवर्धन, संघीयता र सुशासन प्रवर्धन, दिगो विकास र जलवायु परिवर्तन जस्ता थुप्रै महत्त्वपूर्ण विषयहरू प्रस्तुत विधेयकका सिद्धान्तमा उल्लेखित छन् भने यता प्राथमिकताहरूअन्तर्गत जल, विद्युत्, विकास, कृषिको आधुनिकीकरण र व्यावसायीकरण, पर्यटन विकास, सूचना प्रविधिको विकास, औद्योगिक विकास र निजी क्षेत्र प्रवर्धन, पूर्वाधार विकास सामाजिक क्षेत्रको विकास र सामाजिक न्याय हरित तथा उद्धानशील विकास र विविध व्यवस्थापन जनसङ्ख्यक लाभको उपयोग युवा शक्तिको परिचालन, वित्तीय क्षेत्र र समृद्धिकरण कानुनी शासन र शान्ति सुरक्षा र अन्तर्राष्ट्रिय सहयोग र सम्बन्ध जस्ता विभिन्न थुप्रै विषयहरू प्रस्तुत विधेयकमा प्राथमिकताहरूमा समावेश गरिएको पाइन्छ।

सम्माननीय अध्यक्षज्यू, प्रस्तुत विनियोजन विधेयक, २०८१ का सिद्धान्त र प्राथमिकताहरू अहिलेको परिवेश र मुलुकको विकास, समृद्धि र सुशासन हासिल गर्न अतिआवश्यक विषयहरू समावेश गरी उल्लेखित छ। तथापि केही विषयहरूमा म आफ्नो सल्लाह सुझावहरू उल्लेख गर्न चाहन्छु। हामीले आगामी बजेट उत्पादनशील मुखी र आर्थिक वृद्धि हासिल गर्नेतर्फ केन्द्रित रहनुपर्दछ। जसका लागि विशेष गरेर कृषि, पर्यटन, व्यापार र घरेलु उद्योग तथा मझौला र ठुला उद्योग विस्तार प्रवधर्न र पुनः सञ्चालनको क्षेत्रमा केन्द्रित रहनुपर्छ भने वैदेशिक रोजगारबाट फर्किएका युवाहरूलाई उनीहरूको सिप प्रवर्धन गरी व्यापार, व्यवसायीहरूको सुरक्षाको ग्यारेन्टी गर्ने विषयमा केन्द्रित रहनुपर्दछ भने अनुत्पादक क्षेत्रका अतिआवश्यक विकास निर्माणका क्षेत्रमा मात्रै वर्तमान बजेट केन्द्रित रहनुपर्दछ। वर्तमान बजेट जनताका मौलिक हक अधिकारको कार्यान्वयन केन्द्रित र समनुपातिक, समावेशिता सिद्धान्तमा रहेर उपेक्षित दलित समुदायको पेसा, व्यवसाय र उनीहरूको शक्तिलाई समेत केन्द्रमा राखेर बनाउनुपर्दछ भने मुलुकलाई सन् २०२६ सम्म विकसित राष्ट्र स्तरोन्नति गर्ने उद्देश्य र सन् २०३० सम्म दिगो विकासका लक्ष्य हासिल गर्ने गरी मुलुकको सोह्रौं पञ्चवर्षीय विकास योजनालाई समेत सफलता बनाउन भूमिका निर्वाह गर्ने गरी वर्तमान बजेट निर्माणमा सफलता

मिलोस् भन्ने सुझावहरूसहित त्यसतर्फ केन्द्रित रहौं भन्ने शुभकामनासहित म आफ्नो भनाई यहीँ अन्त्य गर्छु। धन्यवाद।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय दिल कुमारी रावल थापा "पार्वती"। समय १० मिनेट। त्यसपछि माननीय खिमलाल देवकोटा।

(१३:४४ बजे) **<u>माननीय श्री दिल कुमारी रावल थापा "पार्वती" (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**ः- सम्माननीय अध्यक्ष महोदय, नेपाल सरकारका माननीय अर्थमन्त्रीज्यूले यही फागुन १४ गते यस सम्मानित सदनमा विनियोजित विधेयक, २०८१ का सिद्धान्त र प्राथमिकता पेस गर्नुभएको छ। दुई महिना १५ दिन अगाडि नै प्रस्तुत विनियोजन विधेयक, २०८१ का सिद्धान्त र प्राथमिकता पेस हुनु यो राम्रो छ। सकारात्मक छ। म सरकारलाई धन्यवाद पनि दिन चाहन्छु। यो नयाँ परम्परा सुरआत पनि भएको छ। सँगसँगै म प्रश्न र आशङ्का पनि व्यक्त गर्न चाहन्छु। प्रिबजेट आउनु, छलफल हुनु, राम्रो र सकारात्मक छ तर संसदमा सांसदहरूले राखेका सुझावहरू समावेश हुन्छन् कि हुँदैनन्? कसरी हुन्छन्?। सुझाव नै समावेश हुन्छन् कि हुँदैनन्? सुझाव समावेश भयो भने कार्यान्वयन हुन्छ कि हुँदैन? यतातर्फ सचेत रहन म आग्रह गर्न चाहन्छु। चालु खर्चको भार अत्यधिक हुनु बढ्दै जानु विकास खर्च घट्नु राजस्व सङ्कलनको सामर्थ्य कमजोर हुनु र अहिले यो ठुलो प्रमुख समस्या पनि हो यसतर्फ सरकार गम्भीर छ कि छैन? सम्माननीय अध्यक्ष महोदय गत वर्ष यसै रोस्टमबाट मैले डाक्टर माननीय अर्थमन्त्रीज्यूलाई सोधेको थिएँ। माननीय अर्थमन्त्रीज्यू डाक्टर अर्थमन्त्री हुनुहुन्छ। अर्थतन्त्रभित्रको विद्यमान रोग र समस्याको राम्रोसँग diagnosis गर्नुहोस्, रोग पहिचान गर्नुहोस्। समस्या पहिचान गर्नुहोस्। त्यसपछि मात्रै सही उपचार र समाधान सम्भव छ। यतातर्फ ध्यान दिनुहोस् भन्ने मेरो गत वर्षको पनि सुझाव थियो। तर त्यो त्यस्तो देखिएन। समस्या पहिचान गर्न र गर्नेतिर ध्यान गएको देखिएन। समस्या नै पहिचान नभएपछि सुधार हुने र सही गन्तव्यतिर जाने त अवस्था पनि बन्न सकेन। फेरि पनि म आज कुरा दोहोर्‍याउँछु। समस्याको सही ढङ्गले पहिचान गरेर समाधान खोज्नेतिर अगाडि बढ्नको लागि आग्रह गर्छु। अर्थतन्त्रभित्रको समस्या पहिचान र समाधान गर्ने भनेको नीतिगत सुधार होला। संरचनागत सुधार होला। कानुन निर्माण होला। कानुन कार्यान्वयन होला। सार्वजनिक सेवा प्रवाहको व्यवहार र कार्य शैली परिवर्तन होला। त्यो भएको छ कि छैन त । जनताले सकारात्मक भाषण मिठो भाषण होइन, व्यवहार खोजेका छन्। व्यवहारको अनुभूति खोजेका छन्। आज यो जनताले पाएका छन् कि छैन। एउटा नागरिक,

एउटा मन्त्री सांसदको हैसियतले होइन कि एउटा सामान्य नागरिकको हिसाबले आज सार्वजनिक सेवा प्रवाह के छ। त्यतातर्फ सरकार गम्भीर बन्नको लागि पनि म विशेष आग्रह गर्न चाहन्छु। हामीले संविधान जारी गरेको पनि ८ वर्ष पूरा भइसकेको छ। अब हामी असोज ३ गते आउने असोज ३ गते नवौं संविधान दिवसको वार्षिक उत्सव पनि मनाउँदै छौं। आज पनि हामीले मौलिक हक कार्यान्वयन गर्न पा'का छैनौं। नेपाली जनताले मौलिक हक प्राप्त गर्न सकेका छैनौं। आज मैले यो प्रस्तुत विनियोजन विधेयक, २०८१ का सिद्धान्त र प्राथमिकता सिरदेखि तीरसम्म हेरैं। सिरानबाट पुच्छारसम्म पढैं। तर मलाई दुःख पनि लाग्यो पहिलो भनेको जनताको स्वास्थ्य होला नि जनता बाँचे भने जनता निरोगी भए पनि त्यसपछि विकास समृद्धिका कुरा होला। तर यो प्राथमिकताको एक नम्बरमा विद्युत् उत्पादन र व्यापारको कुरा आयो। आज सरकारको पहिलो प्राथमिकता स्वास्थ्य किन बनेन? मौलिक जनताले बाँच्न पाउने, स्वस्थ नागरिकको हक आज किन सरकारको प्राथमिकतामा बनेन यो कुरा चाहिँ म राख्न चाहन्छु। त्यस्तै गरेर शिक्षा नागरिक स्वस्थ भयो भने नागरिक शिक्षित भयो भने बल्ल देशले अगाडि बढ्ला, देशले फड्को मार्ला नि आज स्वास्थ्य, शिक्षा जस्तो महत्त्वपूर्ण संवेदनशील विषय मलाई लाग्छ, प्राथमिकताको बिसौं नम्बरमा परेको छ। के यसले हामीले हाम्रो संविधानमा लेखेको संविधानको प्रस्तावनामा लेखेको समाजवाद उन्मुख संविधान अथवा मौलिक हकमा लेखेको शिक्षा, स्वास्थ्य, रोजगारी प्राप्त हुन सक्ला त्यसैले मैले यो राम्रो हुँदा हुँदै झन्डै साढे दुई महिना अगाडि यो विनियोजन विधेयकको सिद्धान्त र प्राथमिकता प्रस्तुत भइरहँदा जुन खालको प्राथमिकता भएर आउनुपर्थ्यो। त्यो आइरहँदा राम्रो अभ्यासको सुरुआतको स्वागत गरिरहँदा आशङ्का व्यक्त गर्नुपर्ने सरकारले प्राथमिकता पहिचान गर्न नसकेको यो तितो यथार्थता म राख्न चाहन्छु। आज हाम्रो मुलुक आवश्यकताको शिक्षाकै कुरा गर्दा आज ठुलो सङ्ख्यामा नेपाली विद्यार्थीहरू अध्ययनको लागि बाहिर गएका छन्। विद्यार्थी मात्रै गएनन् सम्माननीय अध्यक्ष महोदय विद्यार्थीसँगै गएको पुँजीको हिसाब वर्तमान सरकारले गरेको छ। मलाई लाग्छ त्यतातर्फ पनि वर्तमान सरकार हेक्का राखेको मैले पाइनँ। त्यसैले शिक्षा र स्वास्थ्य जस्तो, रोजगारी जस्तो यो महत्त्वपूर्ण जनताको अधिकारलाई चाहिँ प्राथमिकतामा राख्ने काम चाहिँ भएन। यसले पनि यो  प्राथमिकता र सिद्धान्तलाई जुन महत्त्व दिनुपर्थ्यो त्यो भएन भन्ने मलाई लाग्छ। त्यस्तै गरेर यो प्रस्तुत विधेयक हेरिरहँदा स्वस्थ नागरिक निर्माण गर्ने कुरा जनताको उपचार सुनिश्चितता देखिँदैन। नागरिकले बाँच्न पाउने स्वास्थ्यसम्बन्धी मौलिक हक कार्यान्वयन गर्न यो प्राथमिकतामा परेको छैन। मौलिक हकबारे प्रस्तुत विनियोजित विधेयक प्राथमिकता पनि देखिँदैन। स्वस्थ नागरिक र सबल अर्थतन्त्रको विकास र समृद्धि, स्वस्थ नागरिकविना सबल र समृद्धि सम्भव छैन भन्ने कुरा सरकारले पहिला बुझ्न पर्छ जस्तो लाग्छ। आधारभूत स्वास्थ्य सेवा हामीले कम्तीमा पनि

आधारभूत स्वास्थ्य सेवालाई गुणस्तरीय कायम गर्ने कुरा यो स्थानीय तहले उपलब्ध गराउँछ भन्ने कुरा तोकेर किन आउँदैन सरकारले। किन गरिने छ भनिने छ, हुने छ मात्रै भन्छ। कम्तीमा पनि यो यो तहको स्वास्थ्य सेवा हामी संघीय संरचना छौं, यो पालिका सरकारले दिन्छ। यो यो सेवा प्रदेश सरकारले दिन्छ। यो विशिष्टीकृत गम्भीर प्रकृतिका रोगका सन्दर्भमा संघीय सरकारले जिम्मा लिन्छ। त्यो पनि हाम्रो जस्तो गरिब देशका नागरिकहरूको लागि गम्भीर प्रकृतिका नसर्ने रोगको पहिचानको सन्दर्भमा उपचारको सन्दर्भमा अनिवार्य बिमामा जोड्ने कुरा र संघीय सरकारको प्राथमिकतामा पर्ने कुरा चाहिँ यो प्राथमिकतामा किन आउन सकेन? सँगसँगै समग्र स्वास्थ्य प्रणाली reform जरुरी छ। आज हाम्रो स्वास्थ्य क्षेत्र प्रभाव, पहुँचका आधारमा चलिरहेको छ। त्यसका अन्त्यका निम्ति पनि समग्र स्वास्थ्य प्रणाली reform सँगसँगै जनस्वास्थ्यसम्बन्धी एकीकृत कानुन निर्माण गर्न जरुरी छ। स्वास्थ्य संरचनामा सुधार जरुरी छ। आज स्वास्थ्य क्षेत्रका जनशक्ति उत्पादन पनि रोकिएको छ। र उत्पादित भएका जनशक्ति विदेश पलायन भइरहेका छन्। आज स्वास्थ्य क्षेत्रका जनशक्ति आफ्नो स्वास्थ्य संस्थामा बसेर सुरक्षित ढङ्गले उपचार गर्ने त्यो सुरक्षित वातावरण छैन। आज स्वास्थ्य क्षेत्रका कर्मचारीहरू विदेश पलायन हुने, आफ्नो पेसा छोड्ने खाली स्थिति बनेको छ। यसैले यो प्राथमिकतामा कम्ती पनि स्वास्थ्य क्षेत्रका कर्मचारीलाई सुरक्षित ढङ्गले काम गर्ने वातावरण निर्माण गर्नको लागि नागरिकलाई स्वस्थ र स्वास्थ्य क्षेत्रको यो एउटा सेवा प्रवाह प्रदान गर्ने हिसाबले चाहिँ सरकारले ध्यान दिनुपर्छ भन्ने कुरा म राख्न चाहन्छु।

प्रस्तुत प्रिबजेटमा हामीले हेरिरहँदा पहिला चाहिँ माननीय अर्थमन्त्रीज्यूले यो अर्थतन्त्र एकदमै राम्रो छ। लयमा फर्किसक्यो। फर्किंदै छ भन्नुभा' छ। फेरि सँगसँगै हामी पढ्दै गयौं अर्थतन्त्रका फेरि धेरै सूचकहरू सुधार गर्न नसकिएको भन्नुभा'को छ। सरकारको कार्यक्षमता घटेको कुरा पनि गर्नुभा' छ। सबैभन्दा धेरै बेरुजु चाहिँ अर्थमन्त्रालयमै छ। दुर्भाग्यको कुरा छ। अर्थमन्त्रालयभित्रै अर्थमन्त्रालय त आर्थिक अनुशासन कायम गर्ने तालुकदार मन्त्रालय हो तर आज सबैभन्दा धेरै बेरुजु अर्थमन्त्रालयभित्र छ। वित्तीय क्षेत्रमा समस्याहरू छन्। बेरोजगारी बढेको छ। युवा पलायन रोकिन सकेको छैन। चालु वर्षको विकास खर्च भएको छैन, remittance बढेको विषयलाई मात्रै ध्यान दिएर सरकारले अर्थतन्त्र सुधार भएको भनेको छ। यो अत्यन्तै गलत छ। कुनै पनि विशेष परिस्थितिले श्रम गन्तव्य देशबाट हामीले नेपाली श्रमिकहरूलाई स्वदेश फर्काउनु पर्ने अवस्था आयो भने हाम्रो देशको अर्थतन्त्रको हालत के हो? यसबारे सरकारलाई हेक्का छ कि छैन? हामीले कोभिडको महामारी पनि देख्यौं। अहिले विभिन्न संसारमा अनेक खाल आर्थिक सङ्कटहरू देखिएको छ। युद्धहरू देखिएको छ। आज श्रम

गन्तव्यमा रहेका मुलुकका हाम्रा ती लाखौं लाख श्रमिकहरू जो श्रम बेचेर यहाँ हामीलाई remittance पठाउनुभा'को छ। त्यो श्रमिकहरू फर्किने अवस्था आयो भने सरकारले कसरी अगाडि बढ्न सक्छ। त्यतातर्फ ध्यान दिन पनि म आग्रह गर्न चाहन्छु। अर्थतन्त्रमा मन्दी छ। जनतामा निराशा बढेको छ। यसैले चाहिँ यसलाई जनतालाई आशा जगाउने खालको स्थिति अहिले सरकारसँग एउटा राम्रो अवसर पनि थियो। सरकारलाई राम्रो काम गरेर यथास्थितिलाई क्रमभङ्गतामा चाहिँ रूपान्तरण गरेर यो नयाँ एउटा परिस्थिति निर्माण गर्न सक्ने, बढ्दो बेरोजगारी हटाउन सक्ने खालका कार्यक्रम ल्याउन सक्थ्यो, प्राथमिकता निदान गर्न सक्थ्यो तर त्यतातिर पनि सरकारले ध्यान दिएको छैन। त्यसैले म फेरि पनि आग्रह गर्न चाहन्छु। हाम्रो वर्तमान स्थिति, परिस्थिति राजनीतिक परिस्थिति, आर्थिक परिस्थिति एकदमै अप्ठ्यारो अवस्थाबाट गुज्रिरहेको छ। जनतामा निराशा छ। आक्रोस छ। यतातर्फ समाधान सरकारले गर्न यो प्रस्तुत गरेको सिद्धान्त र प्राथमिकता पुनर्लेखन गरेर साँच्चै आवश्यकता हाम्रो अवस्था, हाम्रो आवश्यकता र त्यो भित्रबाट प्राथमिकता चयन गरेर अगाडि बढ्ने दिशामा अगाडि जाओस् म यो मेरो आफ्नो मागसहित आफ्नो भनाइ टुङ्ग्याउँछु। धन्यवाद।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय खिमलाल देवकोटा। समय ५ मिनेट। त्यसपछि माननीय विमला राई पौडयाल।

(१३:५५ बजे) **<u>माननीय श्री खिमलाल देवकोटा (स्वतन्त्र)</u>**:- सम्माननीय अध्यक्ष महोदय, मैले विषय सुरु गर्नुभन्दा अगाडि मेरो मैले त्यहींबाट नियमापत्ति गर्न खोजिरा'को थिएँ। हामीलाई हाम्रो संसद सचिवालयले हाम्रो whatsapp मा हाम्रो सांसदहरूको एउटा ग्रुप छ। whatsapp मा मन्त्रीहरूको list छ। हेरक दिन कुन दिन कुन कुन मन्त्रीहरू आउने भन्ने list छ। पाँच जना मन्त्रीहरूको list छ। हेर्नुस् माननीयज्यूहरूले पनि हेर्नुस्। सम्माननीयज्यूले पनि हेर्नुस्। अध्यक्षज्यूले पनि हेर्नुस्। अनि यहाँ मन्त्री उपस्थिति हेर्नुस् त। अनि हाम्रो सम्माननीयज्यूले पटक पटक रुलिङ गर्नुभा' छ। कम्तीमा सहसचिव लेभलको कर्मचारी हुनुपर्छ यहाँ भनेर रुलिङ गर्नुभा' छ। यही हो हामीले सरकारको जवाफदेहिता र उत्तरदायित्व भनेको यही हो? हामीले खोजेको यही हो? अनि यहाँ मन्त्रीजी हुनुहुन्न। मलाई यो अर्थमन्त्रालयसँग, अर्थमन्त्रीसँग कुनै गुनासो नै छैन। यहाँ त हुनुपर्ने मन्त्रीहरू आजको list मा सायद अर्थमन्त्रीको list त्यहाँ देखिँदैन। तर मन्त्रालयको छलफल भ'को हुनाले वहाँ भइदिएको भए धेरै राम्रो हुन्थ्यो। तर अरू मन्त्रीहरूको list छ। त्यो मन्त्रीहरू आउनुपर्छ कि पर्दैन? किन यो list हामीलाई संसद सचिवालयले हाम्रो

whatsapp ग्रुपमा हामीलाई यो मन्त्रीहरूको list किन पठाएको हो? यसमा अनि यो पाटो मैले अघि सुरुमा भनेको छु। तपाईंहरूले यो विषयलाई पनि एउटा research गरेर को यो संसदप्रति जवाफदेही उत्तरदायी भनेर डेटा निकाल्नुस् भन्ने हो। मैले यो विषयमा विशेष ध्यानाकर्षण गराएँ अध्यक्ष महोदयज्यूमार्फत।

अर्को पाटो यो हामी यो सरकारले प्रिबजेट पेस गरेको छ। मैले त यो प्रिबजेट यो सबैको सम्माननीय प्रधानमन्त्रीजीले पनि हैन माननीयज्यूहरू सबैको भावनाको म सम्बोधन गर्छु भनेर भन्नुभा'को थियो। संसदमै भन्नुभा'को पनि थियो। यो सुरुआत भ'को छ।यसलाई हामी सबैले स्वागत चाहिँ गर्नुपर्छ। यो राम्रो पाटो पनि छ। तर मैले यो हामीले सायद यो हामीले अगाडि प्रिबजेट हामीले बजेट आउनुभन्दा अगाडि हैन पेस गर्नुभन्दा करिब करिब तीन महिना अगाडि हामीले पेस गरेका छौं। यसले सायद हामीले खोजेको reform जुन चाहेको हामीले reform त्यो सुधार होला त? यो major question यो छ। एउटा जस्तो हामीले जेठ १५ मा बजेट ल्याउन थाल्यौं। करिब करिब आर्थिक वर्ष सुरु हुनुभन्दा अगाडि हामीले जेठ १५ मा बजेट ल्याउन थाल्यौं। तर हाम्रो खर्चको pattern हेरौं त के त्यो पहिलाको त्योभन्दा हामीले ०७२ सालको त्यो जुन उ भन्दा अगाडि र यो पछाडि के सुधार भा'को छ त केही change भा'को छ। हामीले डेढ महिना अगाडि अब यो यसरी हामीले छलफल त गरौंला। मलाई के लाग्छ भने मैले यो खर्चको केही डेटाहरू लेर आ'को छु। जस्तो यो महालेखा परीक्षकको जुन यो वार्षिकप्रतिवेदन यो संसदमा पनि टेबुल हुन्छ। जस्तो ६० औं वार्षिक प्रतिवेदनअनुसार यो असारमा मात्रै असार महिनामा मात्रै कुल खर्चको २१ प्रतिशत खर्च हुँदो रहेछ है यो यो।

दोस्रो, यो असार महिनाको अन्तिम हप्तामा चाहिँ असार महिनाको अन्तिम हप्तामा चाहिँ कुल खर्चको ८ प्रतिशत खर्च हुँदो रहेछ। भनेपछि हाम्रो सुधार चाहिँ reform चाहिँ हामीले ल्याएको कहाँ छ? दोस्रो कुरा यो महालेखा नियन्त्रण कार्यालयले यो दैनिक बजेट्री भनेर यो विगत विवरण सार्वजनिक गरिरहेको हुन्छ। त्यो वेबसाइटमा पनि हुन्छ। हिजो बुधवारसम्मको मैले विवरण भर्खरै त्यहाँ पनि tally गरें। हिजो बुधवारसम्मको यो कुल बजेटको जम्मा ४२.४० प्रतिशत मात्र खर्च भएको छ।४२ प्रतिशतमा मात्रै खर्च भएको छ। अब यो हामीले फेरि पुँजीगत खर्चको कुरा गर्ने हो भने जम्मा २३.३९ प्रतिशत मात्रै छ। भनेपछि हाम्रो आर्थिक वर्ष करिब करिब हामीले ८ महिना सक्काउन लाइसक्यौं। भनेपछि पुँजीगत खर्चको कुरा गर्ने हो भने जम्मा २३ प्रतिशत मात्रै छ। भनेपछि कहाँ आयो हाम्रो परिवर्तन, सुधार खै त? अब यो अर्को पाटो अब यो वास्तवमा यो हामीले यो लज्जाको लज्जाबोध हुनुपर्ने हो। मुलुकले जोले चला'को छ। जो अर्थमन्त्रालय चला'को छ। जो योजना आयोग, म त वास्तवमा मैले यो अघिल्लोपटक

पनि भनेको छु। अर्थमन्त्रालयले के गर्नुपर्‍यो भने विशेष गरी बजेटका कुराहरू, tax का कुराहरू अथवा resource जुटाउने कुराहरूमा अर्थमन्त्रालयले अलि बढी focus गर्नुपर्‍यो। र खर्चको कुराहरूमा जुन हुन्छ नि हैन किन भने विषयगत मन्त्रालयहरूसँग ताकेता पटक पटक ताकेता हाम्रो चाहिँ कस्तो छ भने हामीले निरन्तर ताकेता follow-up गरेनौं भने कामै हुँदो रहेन छ के। जहाँ हामीले भनसुन गर्छौं यहाँ सिस्टमले कामै नगर्ने भएपछि यो योजना आयोग चाहिँ हामीले किन पालिरहेका छौं। योजना आयोगको काम चाहिँ document plan को document मात्रै बनाउने हो। म कर्मचारीको संयन्त्रलगायतको संस्थागत संरचना केही नहुँदाखेरि पनि प्रदेशको योजना आयोगको उपाध्यक्ष हुँदाखेरि पहिलो वर्षको खर्च ५३ प्रतिशत पुर्‍याएर छोडेर हिँडेको मान्छे हुँ। केही संरचना एकदम नहुँदाखेरि यहाँ सिङ्गो यत्रो योजना आयोग छ। कम्तीमा त्यो खर्चको pattern चाहिँ योजना आयोगले हेर्ने, tax का कुराहरू चाहिँ अर्थमन्त्रालयले हेर्ने त्यसरी कामको बाँडफाँट किन गर्न सकेनौं। अलिकति समय थप मागेँ अध्यक्ष महोदय मैले।

अब अर्को कुराहरू, अब यो अब एकदम भन्नै पर्ने कुराहरू छ। भन्नै पर्ने कुराहरू छ। अब यो मन्त्रालयको बजेट चाहिँ एकदम न्यायोचित छँदै छैन। यहाँ चाहिँ कस्तो भो' भने जो प्रधानमन्त्री छ। जो मन्त्री छ। जो एकदम ठुला नेताहरू छन्। बजेट वित्तीय स्रोत साधन चाहिँ सबै उनीहरूको निर्वाचन क्षेत्रमा मात्रै जाने, अनि हाम्रो सामान्य एउटा fundamental principle के छ भनेजहाँ काम छ। कामलाई दामले पच्छ्या, जहाँ काम छ त्यहाँ कर्मचारीले पच्छ्या, जहाँ काम छ त्यहाँ संस्थागत संरचनाले पछ्याउनुपर्छ भन्ने सामान्य यो विकेन्द्रीकरणको कुरा गरौं। चाहे संघीयताको कुरा गरौं। यो सामान्य fundamental principle हो त्योअनुसारको यो भएन र अर्को मैले भन्नै पर्ने महत्त्वपूर्ण कुराहरू के छ भने हामीले यो यो जसरी प्रिबजेट अगाडि आ'को छ। मैले त राम्रो हो कतिपय यो सुरुआत हो है फेरि यो हामी धेरै critical पनि हुनुहुन्न यो सुरुआत राम्रो हो तर केही सांसदहरूको हाम्रो केही भावनाहरूको केही सल्लाह सुझावहरू त्यहाँ राखिएला तर मैले यो संसदमा पटक पटक उठाइरहेको कुरा संसदको सर्वोच्चताको कुराहरू मैले गरेको छु। बजेटको autonomy को कुरा गरेको छु। संसदको वित्तीय स्वायत्तताको कुरा गरेको छु। त्यसमा कुनै पनि change आउँदैन। हाम्रो कस्तो छ भने टोटल बजेटको त्यो पुल निर्धारण गर्ने काम total बजेटको total पुल यहाँ तीन तहका सरकार छन्। total पुलको vertical पुल निर्धारण गर्ने अनि horizontal पुल निर्धारण गर्ने काम मैले हेरेको के हो। सम्माननीय अध्यक्ष महोदय कतिपय अफ्रिकन मुलुकहरूमा पनि कतिपय अफ्रिकन मुलुकहरूमा पनि त्यहाँ सबै यो parliament ले गर्दो रहेछ। संसदको committee ले गर्दो रहे छ। हस् त, धन्यवाद।

**सम्माननीय अध्यक्ष**:- माननीय डा. विमला राई पौडयाल। समय १० मिनेट। त्यसपछि माननीय महेश कुमार महरा।

(१४:०२ बजे) **माननीय डा. विमला राई पौडयाल (मनोनीत)**:- सम्माननीय अध्यक्षज्यू, पहिलो कुरा त यो नियमावलीको यो एउटा पढेर सुनाउनै मन लाग्यो। बैठकमा मन्त्रीको उपस्थिति अनिवार्य रूपमा हुनुपर्ने छ र कुनै मन्त्रालयसँग सम्बन्धित विषयमा छलफल हुँदाको अवस्थामा सम्बन्धित मन्त्रीसमेत उपस्थित हुनुपर्ने छ। आजको सम्बन्धित मन्त्री अर्थमन्त्री हो। किनभने उहाँले यो पढेर सुनाउनुभएको हो यहाँ, यो विनियोजन विधेयकको सिद्धान्त र प्राथमिकता। उहाँ हुनुहुन्न, उहाँ सँगसँगै अरू विशिष्ट कर्मचारीहरू जो बसेर टिपोट टिपेर उहाँलाई नोट दिनुहुन्थ्यो, उहाँहरूको पनि उपस्थिति छैन जस्तो लाग्छ मलाई। तर केही कर्मचारीहरू हुनुहुन्छ, उहाँहरू कताबाट हो थाहा भएन। यो भनेको राष्ट्रिय सभाको यो आज अन्तिम अन्तिम दिनमा बोल्दै गर्दाखेरि राष्ट्रिय सभालाई किन हेप्या होला सरकारले जस्तो लागेको छ। मेरो नियमापत्ति, मेरो विरोध, विरोध नै हो। र सरकारले चेतोस् भनेर पनि भन्न चाहन्छु।

अब बोल्नु त बोल्नै पर्‍यो किनभने बोल्ने फेरि यही केही कमेन्ट पनि उहाँले सुन्नुहुन्न होला। आज यहाँ आएर सुन्न नभ्याउने मन्त्री, अनि त्यसपछि उहाँले चाहिँ साह्रै धेरै यसमा हामीले बोलेका कुराहरूमा रेस्पोन्स गर्नुहोला जस्तो विश्वास चाहिँ छैन। तर मन्त्रीले रेस्पोन्स गर्दैनन् कि भनेर सांसदले बोल्न छोडे भने झन् चौपट हुन्छ। त्यो भएर पनि बोल्नु चाहिँ पर्छ। त्यही भएर बोल्दै छु। यो जेठ १५ मा बजेट आउँदा पुँजीगत खर्च अलि राम्रो हुन्छ कि भनेर संविधानले जेठ १५ मा बजेट आउने व्यवस्था गरेको हो। तर त्यसो गर्दाखेरि पनि हाम्रोमा करिब आर्थिक वर्ष सकिनको लागि ४ महिना मात्रै बाँकी छ। ८ महिना बितिसक्दाखेरि पनि दुई तिहाई समय सकिँदाखेरि पनि less than 25 percent, २५ प्रतिशत पनि सार्वजनिक खर्च हुन सकेको अवस्था छैन। त्यस्तै गरीकन राजस्व हामीले अहिले ८ महिनामा ४५ प्रतिशत पनि उठाउन सकेका छैनौं। त्यो हेर्दाखेरि जेठ १५ मै वार्षिक बजेट ल्याएर सुधार हुन्छ कि भनेर संविधानले लेखेको उद्देश्य पनि पूरा भा'को छैन। अहिले हामीले यो ३ महिना भन्या थियौं तर २ महिना something मा चाहिँ अहिले जुन आएको छ दुई महिना अढाई महिना अगाडि, यो सिद्धान्त र प्राथमिकताको छलफल आ'को छ। त्यो भनेको सांसदहरूले सुझाव दिन्छन् र त्यो सुझावलाई incorporate गर्न या त्यस्तो समय हुन्छ भनेर हो। तर सुरुकै दिनमा दाँतमा ढुङ्गा लागेजस्तै भा' छ, मन्त्रीज्यू नआएपछि यसको पनि के उद्देश्य पूरा होला र जस्तो चाहिँ मलाई लागेको छ। यति निराश बनाउँदै हुनुहुन्छ सरकारमा बस्नेहरूले।

"समृद्ध नेपाल सुखी नेपाली" को राष्ट्रिय आकाङ्क्षा लिएर ५ वर्षको पञ्चवर्षीय योजना बनेको थियो। त्यो पञ्चवर्षीय योजनाले समृद्धितिर ४ वटा र सुखतिर ६ वटा indicator हरू राखेर सबै एकदम holistic रूपमा plan हरू बनाएर लगेको थियो। र समाजवाद उन्मुख नेपालको एउटा foundation तयार गरेको थियो। त्यो foundation अनुसार ठुल्ठुला मेगा project हरू भन्छु मैले, ठुल्ठुला पूर्वाधारका प्रोजेक्टहरू बन्न सुरु गरेका थिए। सरकार परिवर्तन हुनेबित्तिकै त्यसमा सुरु भइसकेका कति योजनाहरू कार्यान्वयन हुन सकेनन्। किनभने आउने सरकारको प्राथमिकतामा सायद परेनन्। हामीले आवधिक योजना किन बनाउँछौं? भन्दा प्रत्येक वर्ष priority चेन्ज नहोस् भनेर बनाउने हो। ५ वर्षसम्म चाहिँ एउटा priority मा एकातिर एउटा direction मा देश जाओस् भनेर बनाउने हो। तर सरकार परिवर्तन हुनेबित्तिकै त्यो अघिल्लो सरकारमा जस पनि जाने, अपजस पनि जाने, के के हुने भ'को भएपछि आउने सरकारले त्यसको अपनत्व लिँदैन। यसले गर्दाखेरि समृद्ध नेपाल सुखी नेपाली भनेर राष्ट्रिय vision राखेर जुन खालको periodic plan बनेको थियो, जुन आवधिक योजना बनेको थियो, त्यो यो वर्ष सकिँदै छ। र त्यसका प्राथमिकताहरू, त्यसले सेट गरेका प्राथमिकताहरू, सबै जहाँका त्यहीँ छन्। अनि तिनै तिनै कुराहरू त्यस्तै हो कुरा, यो देशको विकासमा अरू कुनै sector हरू आउने होइनन्। तिनै कुराहरूलाई यताउति plus minus गरेर फेरि अर्को आवधिक योजना तयार हुँदै छ। र त्यो आवधिक योजनाले कतिपय चाहिँ सुरु भएका आयोजनाहरूलाई जहाँको त्यहीं राखेको छ र नयाँ आयोजनाहरू जिरोबाट फेरि सुरु गरेको छ। यो देशको कहिले विकास होला? हाम्रो अहिलेको पनि अवस्था मैले त्यस्तै देख्छु। त्यही भएर मेरो एउटा अनुरोध के छ भने सुरु भइसकेका आयोजना जसले सुरु गरेको भए पनि, जस जता गए पनि राम्रो यहीं देशलाई हुन्छ त्यो भएर सुरु भएका आयोजनाहरूलाई पूरा गर्नेतिर अब आउने बजेट र कार्यक्रमको ध्यान जाओस्। नयाँ आयोजना जिरोबाट सुरु गर्नुभन्दा सुरु भएका आयोजनालाई पहिला सकाऊँ भन्नेतिर मेरो अनुरोध हो, अहिलेको सरकारलाई।

अब दोस्रो मैले भन्न खोजेको चाहिँ दुई तिहाई समय बित्दाखेरि पनि हामीले सार्वजनिक खर्च गर्न सकिरहेका छैनौं। सार्वजनिक वित्तको एकदमै थोरै मात्रै अंश खर्च भइरहेको छ, राजस्व उठेको छैन, विदेशबाट आउने खर्च उठेको छैन। मन्त्रीज्यू आउनुभएछ, यहाँलाई धेरै धेरै धन्यवाद। अघिदेखि तपाईंले धेरै कुराहरू मिस गरिसक्नुभा'को छ सुन्नको लागि। अनि त्यो भएर अहिको बजेटले पोहोर सालको भन्दा के नयाँ गर्दै छ, जसले सार्वजनिक वित्त व्यवस्थापन र संरचनामा सुधार गर्छ? पोहोर सालको बजेट भाषणभन्दा के चाहिँ फरक छ, जसले बजेट कार्यान्वयनको संयन्त्रमा सुधार ल्याउँछ? यो कुराहरू चाहिँ प्रष्ट पार्न जरुरी छ जस्तो मलाई

लाग्छ। सरकारले आर्थिक उपार्जनको लागि ऊर्जा, कृषि, पर्यटन र सूचना प्रविधि क्षेत्रलाई प्राथमिकतामा राखेको छ, Which is very important पनि हो, राम्रो पनि हो। तर अहिलेको ढिलासुस्तीलाई कसरी सम्बोधन गरिन्छ यी सेक्टरहरूमा भनेर हेर्नुपर्छ। कृषिमा साह्रै दुःख लाग्छ अहिले नै हामीले देखिराखेका छौं। कृषकहरू अन्नबालीमा मलखाद पाउँदैनन्, बिउ पाउँदैनन् समयमा। त्यसरी आहत छन्। उब्जेको फलफूल जब बिक्री गर्ने बेला हुन्छ, जङ्गली जनावरदेखि छिमेकबाट आउने गाईवस्तु सम्मले खत्तम पार्दिन्छन्। त्यसपछि पनि बचाएर बल्ल बल्ल बजारमा बिक्री गर्छन्, बिक्री गरेपछिको पैसा पाउँदैनन्। अहिले पनि दुधका किसानहरूले दुधै पोखिराखेका छन् बाटोमा, पैसा पाउँदैनन्। अनि कसरी हामीले चाहिँ कृषिबाट यो देशले आर्थिक वृद्धि गर्ला? त्यसलाई कसरी हामीले सम्बोधन गर्छौं, त्यो पनि महत्वपूर्ण छ जस्तो मलाई लाग्छ।

अर्को देशमा उत्पादन भएको DDC को सामानहरू, DDC का उत्पादनहरू बजारमा छ्यापछ्याप्ती पाउँदैनन्। आज बिहानै पनि मैले गएर DDC कै उत्पादन किन्छु मैले भनें, पसलहरूमा पाउँदैन, अमुलहरू प्रशस्तै पाउँछ। हाम्रो देशमा बढी उत्पादन भएर थन्किएका छन् गोदाममा तर बाहिरबाट आउने तरकारी, फलफूल र दुग्ध पदार्थहरू छ्यापछ्याप्ती पाउँछ। हाम्रो distribution मा समस्या छ। Distribution किन समस्या छ? त्यो कमिसनकै खेल हो कि के हो? कि सरकारको ध्यान राजस्वमा मात्रै जान्छ? यो यसमा कसरी सुधार गर्छौं हामीले, त्यो महत्वपूर्ण छ। उत्पादन गर्नु एउटा कुरा भयो। बजारमा distribution भएन भनेदेखि उपभोक्ताले किन्ने त अमुल नै हो फेरि पनि, DDC त किन्न पाउँदैनन्, मैले खोज्छु पाउँदिनँ। के भइराखेको छ? त्यतातिर पनि ध्यान दिनुपर्छ उत्पादनको क्षेत्रमा। ऊर्जामा surplus उत्पादन गर्ने एकदमै राम्रो, बिक्री गर्ने कुरा झन् राम्रो। तर हाम्रै देशभित्र खपत बढाउने चाहिँ के काम गर्दै छौं हामीले? Fossil fuel को प्रयोगलाई घटाउनको लागि के specific plan गरिराखेका छौं? SDG मा हामीले त भनेका छौं, हामी zero net carbon मा आउँदै छौं, 2030 मा। तर के plan गरिराखेका छौं? Fossil fuel को प्रयोग कसरी घट्छ अब आउने वर्षमा? र fossil fuel को आयात घटाउने तर्फ हाम्रो काम हो? यो असाध्यै महत्वपूर्ण छ।

त्यस्तै गरीकन छिमेकलाई बिजुली बेचेको भाउमा नेपालका उद्यमीहरूले बिजुली पाएका छन् कि छैनन्? नेपालमा उद्यम सञ्चालन गर्छु भन्छ भने उसले सस्तोमा बिजुली पाउनुपर्ने हो कि होइन? छिमेकमा हामीले कतिमा बेच्दै छौं? र नेपालमा त्यही भाउमा अथवा त्योभन्दा कमीमा नेपालका उद्यमीहरूले पाउने व्यवस्था कसरी गर्न सक्छौं? त्यो महत्वपूर्ण हुन्छ जस्तो मलाई लाग्छ। किनभने त्यसपछि स्वदेशी उद्योगहरू बढ्छन्, स्वदेशी उद्योगहरू बढ्दाखेरि

उद्योगधन्दाहरू बढ्छन्, रोजगारी बढ्छ, आय वृद्धि हुन्छ, अनि हामी अलिकति दिगो विकासका कुरा पनि गर्न सक्छौं।

सामाजिक सुरक्षा, सामाजिक सुरक्षा समाजवाद उन्मुख अर्थतन्त्र भनेपछि सामाजिक सुरक्षा एकदमै critical हो, एकदमै important हो, यो कुरा मैले यहाँ भनिरहनुपर्दैन। तर सामाजिक सुरक्षामा एकदमै धेरै बजेट खर्च हुन गइराखेको छ। यो हामीले देखिराखेका छौं। स्रोत चाहिँ घट्दै जाने, दायित्व बढ्दै जाने, कुल बजेटको १५ प्रतिशत बजेट चाहिँ सामाजिक सुरक्षामा खर्च भएको छ। यसलाई पनि थुप्रै दोहोरोपना देखिन्छ। दोहोरोपनालाई घटाउने र योगदानमा आधारित scheme हरूलाई बढी प्राथमिकता दिने र सामाजिक सुरक्षा चाहिँ विपन्न लक्षित गर्ने कुरामा ध्यान दिनुपर्छ।

मन्त्रीज्यू आउनुभा'को छ एउटा प्रश्न चाहिँ म सोधिहाल्छु, before I leave. हामीले पोहोर सालको बजेटमा ११/१२ वटा जस्तो लाग्छ मलाई संरचनाहरू दोहोरिएका छन्, हामीले बन्द गर्छौं भनेका थियौं। त्यसको अवस्था कहाँ पुग्यो, के पुग्यो र अहिले के छ हाम्रो त्यो योजना? दोहोरिएका संरचना हटाउने योजना? त्यसमा पनि answer दिनुभए हुन्छ। धन्यवाद।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय महेश कुमार महरा। समय ५ मिनेट। त्यसपछि माननीय कुमार दसौदी।

(१४:१३ बजे) **<u>माननीय श्री महेश कुमार महरा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**:- सम्माननीय अध्यक्ष महोदय, आज हामी विनियोजन विधेयक, २०८१ माथि हामी छलफल गरिरहेका छौं। यो छलफल गर्ने क्रममा हामी यहाँ उपस्थित भएका छौं। र मैले अघि केही कुरा राखिसकेको छु। यो जुन विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता आएका छन्। यो अहिलेको नेपालको परिवेश, आर्थिक अवस्था देखेर अब अथवा त्यसलाई मध्यनजर गरेर आएको यो ठिक छ। त्यसकारण म यो विनियोजन विधेयक, २०८१ लाई पहिलो कुरा त म समर्थन गर्न चाहन्छु। र साथसाथै यसका सिद्धान्त र प्राथमिकतामा उल्लेख गरिएको छ।विद्युत्, कृषि र पर्यटन यी तीन चिजहरू आइसकेपछि मलाई के लाग्छ भने यहाँ यसमा भनिएको पनि छ। पछाडि परेका क्षेत्रहरूमा पनि यहाँ सम्बोधन गरेर उल्लेख गरिएको छ। त्यसो भएको कारण म माननीय मन्त्रीज्यूको ध्यानाकर्षण गराउन चाहन्छु। यहाँ विद्युत्, कृषि र पर्यटन भनिसकेपछि हाम्रो सुदूरपश्चिम प्रदेश म त्यहाँबाट प्रतिनिधित्व गर्ने भएको हैसियतले त्यहाँ चाहिने सेती परियोजना र पञ्चेश्वर परियोजना छ। तिनै कहिले प्राथमिकतामा परेनन्। र यसपालि विद्युत्

सिद्धान्त र प्राथमिकतामा त्यो परेको हुँदाखेरि अब बजेट र नीति तथा कार्यक्रम आउँदाखेरि त्यो समेटिन्छ कि समेटिँदैन। त्यो समेट्न सके भने सुदूरपश्चिमको समग्र विकासका निमित्त त्यो ढोका खुल्छ। एउटा समृद्धिको वाहक भएर आउँछ। त्यो सेती परियोजना र पञ्चेश्वर परियोजना भने यसै गरी अर्को भौतिक रूपमा पनि त्यहाँ निर्माणको सवालमा भौतिक पूर्वाधारको सवालमा पनि त्यो प्राथमिकताले बोलेको छ।त्यसमा चाहिँ हामीले सुदूरपश्चिमको अर्को विकासका निमित्त हामीले पृथ्वी राजमार्ग जुन बझाङ टाङ्गलाकोट छ। त्यसलाई टाङ्गलाकोट नाकलाई खोल्न सक्यौं भने त्यो कुरालाई पनि बजेटमा ल्याउन सक्यौं र नीति तथा कार्यक्रममा ल्याउन सक्यौं भने सुदूरपश्चिम समग्र विकासका निमित्त ढोका खुल्ने छ भन्ने मलाई लाग्छ। अर्को कुरा म के भन्न चाहन्छु भने जुन समस्या देखिएको छ। खर्च नहुने समस्या यो कहाँनिर समस्या रहेको छ। अथवा कुनै ऐनले रोकेको हो। अथवा केले रोकेको हो। यहाँ कुरा धेरै उठ्छन्। सार्वजनिक खरिद ऐनका कुराहरू आए। किन हामी यो संशोधन गर्न सक्दैनौं? त्यसलाई ल्याएर संसदतर्फ ल्याएर त्यसलाई संशोधन गरेर समयमा हामीले पुँजीगत खर्च किन खर्च गर्न सकेनौं? समस्या के हुन्? यहाँ आर्थिक समृद्धिको लागि अथवा आर्थिक अर्थतन्त्रको लागि लयमा ल्याउनका निमित्त आयातलाई रोक्ने, निर्यातलाई बढाउने भन्ने कुराहरू गरेका छन्। र निर्यात के गर्ने त निर्यात किन हामी निर्यात गर्न सकेका छैनौं। एउटा म उदाहरण दिन चाहन्छु सामान्य। हामीसँग त्यस्तो ठुलो कलकारखाना उद्योग नहोलान्। नेपाल हरियो वन नेपालको धन भन्ने त हाम्रो चाहिँ नारा छ। त्यो वनमा चाहिँ कैयौं काठहरू सडिरहेका छन्। कुहिएर गइरहेको छ। त्यो काठलाई मात्रै हामीले निकालेर निर्यात गर्न सक्यौं भने त्यहाँ पनि हुने थियो तर हामी के गर्छौं, आयात गरिरहेका छौं। मलेसियाबाट, बाहिर बाहिरबाट, इन्डोनेसियाबाट काठ नेपाल भित्र्याइरहेका छौं। तर नेपालको साल यति राम्रो काठ चाहिँ जङ्गलमा कुहिरहेको छ। त्यसो भएका कारण यस्ता नीतिहरू ल्याएर मात्रै भएन। यसलाई ल्याएर प्रभावकारी कार्यान्वयनका निमित्त कहाँ अवरोध छ, के अवरोध छ यो बारेमा चाहिँ सरकारले सोच्न जरुरी छ। यदि यसो गर्न सक्यौं भने बल्ल हामी जुन अर्थतन्त्र हाम्रो अलिकता दायाँ बायाँ भ'को छ। कमजोर भएको छ यसलाई हामी लयमा ल्याउन सक्छौं। मलाई त्यो लाग्छ। सामान्य मैले एउटा उदाहरण दिएँ।

यो सँगसँगै जुन अहिले स्टाफ नर्स पढ्नलाई अहिले हामी इन्डियाको छेउ छाउ बोर्डरमा ३ सय कतिओटा मैले ठ्याक्कै मैले अस्ति पनि बोल्या थिएँ। कलेजहरू खोलेको छ इन्डियाले त्यहाँ गइरा' छन् नेपालमा किन कुन ऐनले अवरोध गर्‍यो त्यो ल्याउँदाखेरि हामी त्यही भएर मैले अघि पनि भन्या थिएँ, research गरेर ल्याउनुपर्‍यो। यो ऐन ल्याउँदाखेरि केमा समस्या पर्छ,

पर्दैन। हामी दलालको भरमा अथवा कुनै अमुकबाट प्रभावित भएर ऐन ल्याउछौं। त्यसले गर्दाखेरि हाम्रो राष्ट्रलाई घाटा भइरहेको छ। अहिले कति एउटा शक्ति पनि बाहिर गयो। पुँजी पनि बाहिर गइरा' छ। योबारेमा सरकारले सोचोस् भन्ने कुरा म यहाँ राख्दै आफ्नो छोटो कुरा अन्त्य गर्छु। धन्यवाद।

**सम्माननीय अध्यक्ष**:- माननीय कुमार दसौदी। समय ८ मिनेट। त्यसपछि माननीय अनिता देवकोटा।

(१४:१८ बजे) **माननीय श्री कुमार दसौदी (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, यो विनियोजन विधेयक, २०८१ को सिद्धान्त र प्राथमिकताका सन्दर्भमा अब सरकारले पहिलो प्राथमिकतामा राखेर, यो विद्युत् क्षेत्रलाई चाहिँ असाध्यै महत्त्व दिएर ल्याएको कुरा छ। यस विषयमा मैले चाहिँ सरकारलाई यो विषयमा त धेरै कुरा आइसक्या छन्। तर सरकारलाई सोध्नै पर्ने कुरा के छ भने हामीले विद्युत् उत्पादन पनि maximum गर्ने, त्यसलाई बेच्ने धेरै चाहिँ आयआर्जन गर्ने भन्ने राम्रो कुरा हो। त्यो राम्रो कुराको सन्दर्भमा मैले यहाँ सरकारको नीति के देखिनँ भने हाम्रो जलविद्युत्मा नेपालीले लगानी गरेको, नेपालीले काम गरेको, नेपालीले ठेक्का लिएको वा छिमेकी देशका उसले लिएकोबाहेक अरू देशबाट आएका मान्छेहरूले लगानी गरेको वा ठेक्का लिएको काम गर्ने विद्युत् १० हजार मेगावाट बेच्ने ठाउँमा हामी बेच्न सक्दैनौं। लगानी त परै जाओस् ठेक्का लिएर मजदुर आएर काम गरेको छ भने पनि त्यो विद्युत् हामी बेच्दैनौं किन्दैनन् भन्ने कुरा चाहिँ सुनिएको छ। त्यस सन्दर्भमा सरकारको नीति के हो? हामी १० हजार मेगावाट विद्युत् कहाँबाट बेच्छौं? हामीले छिमेकी राष्ट्रको नाताले कर्णाली अप्पर सबैभन्दा सहज र सबैभन्दा थोरै लगानीमा धेरै विद्युत् उत्पादन गर्ने जलविद्युत् योजना हो भनेर हामीले भनेको, विज्ञहरूले भनेको हामी सुन्छौं। यदि त्यस्तो हो भने अहिलेसम्म त्यो उत्पादन किन भएन? हामीले सम्झौता गरेर दक्ष उत्पादन गर्ने भारतीय कम्पनीलाई दिइनै सकेका छौं। यत्रो वर्ष भयो त्यो उत्पादन किन हुँदैन त्यहाँबाट विद्युत्? यसमा सरकारको नीति के हो? त्यसलाई सधैंभरि ओगटेर बस्ने र हामी पनि त्यसैलाई हेरेर बस्ने नीति हो कि। त्यसलाई खारेज गरेर नेपाली आफैंले बनाऊ भन्ने चाहिँ मतलब केही हाम्रो योजना हो त्यो कुरा चाहिँ प्रष्ट आउन पर्छ र यसको साथमा पञ्चेश्वर परियोजनाभित्र अघि पनि माननीयज्यूले उठाइसक्नुभा' छ। यति फाइदा हुन्छ भनेर त्यति बेला पनि आ'को थियो। त्यो महत्त्वपूर्ण पाटो हो भन्ने पनि भनिएको थियो। त्यो पनि हामीसँग लगानी गर्ने उत्पादन गर्ने भन्या थियौं।

अहिलेसम्म पनि कार्यान्वयन भएको छैन। अहिले पनि यो सरकारको नीति कार्यक्रममा आ'को छैन। त्यसकारण यसमा सरकारको के नीति हो? के योजना हो? स्पष्ट रूपमा यो चाहिँ मतलब ०८१/०८२ का लागि आउने बजेटमा सरकारको नीति पनि बजेट पनि समावेश होस्। ताकि हामीले चाहिँ भारत मात्रै होइन। बङ्गलादेशसम्म विद्युत् बेच्न भनेर त्यहाँ पठाइसक्या छौँ छलफल गर्न संवाद गर्न पठाइसक्या छौँ, भनिसक्या छौँ। तर त्यस्ता कुराहरू हामीले निरूपण गर्न सक्या छैनौँ। यसमा सरकारको म ध्यानाकर्षण गर्न चाहन्छु।

अर्को कृषिलाई आधुनिकीकरण तथा व्यावसायिक रूपमा अगाडि बढाउने भनेर भनिएको छ। हाम्रो देशको सन्दर्भमा ८०/८१ percent मान्छे कृषिमा छन् भन्ने कुरा छ यो ठिक छ। यदि कृषिलाई आधुनिकीकरण पनि गर्ने व्यावसायिक रूपमा पनि लाने हो भने हाम्रो सरकारसँग हाम्रो मुलुकमा रहेका ७७ ओटा जिल्लामध्ये कुन जिल्लामा कुन खेती उत्पादनका लागि योग्य हो भन्ने कुरा कुनै त्यस्तो डाटा छ? छैन भने सरकारले त्यो सरकारले बनाएर ल्याउन पर्छ। ताकि ७७ जिल्लामा हामी ७७ ओटा वस्तुहरू उत्पादन गर्न सकियोस् हाम्रो सुन्तला फल्ने कुन जिल्ला हो। आलु फल्ने कुन जिल्ला हो। धान फल्ने कुन जिल्ला हो। कागती फल्ने कुन जिल्ला हो। सके दुइटा नभएनी एउटा जिल्लालाई priority का साथ सरकारले प्राथमिकताका साथ एउटा उभियानको रूपमा हामीले लान सक्यौँ र उत्पादन गर्न सक्यौँ भने मात्रै त्यो कृषिमा हामी चाँहि जनतालाई आकर्षित गर्न सक्छौँ। व्यावसायिक रूपमा पनि त्यसलाई लान सक्छौँ। र विदेश पलायन हुनेलाई पनि हामी रोक्न सक्छौँ। तर हामी कृषि भन्या छौँ कृषि भन्या छौँ। वर्षौँदेखि त्यो भन्या छौँ तर हामीसँग अहिलेसम्म न नीति र न योजना न त ठोस, मूर्तरूपमा त्यो कार्यक्रम आयो। अब त कार्यक्रम त आउन पर्ने होला अहिले पनि हामी ल्याउन सक्दैनौँ भने यो कृषिको गाना बजाउन छोड्दिनु। होइन भने सरकारले ७७ जिल्लामा ७७ ओटा कार्यक्रम कुन ठाउँ भेडा, बाख्रा, पशुपालनको लागि योग्य हो कुन ठाउँ भैँसी पालनको लागि योग्यो हो। कुन ठाउँ गाई पालनको लागि योग्य हो। त्यो मूर्तरूपमा हुनुपर्छ। सरकारले ठोस रूपमा त्यो नीति ल्याओस्। हाम्रा कृषि पशुपालनका विज्ञहरूले अहिलेसम्म के अनुसन्धान गरे। के कुरालाई priority मा राखे त्यो चिज चाँहि ०८१/०८२ को बजेटमा आओस् र नीतिमा आओस् भन्ने सुझाव दिन चाहन्छु।

अर्को कुरा, यो वित्तीय क्षेत्र सुदृढीकरण गर्ने भन्ने कुरा चाहिँ राखिएको छ। अब यहाँ छोटो रूपमा छ। एउटा कुरा मलाई के लाग्छ भने बैङ्कमा एउटा सीईओले १५/२० लाख रुपियाँ तलब खान्छ भन्छन्। अब नदेख्या कारण थाहा छैन। तर सुनिएको छ। हामी त्यहाँ दुई चार पैसा आफूसँग भएको जम्मा गर्छौँ चाहियो भने तिनै बैङ्कलाई गुहार्छौँ। एउटा सीईओले

१५/२० लाख रुपियाँ तलब खान्छ। तर हाम्रो नेपालीको आयआर्जन गर्नका लागि म एउटा भैंसी पाल्छु र म एउटा गाई पाल्छु। अथवा म एक रोपनी जग्गामा चाहिँ दुई रोपनी जग्गामा व्यावसायिक खेती गर्छु, मलाई लोन दिन पर्‍यो भनेर भन्दाखेरि एउटा सामान्य मान्छेले धाउँदा धाउँदा धाउँदा धाउँदा त्यो पाँच वर्षसम्म पनि उसले चाहिँ त्यो लोन पनि पाउँदैन। एउटा भैंसी पाल्ने उसको सपना पनि हराउँछ। एउटा चाहिँ केही व्यावसायिक खेती गरौं भने पनि त्यो पनि सपना हराउँछ। दिँदैन। एउटा मोटरसाइकल किन्छु। एउटा गाडी किन्छु भन्ने हो भने तुरुन्तै त्यसका पछि लागी लागी को चाहिँ मतलब विदेशबाट अमेरिकाबाट, बेलायतबाट को आ'को छ। त्यसका पछाडि कर्मचारी लागी लागी बरु त्यसलाई चाहिने के के सहुलियतमा दिन पर्ने हो तुरुन्त ऋण लगानी गर्छ। हाम्रा बैङ्कहरू त्यस्ता छन्। अब हामीले जनतालाई मजबुद बनाउने, विदेश जानबाट रोक्ने, आर्थिक समृद्धि ल्याउने भन्छौं। तर चाहिँ हाम्रो नीति कहाँ गयो भन्दा आयातित गर्ने कुरामा हाम्रो ध्यान जाने, उत्पादनमा नजाने, त्यहाँ भ'का बेथितिलाई पनि हामीले नरोकिदिने। एउटा ऋण लिन जाँदाखेरि यति आत्मग्लानी यति हिनताबोध गर्नपर्छ। उसले ऋणै लिइएको छैन। पहिलै बैङ्कले ऋण लगानी गर्न खोज्दा के भन्छ भने तपाईं आम्दानीको स्रोत के हो बैंकहरूले उसले कामै गर्‍या छैन। स्रोत कहाँबाट दिन्छ। त्यो कुरालाई सरकारले लगानी गर्ने कुरा जनताले काम पाउने कुरामा केही correction गराउनुपर्‍यो कि परेन। त्यो नीति ठोस रूपमा आउनुपर्छ। त्यसो भएपछि मात्रै हामीले जनतालाई केही न केही रूपमा निजी क्षेत्रबाट पनि परिचालित भ'को स्रोत साधनले हामी यो देशमा केही गर्छौं। गर्न सक्छौं भन्ने कुराको अनुभूत गराउन सक्छौं। यो कुरा मैले चाहिँ यहाँ राख्न चाहे अब धेरै कुरा भन्दा पनि एउटा कुरा चाहिँ के छ भने बिस्फोटक पदार्थमा पूर्वाधार निर्माणमा बिस्फोटक पदार्थ ल्याउने कुरामा पनि एउटा boundary खडा गरिएको छ भन्ने कुरा के हो। यस्तो हो भने स्वतन्त्र राष्ट्रको लागि यो दुर्भाग्य हो। यो कुरालाई सरकारले कहाँ के गर्नुपर्छ correction गर्नुपर्छ। किन हाम्रो योजना हामीले धन्यवाद।

**सम्माननीय अध्यक्ष**:- माननीय अनिता देवकोटा। समय ७ मिनेट। त्यसपछि माननीय ईन्दु कडरिया।

(१४:२७ बजे) **माननीय श्री अनिता देवकोटा (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्षज्यू, विनियोजन विधेयक, २०८१ को सिद्धान्त र प्राथमिकतामा हामी छलफल गर्दै छौं। सर्वप्रथम त म अर्थमन्त्रीज्यूलाई हार्दिक आभार प्रकट गर्न चाहन्छु। विनियोजन विधेयकका सिद्धान्त र

प्राथमिकताहरू समयमै आओस् र हामीले दिएका सुझावहरू नीति तथा कार्यक्रममा सम्बोधन हुन सकुन्। नीति तथा कार्यक्रमले फेरि बजेटलाई पछ्याओस्। र बजेट यो सांसदले हामीलाई बनाएको हो भन्ने ownership feel होस्, अपनत्व होस् भन्ने हिसाबले यसमा सुधार गरिनुपर्छ भनेर विगतको ०८० को सिद्धान्त र प्राथमिकताको छलफल गर्ने क्रममा हामीले त्यो सुझावहरू दिएका थियौं। अर्थमन्त्रीज्यूले यसलाई बडो गम्भीरताका साथ लिएर अहिले ३ महिना बजेट, ३ महिनाअगाडि नै यो सिद्धान्त र प्राथमिकतामा छलफलको रूपमा ल्याउनुभएको छ। र हामी सांसदहरूले कति प्रभावकारी रूपले छलफल गर्छौं, सुझाव कति महत्त्वपूर्ण दिन सक्छौं र अनि नीति तथा कार्यक्रम र बजेटहरूले हामीले सोचेअनुरूपको लक्ष्य हासिल गर्न कसरी सक्छन् भन्ने कुरा हाम्रो सुझावमा भर पर्छ भन्ने मलाई लाग्छ। त्यसैले हाम्रो सीमित स्रोत र साधनहरूलाई नागरिकको सरोकारको विषय कसरी बनाउने हो? यो अहिले महत्वपूर्ण रूपमा रहेको छ। ३ महिनाअगाडि नै अहिले हामी सिद्धान्त र प्राथमिकतामा छलफल जुटिरहेका छौं।

अहिलेको स्थिति अत्यन्त सोचनीय अवस्थाको स्थिति छ। चालु खर्चको भार अत्यधिक बढ्दै जानु, पुँजीगत खर्च र राजस्व सङ्कलन सामर्थ्यता गिर्दै गएको छ, अब सुधार नगरी हुँदैन। चालु खर्च र ऋणभार कम गर्दै जाने, पुँजीगत खर्चको प्रभावकारिता कसरी बढाउन सकिन्छ भन्ने कुरामा हाम्रो ध्यान जान जरुरी हुन्छ। त्यसैले तत्काल आर्थिक वृद्धि बढाउनको लागि उत्पादनलाई बजारसँग जोड्न आवश्यक रहेको छ। अहिले युवाहरू बेरोजगार छन्। युवाहरू विदेश पलायन भएका छन्। त्यसैले युवाहरूलाई स्वरोजगारको रूपमा मुलुकमै, स्वदेशमै कसरी रोजगारीको रूपमा हामीले युवाहरूलाई परिचालन गर्छौं र उत्पादन गरेका चिजहरूलाई कसरी बजारीकरणमा ल्याउन सक्छौं, त्यो महत्वपूर्ण कुराहरू हुन्छ। युवा पलायन भए भने एउटा जनसङ्ख्याको रूपमा, जुन उर्वर युवा हो त्यो पलायन भयो भने जनशक्ति पलायन हुन्छ र देशको अर्थतन्त्र पनि धराशायी हुन्छ। त्यसैले युवालाई कसरी जोड्न सक्छौं भन्ने कुराको महत्त्वपूर्ण रहन्छ भने मलाई लाग्छ।

र अर्थमन्त्रीज्यूले निजी क्षेत्रलाई आर्थिक विकासको इन्जिनका रूपमा विकास गर्न आवश्यक छ। नीतिगत प्रबन्ध गरी अनुकूलन वातावरण बनाइने विषय पनि आगामी बजेटको प्राथमिकतामा पार्नुभएको छ। औद्योगिक क्षेत्रहरूको पूर्ण क्षमता सञ्चालन गर्नको आवश्यक सहयोग, समन्वय, सहजीकरण गरिने, उद्योग सञ्चालन आवश्यक जग्गा प्राप्ति प्रक्रियालाई सरलीकरण गरिने छ भन्ने कुराहरू पनि प्राथमिकतामा परेका छन्। बन्द भएका सार्वजनिक संस्थाहरूलाई निजी क्षेत्रको सहभागितामा सञ्चालन गर्ने कुराहरू पनि यहाँ आएको छ। सन् २०३० सम्म हासिल गर्नुपर्ने दिगो विकासका लक्ष्यहरूलाई, विषयवस्तुहरूलाई प्राथमिकताका

साथ लिने हो भने अर्थतन्त्रका धेरै आयामहरूलाई समेट्न सकिन्छ भन्ने मलाई लागेको छ। त्यतातर्फ अर्थमन्त्रीज्यूको ध्यान जाने छ भन्ने मलाई लागेको छ। त्यसैले अर्थतन्त्रको यो मन्दीको बेला अहिले राम्रा कार्यक्रमहरू ल्याएर क्रमभङ्गता गर्ने बेला छ। यो अवसर र चुनौतीमा अर्थ मन्त्रीज्यूले आफूलाई उभ्याउन सकेर यो चुनौतीलाई अवसरको रूपमा परिणत गर्न सक्नुहुने छ भन्ने मलाई लागेको छ।

अर्को, योभन्दा अगाडिको ०८० को यो सिद्धान्त र प्राथमिकतामा रासायनिक मल कारखाना खोल्ने प्रक्रिया अगाडि बढाइने छ भन्या छ। अहिले पनि त्यही बुँदामा आएको छ। त्यसैले म अर्थमन्त्रीज्यूलाई सोधन चाहन्छु, यो ०८० मा पनि अगाडि बढाइने छ भन्ने आयो, अहिले पनि अगाडि बढाइने छ भन्ने आयो, यो अगाडि बढ्यो कि बढेन? बढ्ने सम्भावना छ कि छैन? भन्नेतर्फ पनि म ध्यान दिन चाहन्छु।

त्यसै गरी कृषि आधुनिकीकरण तथा व्यवसायीकरणका कुराहरू जबसम्म कृषिलाई हामी, कृषिलाई उत्पादकत्वसँग जोड्नको लागि सिँचाइ, मल, बिउबिजन र यान्त्रिकीकरणका कुराहरू हुन्छ। अहिले त्यो सिँचाइका कुरा, अनि बिउबिजनका कुरा, उन्नत बिउबिजनका कुरा र यान्त्रिकीकरणसँग जोड्नलाई पनि यसलाई प्राथमिकतामा राखिनुपर्छ भन्ने मलाई लागेको छ। र त्यसै गरी कृषि क्षेत्रको सिपयुक्त जनशक्ति कृषि उद्यमीलाई गुरु किसानको रूपमा विकास गरी उद्यमी बनाउन चाहने युवाहरूलाई प्रोत्साहन गरिने छ भनेर कृषि बजार प्रवर्धनमा पनि यहाँ प्राथमिकताका साथ आएको छ।

त्यसै गरी पोखरा भैरहवा अन्तर्राष्ट्रिय विमानस्थललाई पूर्ण सञ्चालनमा ल्याउने, कहाँ कहाँ समस्या छन्, ती समस्याहरूलाई समाधान गरेर पूर्ण रूपमा त्यसलाई सञ्चालनमा ल्याउने कुराहरू पनि यहाँ आएका छन्। र पर्यटन विकासलाई पनि रोजगारीसँग जोड्ने कुराहरू आएको छ। र यसैसँग म के निवेदन गर्न चाहन्छु भने, दाङको सबभन्दा अग्लो त्रिशुलको रूपमा रहेको पाण्डवेश्वर महादेव विश्वकै ठुलो त्रिशुलको रूपमा छ। त्यसलाई पनि विश्व सम्पदा सूचीमा राखेर यो पर्यटन विकासको आधार स्तम्भ बनाउनको लागि म हार्दिक अनुरोध गर्न चाहन्छु।

त्यसै गरी हाम्रा राष्ट्रिय गौरवका आयोजनाहरू विकास निर्माणका आधारशिला हुन्। यिनी समयमै सम्पन्न नहुँदाखेरि हाम्रो आधारशिलाहरू खलबलिएको अवस्था छ। त्यसैले समयमै सम्पन्न गर्नको लागि पनि अहिलेको बजेटले प्राथमिकता तय गर्ने छ भन्ने मलाई लागेको छ।

र लुम्बिनी प्रदेशकै राजधानी भएको दाङमा एयरपोर्ट, टरिगाउँ एयरपोर्टलाई स्तरोन्नति गर्ने कुराहरू त्यो पटक पटक आएको छ तर बजेटमा समावेश हुन सकेको छैन। त्यतातर्फ पनि

सरकारको ध्यान जाने छ भन्ने लागेको छ। संस्कृत विश्वविद्यालयको सर्वाङ्गीण विकास, बौद्ध विश्वविद्यालयको सर्वाङ्गीण विकास र हाम्रा राष्ट्री स्वास्थ्य विज्ञान प्रतिष्ठानको पठनपाठनका कुराहरूलाई पनि अहिलेको बजेटले समेटेर अगाडि बढाउनुपर्छ। र रुग्ण उद्योगहरूलाई पुनः सञ्चालनमा ल्याएर उद्योगहरू सञ्चालन गर्ने र युवाहरूलाई स्वदेशमै स्वरोजगारीको रूपमा लगाउनको लागि हाम्रा विशेष कदमहरू चलाउनुपर्छ भन्ने आफ्नो धारणा राख्दै बिदा हुन्छु। धन्यवाद। जय नेपाल।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय इन्दु कडरिया। समय ६ मिनेट। त्यसपछि माननीय भैरव सुन्दर श्रेष्ठ।

**(१४:३४ बजे) <u>माननीय श्री इन्दु कडरिया (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्ष महोदय, आज हामी अर्थमन्त्री डाक्टर प्रकाश शरण महतले मिति २०८० फागुन १४ गते प्रस्तुत गर्नुभएको सरकारको विनियोजन विधेयक २०८१ का सिद्धान्त र प्राथमिकता सम्बन्धी छलफलमा छौं। नेपालको अर्थतन्त्र चुनौतीपूर्ण अवस्थामा छ बढ्दो अनुत्पादन खर्च कमजोर पुँजीगत खर्च, खुम्चदो रोजगारीका अवसर, बढ्दो व्यापार घाटा, युवा श्रमशक्ति पलायन, आन्तरिक बसाईसराई जस्ता देशका प्रमुख समस्यालाई सम्बोधन गर्ने गरी बजेटका प्राथमिकता र सिद्धान्तमा तोक्नु अपरिहार्य छ। सम्माननीय अध्यक्ष महोदय, विगतका परम्परा तोडेर आर्थिक वर्ष २०८१ को बजेट पेस गर्नु तीन महिना पूर्व नै अर्थमन्त्रीज्यूले विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता प्रस्तुत गर्नु अत्यन्त सकारात्मक छ। अर्थमन्त्रीज्यूले देशको वर्तमान अर्थतन्त्रको अवस्था चित्रण गर्ने क्रममा लगानी अनुकूल भएको पुँजीगत खर्चको प्रभावकारिता वृद्धि भएको राजस्व सङ्कलनमा उल्लेख्य वृद्धि भएको जस्ता अवस्था चित्रण गर्नुभएको छ। अर्थतन्त्रका सूचकाङ्क कमजोर छन् सरकार सुशासनमा चुकेको छ भ्रष्टाचार बढेको छ। जनतामा निराशा छाएको छ। सरकारले पेस गरेका बजेटमा सिद्धान्त पूरा नै शब्दजाल र नागरिकलाई अलमल्याउने खालको रहेको छ। सरकारको कार्यान्वयन क्षमता अझ घटेर गएको आयात निर्यात असन्तुलन वित्तीय क्षेत्रमा समस्या छन्। रोजगारीमा सुधार भनिएको छ तर युवा जनशक्ति पलायन छन्। युवा जनशक्ति पलायन बढिरहेको छ यो विरोधाभास रहेको छ। अर्थमन्त्रीज्यूले प्रस्तुत गर्नुभएको र हामीलाई वितरण गरिएको बजेट सिद्धान्त र प्राथमिकता सम्बन्धी पुस्तकको पृष्ठ ३ मा लेखिएको छ औद्योगिक उत्पादन र वित्तीय क्षेत्र अन्तर्गत सहकारी तथा लघुवित्त उक्त संस्थामा समस्या छन्। प्रविधिमा आएको परिवर्तनले राजस्व सङ्कलनमा चुनौती थपिएको छ।

सार्वजनिक ऋणको दायित्व भुक्तानीमा बर्सिने ठुलो रकम छुट्याउनुपर्ने अवस्था  आगामी एक वर्ष खर्ब छुट्याउनुपर्ने अवस्थालाई कसरी सम्बोधन गर्ने भनेर प्रष्ट बोल्नुभएको छैन। बजेट प्राथमिकताका थुप्रै विषय भए पनि म जम्मा तीनवटा विषयमा मात्र आफ्नो सुझाव राख्न चाहन्छु। सम्माननीय अध्यक्ष महोदय अर्थमन्त्रीज्यूले प्रस्तुत गर्नुभएको बजेटको सिद्धान्त र प्राथमिकतामा संविधानले प्रत्याभूत मौलिक हक सम्बन्धी संविधानले नै निर्दिष्ट गरेका राज्यका सिद्धान्तलाई मार्गदर्शकको रूपमा लिएको लिएको छु भनिएको छ यो अत्यन्त राम्रो हो तर जनताको मौलिक हकसँग जोडिएको खाद्य सुरक्षा र खाद्य सम्प्रभुता, रोजगारी आयात प्रतिस्थापन, औद्योगिकरणको लागि चाहिने कच्चा पदार्थ उत्पादनका लागि कृषि जो आफ्नो देशको पूँजी र लगानीले  आर्थिक वृद्धि हासिल गर्न सम्भव छ। त्यसको कृषि पर्यटन र विकासलाई पहिलो प्राथमिकता राख्नको लागि म अर्थमन्त्रीज्यूलाई सुझाव दिन चाहन्छु। अब दोस्रो नम्बर बुँदामा देशको युवा पलायन र बसाई सराईले गर्दा मध्य पहाड रित्तो हुने अवस्थामा छ। उर्वर पहाड बाझो रहेको छ। बाँदर र बदेल आतंकले किसानलाई सताएको छ। मध्य पहाड पशुपालनको लागि प्रचुर सम्भावना भएको क्षेत्र हो। मध्य पहाडको जीविकोपार्जन मुख्य स्रोत देशको अर्थतन्त्रमा महत्वपूर्ण योगदान गरेको डेरी उद्योग एवं पशुपालक कृषक अहिले संकटमा छन्। त्यसको अर्थतन्त्र चलायमान बनाउने पहाडको बसाइलाई सराई रोक्ने र रोजगारी सिर्जना गरी युवा विदेश पलायन हुनबाट रोक्न सक्ने मध्य पहाडको बस्ती र पशुपालन व्यवसाय जोगाउन अपरिहार्य छ अनिवार्य छ। वर्तमान सरकारका प्रधानमन्त्री चीन भ्रमण जाँदा नेपालबाट चीन चीनमा भैंसीको मासु निर्यात गर्ने सम्झौता पनि भएको छ। तसर्थ म अर्थमन्त्रीज्यूलाई भैंसीको मासु निर्यात गर्न र देशमा अर्थतन्त्रमा योगदान पुर्‍याउने महत्वपूर्ण मानिएको पशुपालन अन्तर्गत भैंसी पालन मार्फत देशमा अर्थतन्त्रमा योगदान पुर्‍याउनका लागि मध्य पहाडी लोकमार्ग डेरी मिसन परियोजना बजेटको प्राथमिकताको नयाँ प्रोजेक्ट बनाउन म अर्थमन्त्रीज्यूलाई सुझाव राख्न चाहन्छु। यसैगरी अर्को तेस्रो नम्बर बुँदामा संविधानमा जनताको मौलिक हकसँग जोडिएको शिक्षा सम्बन्धी अर्को बुँदामा भनिएको छ प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहको शिक्षा निःशुल्क पाउने हक हुनेछ अहिले भनिएको छ तर अहिले अवस्था फरक छ शिक्षामा विभेद छ के सबै जनताका छोराछोरीले माध्यमिक तहसम्म निःशुल्क पढ्न पाइरहेका छन् त? छैनन् बच्चाहरू महँगो निजी विद्यालयमा पढ्नुपरेको छ। त्यसै गरी उच्च शिक्षामा सरकारी कलेज र निजी कलेजको शिक्षामा असमानता छ जब  शिक्षामा यो विभेद जारी रहन्छ यसले समाजमा असमानता र द्वन्द बढाउछ त्यसैले अर्थमन्त्रीज्यूले प्रस्तुत गर्नुभएको आगामी बजेटका सिद्धान्त र प्राथमिकता जनताको मौलिक हकसँग जोडिएको शिक्षा सम्बन्धी हकलाई कार्यान्वयन गर्नका लागि आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक

तहसम्मको शिक्षा निःशुल्क पाउने व्यवस्था गर्न आगामी बजेटको प्राथमिकतामा परोस् भनी म अध्यक्षमार्फत अर्थमन्त्रीज्यूको ध्यानाकर्षण गराउन चाहन्छु। धन्यवाद।

**<u>सम्माननीय अध्यक्ष</u>** :- माननीय भैरव सुन्दर श्रेष्ठ समय १० मनेट। यसपछि माननीय राममचन्द्र राई।

(१४:४० बजे)**<u>माननीय श्री भैरव सुन्दर श्रेष्ठ (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्षज्यू, अध्यक्षज्यूको अनुमतिले माननीय अर्थमन्त्रीज्यूले यही फागुन १४ गते आर्थिक वर्ष ०८१/०८२ को लागि विनियोजन विधेयकका सिद्धान्तर र प्राथमिकता यहाँ पेस गर्नुभएको थियो। म त्यसैका विषयमा आफ्ना केही कुराहरू राख्न चाहिँ चाहन्छु। मैले माननीय अर्थमन्त्रीज्यूको अनुपस्थिति छलफल छलफल नगर्दिनुस् भन्ने कुरा राखेको चाहिँ थिए। र हाम्रो सम्माननीय अध्यक्षज्यूले मन्त्रीज्यू आउँदै हुनुहुन्छ भन्ने कुरा भएपछि हामीले कुरा अगाडि बढाएको चाहिँ थियौं। जे होस् आउनुभयो यसको निम्ति म चाहिँ धन्यवाद दिन चाहन्छु। र मैले यो बजेटको प्राथमिक र सिद्धान्तका विषय माथि, सिद्धान्त र प्रथमिकता राखु भन्दा पहिले सम्माननीय प्रधानमन्त्रीज्यूले गत वर्ष नीति र कार्यक्रमको सन्दर्भमाथि आफ्ना कुराहरू राख्ने त्यसको जवाफ प्रश्नको जवाफ दिने सन्दर्भमा उभिएर आगामी वर्षदेखि सिद्धान्त तथा प्राथमिकताका सवालमाथि तपाईहरूलाई पर्याप्त समय दिने छ भन्ने कुरा आफ्नो चाहिँ भएको चाहिँ थियो। जे भएपनि यो पटक ८१/८२ को बजेटका सन्दर्भमाथि हामीले छलफल चाहिँ तीन महिना अगाडि छलफल गर्ने, यसको निम्ति म सम्माननीय प्रधानमन्त्रीज्यू र अर्थमन्त्रीज्यूलाई धन्यवाद दिन चाहन्छु। अब यो बजेटका सिद्धान्त र प्राथमिकता राखिरहँदा माननीय मन्त्रीज्यूले यो किताबमा लेख्नुभएको चाहिँ छ। एकातिर धेरै कुराहरू बजेटले भोग्नु परेका समस्याहरूका सन्दर्भमा थुप्रै कुराहरू लेख्नु चाहिँ भएको चाहिँ छ। राजस्व उठिरहेको चाहिँ छैन। त्यो जति उठेको छ त्यसले अनिवार्य दायित्व समेत धान्न सकिरहेको छैन भन्नुभएको चाहिँ छ। सार्वजनिक ऋणको चाहिँ दायित्व जो तिर्नुपर्ने त चाहिँ छ त्यो आगामी आर्थिक वर्भमा करिब एक अर्ब रुपैयाँ भन्दा अझ बढी त्यो बजेट चाहिँ विनियोजन गर्नुपर्ने अवस्था छ भन्नुभएको छ। गत वर्षमा लगाएका ठेक्काहरूको भुक्तानी यहिले सम्म गर्न सकिएको छैन। त्यसको पनि दायित्व चुनौतीको रूपमा हाम्रो सामु चाहिँ छ भन्नुभएको छ। भर्खरै दायित्वको रूपमा रुकुम पश्चीम लगायतको जिल्लाहरूमा गएको, त्यसबाट पूर्णनिर्णमानको निम्ति पनि बजेट निकै ठुलो मात्रामा लाग्ने कुरा पनि गर्नुभएको छ। यी यस्तै कुराहरू राखेर र अर्को कुरो के भन्दाखेरि बजेट फेरि बजेटहरूलाई

यति समस्याहरू राखिरहँदा बजेट चाहिँ एउटा लयमा आएको छ भन्ने कुरा राखुभएको चाहिँ छ। त्यो लय यो कितावमा पढ्दा र यी कुनै पनि सूचाङ्कले बजेट चाहिँ राम्रो लयमा आएको देखिँदैन। के हो भन्ने एउटा remittance चाहिँ पैसा मात्र देशमा बढेको छ। त्यो remittance को चाहिँ पैसा देखाएर सरकारले बजेट लयमा ल्याएने कुराहरू आएको चाहिँ कुराहरू भन्नुहुँदैन भन्ने कुराहरू त्यो सुझाव लाख्न चाहिँ चाहन्छु। बरु यो बिग्रेको कुराहरूलाई जो चुनौती हाम्रो सरकारले वेहोरीरहेको छ। त्यो आर्थिक मन्दी चिर्नका लागि हाम्रो कार्यक्रमहरू के हुन्न सक्छन् भन्ने विषयमाथि बढी ध्यान दिनुपर्ने हुन्छ। र यी कुराहरू गरिरहदा यी चुनौतीहरू चिर्नका निम्ति सरकारले आफ्नो गन्तव्य प्रष्ट त्यो चाहिँ राखु चाहिँ पर्छ। गन्तव्य कता कता अलमलिएको जस्तो, जनतालाई फेरि पनि झुक्यानुको गरी यो चाहिँ करिब २९ ओटा बुँदामा समेटिएको यो सिद्धान्त र प्राथमिकता हेर्दाखेरी निकै अलमलिएका कुराहरू, जनतालाई भ्रम पर्ने खालका कुराहरू यसमा उल्लेख छन्। भ्रम यस माने कि यसमा लेखिएको कुराहरू पुरा हुनै सक्दैन। ती कुराहरू लेखिएको चाहिँ छ, यसो नलेख्दा हुन्थ्यो भने म सुझाव राख्न चाहिँ चाहन्छु। जुन चिज गर्नुपर्ने हो ती मात्र लेख्दा हुन्छ। र अर्को कुरा माननीय अर्थमन्त्रीज्यूले यो गत वर्ष ८० .. यो २०८०/८१ सिद्धान्त र प्राथमिकता माथि त्यतिखेर कृषिलाई एक नम्वरमा राखुभएको चाहिँ थियो। औद्योगिक र व्यापार प्रवर्धन विकासलाई दुई नम्बरमा चाहिँ थियो। शिक्षा स्वास्थ्य तथा सामाजिक क्षेत्रलाई तीन नम्बरमा राखुभएको चाहिँ थियो। भौतिक पूर्वाधारलाई ४ नम्बरमा थियो। र जलविद्युत्लाई ५ नम्बरमा राखुभएका चाहिँ थियो र लगायतका अरू पनि थियो। र अहिले एकाएक आइपुग्दा यो जलविद्युत् ५ बाट १ मा आएको छ, कृषिलाई २ मा राखिएको चाहिँ छ र पर्यटन ... राखेको म चाहिँ यसमा धेरै कुरा गर्न चाहन्न। एकातिर हामी बजेटको यी कुराहरूलाई निकै ठुलो व्यापार घाटा हामीले वेहर्नुपरेको छ  र देशको अर्थ व्यवस्था निकै डामाडोल चाहिँ छ। यसलाई लयमा ल्याउनको निम्ति कस्तो खालको कार्यक्रम अघि सार्दा देशमा चाहिँ एउटा पुजीको निर्माण चाहिँ हुन्छ। र देशले चाहिँ अर्थ व्यवस्था राम्रोसँग अङ्गालिन सक्छ भन्ने कुरा  त्यो भनेको त्यो घाटा व्यापार घाटा पुरा गर्नका निम्ति सबैभन्दा पहिले कृषिबाटल बाहेक अर्को बाट हामी जान सक्दैनौं। विद्युत् त्यो पनि आर्थिक विकासको चाहिँ मेरुदण्ड हो तर त्यो चाहिँ विद्यूत निर्माण गर्नका निम्ति केहीं समय लाग्छ। दुई वर्ष, चार वर्ष यो दुई तीन वर्षमा पुरा हुने चिज यो चाहिँ होइन। त कृषिमा लगानी गर्यौं भने कृषिले बढीमा ३ महिना, ६ महिनाकै अवधिमा उत्पादन दिन सक्छ। त्यसले गर्दाखेरी कृषिलाई चाहि १ नम्वरमा राखु पर्थ्यो। तपाईंकै अर्थमन्त्री कार्यकालमाथि १ नम्बरमा राखेको कृषि क्षेत्रलाई २ नम्वरमा राखु भएको चाहिँ छ। फेरि पनि अब कृषिमा गर्ने कुरा के हो त?  कृषिलाई वैज्ञानिकरण गर्नेलाई, कृषिलाई आधुनिकीकरण गर्ने कुराहरू, कृषिको व्यवसायिकरण गर्ने कुराहरू, मल, विउ,

औँजारको व्यवस्था गर्ने कुराहरू, सहुलियत दरमा ऋण दिने किसानहरूलाई र पूर्वर्ती सरकारले ल्याएका certificate कुनै पनि कृषकले आफुसँग certificate छ भने त्यो certificate बैंकमा राखेर loan पाउने जुन खालको पुर्वर्ती सरकारले लिएर आएको चाहिँ थियो, त्यो कार्यक्रमको निरन्तरता र बाझो जमिनलाई कसरी उपयोग गर्ने र कृषिलाई बीमा गर्ने आवत लगायतका क्षेत्रमाथि माननीय अर्थमन्त्रीज्यूले ध्यान जानुपर्छ भने कुराहरू म यहाँ राख्नु चाहिँ चाहन्छु। र विद्युत् खपत के हो भन्दा विद्युत् १ नम्वरमा राख्नु चाहिँ भएको छ। र विद्युत्को विषयमा के हो भने विद्युत् अन्तर देशीय प्रसारण लाइन चाहिँ बनाएर बुधित भारतलाई विक्रि गर्ने नाममाथि नेपालका सबै क्षेत्रहरूलाई माइन भन्ने कुराहरू गर्नु हुँदैन भन्ने कुराहरू राख्न चाहन्छु। नेपालमा विद्युत् प्रसस्त मात्रमा प्रयोग हुने क्षेत्रहरू चाहिँ छन्। ती क्षेत्रहरू भनेका कृषि क्षेत्रमाथि हामी विद्युत् लगाउन सक्छौं, घरायसी खपतमा चाहिँ विद्युत् लगाउन चाहिँ सक्छौं, उद्योगमा लगाउन चाहिँ सक्छौं, यातायातको क्षेत्रमाथि विद्युत् लगाउन चाहिँ सक्छौं, सूचना र प्रविधिको क्षेत्रमा विद्युत् लगाउन चाहिँ सक्छौं यस्ता थुप्रै चाहिँ क्षेत्रहरू चाहिँ छन् त्यसले गर्दाखेरी विद्युत् उत्पादन गर्न र त्यो आन्तरीक व्यवस्थापनमा जोड दियो भने हामीसँग उब्रेको विद्युत्बाटै अन्तरदेशी प्रसारण लाइन मार्फत चाहे त्यो भारतलाई होस्, चाहे त्यो चीनलाई होस्, बंगलादेशलाई होस् विक्रि गर्ने कुरा चाहिँ हुन्छ। हामी सुनिरहेका छौं दश वर्षमा दश हजार भेगावाट यो hypothesis कुराहरू कुन चाहिँ आयोजनाबाट, कुन चाहिँ विद्युत् आयोजनाबाट त्यो गर्ने हो। हाम्रो मित्र देश छिमेकी देश भारतले तमाम आयोजनाहरू विद्युत् उत्पादन गर्नका निम्ति तमाम आयोजनाहरू चाहे त्यो upper कर्णाली होस्, चाहे त्यो पश्चिम सेतो होस्, चाहे त्यो अरूण तेस्रो होस लगायतका थुप्रै ठाउँमा उसल् hold गरेको छ। ती आयोजनाहरू अब upper कर्णालीका विषयमा JMR company ले लिएको थियो , अर्को कसैलाई दिएको थियो भन्ने कुराहरू हामीले सुनेको छौं। यही गर्दाखेर भारतले मात्रै विद्युत् उत्पादन गर्छ र हाम्रो विकास र रमृद्धिको आधार तयार हुन्छ भन्ने कुरा कदापी मान्न सकिदैन। हामी हौं भन्दा छिमेकी देशहरू हुन् र नेपालका विद्युत् उत्पादन गर्दा नेपालमै खपत गरेर, बरु ती खपत हुने ठाउँ के हुन सक्छ भने मैले अघि भने ती क्षेत्रमा हाम्रो ध्यान गयो भने निश्चित पनि देशले विकासको फड्को मार्नसक्छ र सृमृद्ध नेपाल सुखी नेपालीको ती महान त्रायामा हामी जान सक्छौं। यो पूर्वर्ती सरकारले ल्याएको नारा हो भनेर हामी गयौं भनेपछि सुखी नेपलीको परिकल्पना, देशमा सुखी नेपालीको परिकल्पना नगर्ने को छ। त्यसैले सृमृद्ध नेपाल सुखी नेपालीको परिकल्पना गर्नको निम्ति यी साधान स्रोतलाई, प्रकृतिक साधन स्रोतलाई देशको पक्षमा उपयोग हुनेगरी हामी कार्य गर्नुपर्छ भने कुरा राख्न चाहिँ चाहन्छु। र अहिले हामीले देखिरहेका छौं कि अहिले सम्म सार्वजनिक खर्च, पुजीगत खर्च २५% अघि माननीय मन्त्रीज्यूले भन्नुभएको थियो। त्यसैगरी

राजस्व संगल अहिलेसम्म आइपुग्दा ४५% पनि नाघ्न सकेको छैन। र यो पूर्वपर्ती सरकारले निर्माण गरेका सुरु गरेका ती ठुलठुला समृद्ध नेपाल, सुखी नेपालीको लक्ष्यलाई पुरा गर्नेका निम्ति ठुलठुला आयोजना सुरु गरेको थियो। ती आयोजनाहरूलाई आज continuity दिएको भए, त्यसको निरन्तरता दिएको भए हामी धेरै अगाडि गएका हुनसकथ्यौं। त्यसैले म चाहन्छु पन्ध्रौं पञ्चवर्षीय योजनाले दिगो विकासका लक्ष्यहरू पुरा गर्नेगरी हाम्रो सिमानामा ती कुराहरू उल्लेख गरेका थिएँ र पन्ध्रौं पञ्चवर्षीय योजनाले ती कुरा लक्षित गरेको थियो। सन् २०२६ मा यो देशलाई हामी लिंदैछौं भन्दाखेरी एउटा विकासशिल राष्ट्रको रूपमा चाहिँ हामी सन् २०३० सम्म लिने कुरा हामी चाहिँ गरिरहेका छौं। यो सन् २०२६ मा एउटा विकासशिल राष्ट्रमा उन्नति गर्ने कुरा चाहिँ छ। सन् २०३० मा चाहिँ मध्य स्तरको राष्ट्र चाहिँ निर्माण गर्ने कुरामा चाहिँ छ। सन् २०४० एउटा विकसित राष्ट्र बनाउने कुराहरू हामीले चाहिँ गरिरहेका छौं। अद्यपि सन् २०३० सम्म हामीले चाहिँ राखेका छौं। यसले गर्दा अहिलेको सिद्धान्त र प्राथमिकतामाथि दिगो विकास लक्ष्यलाई अघि सारेका लक्ष्य र कार्यक्रमलाई मात्रै राखदिएको भए पनि धेरै कुराहरू सहज हुनसक्थ्यो। त्यो भन्दा पर आफूले धान्नै नसक्ने कुराहरू राखेर चाहिँ एउटा भ्रमित पार्न तर्फ चाहिँ हामी जान हुँदैन। यससम्बन्धी मैले आफ्नो सुझावहरू हाम्रो अध्यक्षज्यूमार्फत माननीय मन्त्रीज्यू, वर्तमाण सरकारलाई यो सुझावहरू राख्न चाहिँ चाहन्छु। र यो समय थुप्रै कुराहरू गर्नपर्ने चाहिँ थियो तर पनि यति कुराहरू राख्दै आफ्ना भनाइलाई टुङ्ग्याउँछु। धन्यवाद।

<u>**सम्माननीय अध्यक्ष**</u>:- माननीय रामचन्द्र राई। समय ८ मिनेट। त्यसपछि माननीय विना पोखरेल।

(१४:५१ बजे)<u>**माननीय श्री रामचन्द्र राई (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**</u>:- सम्माननीय अध्यक्षज्यू, हामी ०८१/०८२ को बजेटको सिद्धान्त र प्राथमिकताका सन्दर्भमा आफ्ना कुरा राख्नको लागि यहाँ छौं। बजेटको प्राथमिकता र सिद्धान्त आइरहँदाखेरि यसले त्यो सरकारको नीति कार्यक्रमलाई पनि पछ्याउनुपर्छ होला, पछ्याओस्। त्यसपछि त्यो नीति कार्यक्रम सँगसँगै जोडिएर बजेट आउँछ, बजेटलाई पनि यसले सम्बोधन गरोस्, त्यसै गरी जाओस्। हामी चाहन्छौं गत साल ४ वटा जिल्लामा बजेट केन्द्रित भो' भनेर दुईटै सदनमा कुरा उठेको थियो। त्यस्तो दुर्दशा फेरि नहोस्। यो प्राथमिकता यसले तय गरेको छ। त्यो प्राथमिकतामा रहेर कम्तीमा पनि गत सालको समस्याबाट शिक्षा लिंदै त्यसलाई शिक्षा बनाएर आगामी वर्षमा चाहिँ अझ बढी

कसरी फलदायी बजेट दिन सकिन्छ, कसरी जनताका हित गर्न सकिन्छ भन्ने पाटोमा यो जाओस्। त्यसमा आधारित भएर यो ल्याएको छु भनेर सरकारले भनेको छ। मैले यहाँ थोरै कुरा गर्नुपर्छ। लोकतान्त्रिक मूल्य मान्यतामा आधारित समाजवादप्रति प्रतिबद्ध रही समृद्ध राष्ट्र निर्माण गर्ने संविधानको प्रस्तावनामा भन्छ। समाजवादप्रति प्रतिबद्ध रहने, समाजवादप्रति उन्मुख हुनको लागि बजेटको दिशा वा यो प्राथमिकता र चाहिँ सिद्धान्तको दिशा कता हुनुपर्छ होला? हामी धेरै यहाँ कम्युनिष्ट पार्टीका सदस्यहरू छौं। अरू साथीहरू नि हुनुहुन्छ, उहाँहरूलाई पनि थाहा छ कि यो समाजवादप्रति उन्मुख हुनको लागि वस्तु र सेवा सरकारबाट जानुपर्छ धेरै। यदि वस्तु र सेवा सरकारले सरकारको नियन्त्रणमा गयो भने, सरकारले बाँडिदियो भने समाजवादतिर जान्छ। यदि त्यो वस्तु र सेवा चाहिँ निजी क्षेत्रबाट गयो भने त्यो चाहिँ पुँजीवादतिर जान्छ। संविधानको बर्खिलापमा हुने गरी अहिले यो चाहिँ प्राथमिकता अब के भन्छ भने यसले निजी क्षेत्रलाई आर्थिक विकासको इन्जिनको रूपमा विकास गर्ने। ठिक छ, गर्नुपर्छ। के निजी क्षेत्र साँच्चै नेपाली जनताका आवश्यकतालाई सम्बोधन गर्ने गरिने क्षेत्रको, त्यो हैसियत बनाइसकेको छ? त्यो उनको त्यो स्थिति छ अहिले?

मलाई यहाँ यही बेलामा एउटा कुरा जोडिहाल्छु म। निजी क्षेत्रलाई वास्तवमा नेपाली आवश्यकतालाई परिपूर्ति गर्ने गरी निजी क्षेत्रलाई विकास गर्नुपर्छ। त्यो खालको विकास निजी क्षेत्र विकास भइसकेको छैन। यही बेलामा सरकार के चाहन्छ, थाहा छैन। हेटौंडामा औद्योगिक क्षेत्र छ, नेपालमा थुप्रै ठाउँमा औद्योगिक क्षेत्र छ, औद्योगिक व्यवस्था समिति, कार्यालयहरू छ। त्यो औद्योगिक क्षेत्रअन्तर्गत रहने उद्योगीहरूले आज जग्गा भाडामा मात्रै ६ सय प्लस प्रतिशत भाडा तिर्नुपर्छ। सम्माननीय अध्यक्षज्यूमार्फत म अर्थमन्त्रीज्यूलाई अनुरोध गर्न चाहन्छु कि त्यसो गरी जग्गाको भाडामा त्यसै गरी ६/६ सय प्रतिशत बढोत्तरी गरेर उद्योगी व्यवसायीहरूलाई सासै फेर्न नदिने गरी उद्योगहरूलाई त्यो अवस्थामा पुर्‍याउने, अनि निजी क्षेत्र विकास कसरी हुन्छ? यसमा ध्यान जाओस्, यसलाई पुनर्विचार गरियोस्। कि कम्तीमा पनि त्यो जमिन भाडाबाट पैसा असुलेर हैन, उद्योगबाट वस्तु उत्पादित गरेर त्यसमा आयकर, अन्तःशुल्क, भ्याट लाग्ने, अनि मजदुरहरूको मजदुरी जाने, त्यसपछाडि पैसा आउने, यताबाट पो पैसाले पनि revenue सङ्कलन गर्न पर्छ त। जमिनको भाडा चाहिँ बढाएर ६/६ सय percent, जमिनको भाडा बढाएर उद्योग ढाड सेकेर उद्योग त विकास हुँदैन। त्यसकारण यस बारेमा सोचियोस् म अर्थमन्त्रीज्यूको ध्यानाकर्षण गराउन चाहन्छु अध्यक्षमार्फत।

म अब अर्को कुरा थप कुरा गर्छु। अहिले धेरै माननीयजीले भनिसक्नुभो', हाम्रो खर्च, सार्वजनिक खर्च कति भ'को छ? भन्यो भने २३ देखि २५ प्रतिशत। आज ८ महिना बित्यो, अब

४ महिना बाँकी छ। ४ महिनामा हामी कति गरौंला? यद्यपि मध्यावधि खर्चको समीक्षाले नै यो पुँजीगत बजेट घटाएर ३ खर्ब प्लसबाट २ खर्ब, साढे २ खर्ब मात्रै बाँकी राख्या छ क्यारे। अनि पुँजीगत खर्चको volume खुइँ खुइँ घटाउने अनि अर्थतन्त्रलाई लयमा फर्काउने, कहाँबाट फर्काउने हो? म अर्थशास्त्री होइन, म त जान्दैन। तर पुँजीगत खर्चको volume स्वारस्वारी घटाउने अनि चालु खर्च बढ्या बढ्यै छ। पोहोरै पनि १७ सय ९३, १७ खर्ब ९३ अर्बको बजेटबाट घटाएर १७ खर्ब ५१ अर्बमा बजेट ल्यायो, जम्मा घटेको बजेट २२ अर्ब मात्रै हो। त्यसमा पुँजीगत खर्चमा मात्रै ७६ अर्ब घटाइयो। अब यसपालि त फेरि अर्को ५० अर्व जति फेरि झारिसक्यो। अब बजेट कस्तो आउँछ? थाहा छैन मलाई। त्यसो भएकोले सरकारले भनाइ र गराइमा एकरूपता ल्याओस्। कम्तीमा पनि पुँजीगत खर्च जबसम्म हामी बढाउन सक्दैनौं, अहिले भाको छैन, बढाउन सक्दैनौं तबसम्म अर्थतन्त्र लयमा फर्कने कुनै खालको बाटो छ र? अहिले फेरि यो खर्च गर्नलाई पनि विदेशी ऋण र अनुदान कति प्राप्त भो'? गत साल ५५ अर्बको थियो, ४ अर्ब जति विदेशी अनुदान प्राप्त भा'को थियो। यसपालि कति हो, थाहा छैन, आउँदै होला, मलाई थाहा छैन। यसपालि पनि २ खर्ब चानचुनको विदेशी ऋणको चाहिँ अपेक्षा गर्‍या होला, कति प्राप्त भो'? कहाँबाट, आन्तरिक ऋण उठाएर, ऋणको ब्याज तिर्नको लागि मात्रै गर्ने हो भने अर्थतन्त्र लयमा फर्कन्छ कसरी? पोहोरदेखि हामी यही भनिरा' छौं, अर्थतन्त्र लयमा फर्किंदै छ, फर्किंदै छ। आज पनि त्यही भनिरहनुभा' छ, अर्थतन्त्र लयमा फर्किंदै छ। कहिलेसम्म फर्कन्छ?

कृषि क्षेत्रलाई हामी साँच्चै विश्वासिलो, भरपर्दो ढङ्गले विकास गर्छौं। कसरी गर्छौं? कुन नीति, कुन नीति, कुन tools प्रयोग गरेर गर्छौं? त्यसमा लगानी कसरी अभिवृद्धि गर्छौं? कुन क्षेत्रबाट गर्छौं? यी कुराहरू नआउँदाखेरि यो प्राथमिकताले प्राथमिकीकरण गर्ने कुराले हामीलाई अलमलमा पारेको छ। यसले सिद्धान्त तय चाहिँ गरेको छ, यसले पनि हामीलाई अलमलमा पारेको छ। हामीलाई अलमलमा नपार्दिनुस्। हामीलाई अलमलमा पार्दिनुभो' भने हामीले बोल्नपर्छ, हामीले बोल्दाखेरि अलमलमै बोल्छौं, अलमलमा बोलेसी जनता झन् अलमलिन्छ, जनता झन् अलमलिएपछि मुलुक चाहिँ आर्थिक समृद्धिको बाटोतिर जान सक्दैन।

त्यसो भएकोले मैले यसमा अन्तमा के भन्छु भन्दा यो प्राथमिकता र सिद्धान्तमा करिब करिब सबै ठाउँमा हुने छ, गरिने छ, हुने छ, गरिने छ भन्या छ। त्यसले गर्दा यसलाई अब बजेट र नीति कार्यक्रमले पनि यसलाई सम्बोधन गरिसकेपछि चाहिँ एउटा आकार देला। तर अहिलेसम्म भन्दाखेरि चाहिँ मैले के भन्न म रुचाउँछु भने यो हुने छ, गरिने छ को पोको हो।

यसलाई पोहोरको प्रतिबद्धतालाई सम्झेर, त्यतापट्टि फर्केर बजेट बनोस्, नीति कार्यक्रम, नीति कार्यक्रम बनोस्। धन्यवाद।

**सम्माननीय अध्यक्ष**:- माननीय विना पोखरेल। समय ५ मिनेट।

(१५:०० बजे) **माननीय श्री विना पोखरेल (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- अध्यक्ष महोदय, माननीय अर्थ मन्त्रीज्यूले आगामी आर्थिक वर्ष २०८१/०८२ को विनियोजन विधेयक सिद्धान्त र प्राथमिकता सदनसमक्ष प्रस्तुत गर्नुभएको छ। हाम्रो पुरानो परम्परालाई यसले तोडेको छ। र सबै माननीय सांसदज्यूहरूमा नयाँ उत्साह पैदा गराई जिम्मेवारी पनि बढाएको अनुभूति मैले गरेको छु। ३ महिनाअगाडि नै प्रि-बजेट छलफलमा सहभागी गराई बजेटमा सांसदहरूको समेत अपनत्व सुनिश्चित गर्ने प्रयत्न गर्नुभएकोमा खुसी प्रकट गर्दै म माननीय अर्थ मन्त्रीज्यूलाई हार्दिक धन्यवाद दिन चाहन्छु। म सुरुमा नै भन्न चाहन्छु कि छलफलले औपचारिकता मात्र पूरा नगरोस्। यहाँ पेस गरिएका विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकताले आउने सरकारको नीति तथा कार्यक्रमसँग मेल खाओस्। साथै नीति तथा कार्यक्रमअनुसार नै बजेट पनि आओस्। काम कुरो एकातिर कुम्लो बोकी ठिमीतिर भने जस्तो नहोस्। यस कुरामा म माननीय अर्थ मन्त्रीज्यूको गम्भीर ध्यानाकर्षण गराउन चाहन्छु।

माननीय अर्थ मन्त्रीज्यूले सदनसमक्ष प्रस्तुत गर्नुभएको आगामी आर्थिक वर्ष २०८१/०८२ को विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकताको पुस्तकमा २९ वटा बुँदाहरू छन्। जसमध्ये ७ नम्बरदेखि १३ नम्बरसम्मका ७ बुँदामा सिद्धान्त र १४ नम्बरदेखि २६ नम्बरसम्मका १३ बुँदामा प्राथमिकताका विषय क्षेत्रको किटान गरिएको छ। विषयवस्तुको हिसाबले समग्र क्षेत्रलाई सिद्धान्त र प्राथमिकताले क्रमबद्ध रूपमा नै समेटेको मैले अनुभूति गरेकी छु। अर्थ मन्त्रीज्यूले ३ नम्बर बुँदामा उल्लेख गर्नुभएका चुनौतीहरूको सामना गर्ने कुरा त्यति सहज होला जस्तो मलाई लाग्दैन। तर, तर पनि हामीले चुनौतीको सामना नगरी पनि सुख पाउँदैनौं। त्यसैले अर्थतन्त्रको सबलीकरण गर्न देखिएका चुनौतीहरूको डटेर सामना गर्ने हिसाबले नै आगामी बजेट आउन सकोस्। बजेटले सिद्धान्त र प्राथमिकतालाई राम्रोसँग समात्न सकोस्। बजेटमा आउने योजनाहरू नेतामुखी होइन नीतिमुखी हुन्, हुन सकुन्। र योजनाहरू कनिका छरे जस्तो नछरिउन्। प्रचारमुखी होइन परिणाममुखी योजनासहितको आओस्। र बजेटले समाजवाद उन्मुख अर्थतन्त्रको लय समात्न सकोस्।

हामी सामाजिक न्यायको कुरा गरिरहेका छौं। किसानहरू गोलभेडा र दुध सडकमा पोखिरहेका छन्। दुधको पैसा नपाएर किसान आन्दोलनमा गइरहेका छन्। बिचौलिया र दलालहरू मोटाइरहेका छन्। यस्तो स्थितिको अन्त्य हुन सकोस्। कृषि प्रधान मुलुक, कृषि हाम्रो प्राथमिकताको प्रमुख क्षेत्र तर कृषिमा सामग्रीहरू उत्पादन र निर्यात अत्यन्तै खस्किरहँदो छ। श्रमशक्ति खेतीयोग्य जमिन बाँझो खेत राखेर पलायन भइरहेको छ। जलविद्युत्मा जसरी हामीले छोटो समयमा नै फड्को मार्‍यौं र विदेशी मुद्रा आर्जन गर्ने हैसियतमा पुग्यौं। त्यसपछि त्यसरी नै कृषि क्षेत्रमा गुणात्मक सुधार ल्याउने यसरी आगामी आर्थिक वर्षको बजेट आउन सकोस्। हवस् त, धन्यवाद।

(१५:०४ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, "आगामी आर्थिक वर्ष २०८१/०८२ का लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकतामाथि सभामा छलफल गरियोस्" भन्ने प्रस्तावमाथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम नसकिएकोले सभाका आगामी बैठकका पूर्व निर्धारित दिनहरूमा समेत छलफल जारी रहने बेहोरा जानकारी गराउँछु।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक २०८० साल फागुन १८ गते शुक्रबार अपराह्न १२ बजेर ९ मिनेटमा बस्ने गरी यो बैठक स्थगित हुन्छ।

(तदनन्तर, अर्को बैठक २०८० साल फागनु १८ गते शुक्रबार अपराह्न १२ बजेर ०९ मिनेटमा बस्ने गरी यो बैठक स्थगित भयो)।

**स्थगितः- १५:०४ बजे।**